# चम्पा उपन्यासमा नारी चेतना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह चौथो सत्रको

शोधपत्र लेखन (५७७) पत्रको प्रयोजनका

लागि प्रस्तुत

**शोधपत्र**

शोधकर्ता

अमृता रेग्मी

रोल नं : २८२६००१

रजिस्ट्रेसन नं : ९-२-६६३-३५-२०१६

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

२०८१

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनका निम्ति, श्री अमृता रेग्मीले *चम्पा उपन्यासमा नारी चेतना* शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । यो शोधार्थीको मौलिक कार्य हो । म उहाँको शोध कार्यप्रति सन्तुष्ट छु, तसर्थ यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि अनुसन्धान समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०८१/०९ /१९

.........................................

सह.प्रा.डा.रजनी ढकाल

(शोधनिर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी शोधार्थी श्री अमृता रेग्मीले स्नातकोत्तर तह चौथो सत्रको शोधपत्र लेखन (५७७) पत्रको प्रयोजनका लागि तयार पार्नु भएको प्रस्तुत *चम्पा उपन्यासमा नारी चेतना* शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख - प्रा.डा. कृष्णप्रसाद न्यौपाने ............................

२. शोधनिर्देशक - सह.प्रा.डा. रजनी ढकाल ..............................

३. बाह्य परीक्षक - प्रा.डा. नारायणप्रसाद गड्तौला .............................

मितिः २०८१/०९/२३

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको शोधपत्र लेखन (५७७) पत्रको प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र सम्पन्न गर्ने सन्दर्भमा आइपरेका विभिन्न बाधाहरुलाई समाधान गर्न प्रेरणा र मार्गदर्शन दिनुभएकोमा शोधनिर्देशक आदरणीय गुरु सह.प्रा.डा. रजनी ढकालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै शोधपत्रलाई अझै वस्तुगत र उत्कृष्ट बनाउन सहयोग गरी बाह्य परीक्षकको भूमिका निर्वाह गरिदिनुहुने आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद गड्तौलाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस कार्यमा उहाँहरुले अलिकति पनि झर्को नमानी आफ्नो अमूल्य समय र सुझाव प्रदान गरेर शोधकार्यलाई परिष्कार र परिमार्जन गरिदिनु भयो, त्यसका लागि आदरणीय गुरुहरुप्रति म कृतज्ञ छु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सु-अवसर प्रदान गर्नुहुने वर्तमान विभागीय प्रमुख गुरु प्रा.डा. कृष्णप्रसाद न्यौपानेप्रति कृतज्ञ छु, त्यसैगरी शोधपत्रको तयारीका क्रममा सहयोग, सुझाव र प्रेरणा दिनुहुने नेपाली केन्द्रीय विभागका अन्य आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु। यो शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

मलाई यो स्थानसम्म पुर्याउन अहोरात्र खट्नुहुने मलाई सधैं प्रेरणा र हौँसला प्रदान गर्नुहुने बाबा सूर्यप्रसाद रेग्मी र आमा शान्ती रेग्मी लगायत सम्पूर्ण परिवारजनप्रति म असिम कृतज्ञ छु। यस शोधकार्यमा मैले जेजति विद्वान्हरुले गरेका पूर्वाध्यायनबाट प्राज्ञिक ज्ञान प्राप्त गरेँ तथा यस शोधकार्य गर्दा विभिन्न माध्यमबाट सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शैक्षिक सत्र : २०७८-२०८१

..................

अमृता रेग्मी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय

# विषयसूची


| | |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृतिपत्र | ख |
| कृतज्ञताज्ञापन | ग |


## पहिलो परिच्छेद

## शोधपरिचय


| | |
|---|---|
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधको उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधको औचित्य र महत्त्व | ६ |
| १.६ शोधको सीमा | ६ |
| १.७ शोधविधि र सैद्धान्तिक ढाँचा | ७ |
| १.८ शोधपत्रको रूपरेखा | ८ |


## दोस्रो परिच्छेद

## नारी चेतनाको सैद्धान्तिक मान्यता र विश्लेषण ढाँचा


| | |
|---|---|
| २.१ विषयपरिचय | ९ |
| २.१.१ नारी चेतनाको सैद्धान्तिक पृष्ठभूमि | ११ |
| २.१.२ नारी चेतनाको आधार : नारीवाद | १३ |
| २.१.३ नारीवादी समालोचनाका पक्षहरू | १६ |
| २.२ पितृसत्ताको सैद्धान्तिक अवधारणा | २६ |
| २.३ प्रतिरोधी चेतनाको सैद्धान्तिक अवधारणा | ३० |
| २.४ विश्लेषण ढाँचा | ३१ |
| २.५ निष्कर्ष | ३२ |


## तेस्रो परिच्छेद

## चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका समस्या


| | |
|---|---|
| ३.१ विषयपरिचय | ३३ |

३.२ चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका सामाजिक समस्या ३३

३.३ चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका सांस्कृतिक समस्या ४०

३.४ चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका आर्थिक समस्या ४६

३.५ निष्कर्ष ५०

**चौथो परिच्छेद**

**चम्पा उपन्यासमा प्रतिरोधी चेतना**

४.१ विषयपरिचय ५२

४.२ चम्पाको प्रतिरोधी चेतना ५२

४.३ रामकान्तको प्रतिरोधी चेतना ५९

४.४ सुब्बा श्रीकान्तको प्रतिरोधी चेतना ६०

४.५ समाख्याताको प्रतिरोधी चेतना ६१

४.६ निष्कर्ष ६२

**पाँचौ परिच्छेद**

**सारांश र निष्कर्ष**

५.१ सारांश ६३

५.२ निष्कर्ष ६५

**सन्दर्भ सामग्रीसूची ६९**

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) आधुनिक नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यका कविता, आख्यान, नाटक र निबन्ध विधामा कलम चलाएका छन् । नेपाली कविता, कथा र निबन्ध विधामा उच्च योगदान पुऱ्याएका देवकोटाको एकमात्र उपन्यास *चम्पा* (लेखन २००४, प्रकाशन २०२४) हो । यो उपन्यास सामाजिक परिवेशमा आधारित रहेको छ । उनको *चम्पा* उपन्यासले २००४ साल वरिपरिको सामाजिक परिवेशको चित्रण गरेको छ । यस उपन्यासले राणाकालीन नेपाली समाजको यथार्थ चित्रण गर्दै नारीहरूले भोग्नुपरेका विवशता र पारिवारिक द्वन्द्वलाई उजागर गरेको छ। लक्ष्मीप्रसाद देवकोटा स्वयम्ले *चम्पा* उपन्यासलाई सामाजिक उपन्यास भनेका छन् । कविताका क्षेत्रमा स्वच्छन्दतावाद र मानवतावादलाई आत्मसात गरेका लक्ष्मीप्रसाद देवकोटाले यस उपन्यासमा तत्कालीन समाजको यथार्थ चित्रण गरेका छन् । *चम्पा* उपन्यासमा राणाकालीन सामाजिक परिवेशका विकृति र त्यस समयमा नारीले भोग्नुपरेको समस्यालाई उठान गरिएको छ । यो उपन्यास तत्कालीन-पारिवारिक द्वन्द्वात्मक स्थिति र तनावको चित्रणमा पनि त्यत्तिकै सबल छ ।

*चम्पा* उपन्यासमा तत्कालीन समाजमा छोरीहरूको अधिकारविहिन अवस्थाको चित्रण रहेको छ। यस उपन्यासमा पितृसत्तात्मक समाजका कारण पुरुषहरु र सासूहरूले बुहारीप्रति गर्ने दमनात्मक व्यवहारको चित्रण गरिएको छ । यसैगरी परिवारभित्रका महिला सदस्यहरू बिचको द्वन्द्व (जेठानी) र रोगी श्रीमान् भएपछि एउटी निर्दोष नारीले खप्नुपर्ने अवहेलनाको चित्रण गरिएको छ। यस उपन्यासमा तत्कालीन आर्थिक-सामाजिक, राजनीतिक परिवेश, पुरुष मानसिकता र प्रमुख पात्र चम्पाको विद्रोही चेत चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा उपस्थित पात्रहरूको जीवन असामान्य मनोदशामा पुग्नुमा तिनीहरूले बाँचेको समाजमा व्याप्त रहेको संस्कार, संस्कृति र रुढिवादी परम्परा हो । यस उपन्यासमा देवकोटाले त्यस समयमा नारीहरूले भोग्नुपरेको उत्पीडनको यथार्थ चित्रण गरेका छन् । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्व रहेको र महिलालाई शक्तिहीन बनाइएको विषयवस्तुमा केन्द्रित नेपाली समाजमा प्रचलित परम्परागत सामाजिक तथा सांस्कृतिक संरचनाले निर्माण गरेको

विभेद र नारी प्रतिरोधी चेतनाका दृष्टिले यो उपन्यास अध्ययनीय छ । प्राकृतिक रूपमा निर्धारित मानवका लिङ्ग पहिचानलाई आधार मानेर सामाजिक तथा सांस्कृतिक परिपाटी निर्धारण गरी विभेदकारी कार्य गरिएकाले त्यसप्रति असहमति जनाउँदै लैङ्गिक समानता तथा स्वतन्त्रताका पक्षमा जागृत चेतना नारी चेतना हो । यसले नारी र पुरुषमा हुने विभेदको अन्त्यको माग गर्दछ ।

नारी समानता, अस्तित्व र अधिकारलाई विषय बनाएर लेख्नु नै नारीवादी चेतना हो । कुनै पनि रचनामा लेखकले नारीको प्रतिनिधित्व कसरी गराएका छन् ? नारीलाई कुन रूपमा उभ्याएका छन् भन्ने आधारबाट कृति नारीवादी दृष्टिकोणले कति सफल छ भन्ने कुराको निर्क्यौल गर्न सकिन्छ। नारीका विविध विषयलाई केन्द्रमा राखेर गरिने यस प्रकारको अध्यनलाई नारीवादी अध्ययन भनिन्छ । यसले विशेष गरी नारी स्वतन्त्रताको पक्षमा वकालत गर्दै नारीमाथि हुने दमन र विभेदको अन्त्यका लागि नारीलाई जागृत गराउँछ । नारीवाद नारी समानता, हक र अधिकारका लागि गरिएको एउटा आन्दोलन र अभियानसँग सम्बन्धित छ । यसले पुरुष सरह नारीले पनि स्वतन्त्र रूपमा बाँच्न पाउनु पर्छ भन्ने मान्यतालाई अघि सारेको पाइन्छ भने पुरुष र नारीमा जैविक वा प्राकृतिक रूपमा भिन्नता भए पनि सामाजिक तथा शासकीय मान्यताले नारीलाई अत्यन्तै कमजोर रूपमा प्रस्तुत मात्रै नगरी स्वतन्त्र अधिकारबाट समेत वञ्चित गरेको छ भन्दै समाजबाट भएको विभेद समाजमै अन्त्य हुनुपर्छ र यसका लागि संसारका महिला संगठित भई अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्दछ । नारीप्रति लेखकको दृष्टिकोण तथा भाषा प्रयोगजस्ता सैद्धान्तिक मान्यताका आधारमा कृतिको विश्लेषण गर्न सकिने भए तापनि यस शोधमा नारी चेतनाका आधारमा मात्र लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासमा अभिव्यक्त भएको नारी चेतनाको विश्लेषण गर्नु प्रस्तुत शोधको मूल प्राज्ञिक समस्या रहेको छ। यसै मूल समस्यासँग सम्बद्ध शोधप्रश्नहरू यस प्रकार रहेका छन् :

क) चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका सामाजिक, सांस्कृतिक र आर्थिक समस्याको चित्रण कसरी गरिएको छ ?

ख) चम्पा उपन्यासमा प्रतिरोधी चेतनाको अवस्था कस्तो छ ?

## १.३ शोधको उद्देश्य

*चम्पा* उपन्यासमा प्रयुक्त नारी चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधको मूल उद्देश्य रहेको छ । समस्याकथनमा समावेश गरिएका शोधप्रश्नअनुरूप प्रस्तुत अनुसन्धानका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका सामाजिक, सांस्कृतिक र आर्थिक समस्याको अध्ययन गर्नु,

ख) चम्पा उपन्यासमा रहेको प्रतिरोधी चेतनाको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लक्ष्मीप्रसाद देवकोटा आधुनिक नेपाली साहित्यको सामाजिक यथार्थवादी धाराका उपन्यासकार हुन् । देवकोटाको *चम्पा* उपन्यासमा आधारित भएर विभिन्न शोध तथा अध्ययन भए तापनि नारी चेतनालाई आधार मानेर उक्त उपन्यासको अध्ययन गरेको देखिँदैन । प्रस्तुत शोधमा लक्ष्मीप्रसाद देवकोटासँग र नारीवादी सिद्धान्तसँग सम्बन्धित विभिन्न पुस्तक कृतिहरू, पत्रपत्रिकाका लेखहरू, शोधपत्र आदिको अध्ययन गरी कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षालाई प्रस्तुत गरिएको छ ।

प्रतापचन्द्र प्रधान (२०६६) ले *देवकोटाको चम्पा उपन्यास: कृतिपरक अध्ययन* शीर्षकको लेखमा *चम्पा* उपन्यासको अध्ययन गरेका छन् । यस लेखमा उनले चम्पा उपन्यासको मूल उद्देश्य बालविवाहको उन्मूलन गर्नु हो भनेका छन् । समाजमा रहेका रुढिवादी मूल्य मान्यताहरूको सुधार गर्नुपर्छ भन्ने एक सुधारवादी दृष्टिकोण व्यक्त गरेका छन् । उनले सानैमा बालबालिकाको विवाह गरिदिँदा भविष्यमा समस्या आउने हुनाले समयमै सजग हुनुपर्छ भन्दै परम्परागत कुरीति हट्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । उक्त लेख नारी चेतनाको कोणबाट विश्लेषण नगरिए तापनि यस शोधकार्यका लागि सहयोगी बनेको छ ।

डिल्लीराम ढकाल (२०६८) ले *चम्पा उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधमा शैलीविज्ञानको सिद्धान्त, शैलिवैज्ञानिक आधारमा कथानक, पात्रहरू र भाषाको अध्ययन

गरेका छन् । ढकालको उक्त विश्लेषण नारी चेतनाको दृष्टिले अध्ययन नगरेको भए पनि *चम्पा* उपन्यासको कथावस्तु र पात्रहरूको बारेमा बुझ्न उपयोगी बनेको छ ।

नेत्र एटम (२०६८) ले *देवकोटाका आख्यानमा प्रयुक्त अन्तर्वस्तु र शिल्प* शीर्षकको अनुसन्धानात्मक लेखमा नारी लैङ्गिकताका विषयमा स्वतन्त्रता, चाहना, पारिवारिक द्वन्द्व वितृष्णा रहेको कुरा व्यक्त गरेका छन् । यस लेखमा उनले देवकोटाका आख्यानमा नारी स्वतन्त्रता चाहनाका कुरा रहेका र उनका आख्यानमा वितृष्णा रहेको कुरा व्यक्त गरेका छन् । उनले *चम्पा* उपन्यासमा मातृत्व बोध, अन्तर्द्वन्द्व, प्रताडना, विद्रोह तथा नारी अस्मिता र पितृसत्तात्मक कुराहरू उल्लेख गरेका छन् । उक्त लेख *चम्पा* उपन्यासको नारी चेतनामा केन्द्रीत भएर नलेखिए तापनि केही साङ्केतिक रूपमा उल्लेख गरिएको हुनाले उपयोगी रहेको छ ।

अमृता देवी शर्मा (२०७०) ले *पारिजातका कवितामा नारी चेतना* शीर्षकको लेखमा पारिजातका कवितामा प्रयुक्त नारीका अनुभूति र भूमिका, नेपाली समाजमा नारी वर्गका विरुद्ध विद्यमान सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक शोषणका विरुद्ध उनीहरूमा उब्जिएको विद्रोही चेतनाको अभिव्यक्तिको चित्रण गरेकी छन् । नारी चेतनाको पक्षलाई अध्ययन गरिएको र प्रस्तुत शोधपत्रको अध्ययनलाई यसले सहयोग पुऱ्याएका कारण यो लेख महत्त्वपूर्ण सामग्री बनेको छ ।

विन्दु शर्मा (२०७५) ले *फेमिली थेरापी चम्पा उपन्यासका सन्दर्भमा* शीर्षकको अनुसन्धानात्मक लेखमा फेमिली थेरापी एक किसिमको उपचार पद्धति हो भनेकी छन् । यसले परिवारका सदस्यहरूका बिच एकअर्कासँग सौहार्द तरिकाले अन्तरक्रिया गर्न सहयोग पुऱ्याउँछ र विशेष गरी श्रीमान-श्रीमतीको आपसी कलह समाधान गर्दछ । फेमिली थेरापीको अभावमा परिवार नराम्ररी विघटन हुन्छ र सदस्यहरू परिवारबाट पलायन हुने वा पागल हुने स्थिति पनि सिर्जना हुन सक्दछ भनि *चम्पा* उपन्यासको पारिवारिक विघटनका कारण र लेखकीय रणनीतिको बारे चित्रण गरेकी छन् । उक्त लेखमा नारी चेतनाका कुराहरूलाई साङ्केतिक रूपमा चर्चा गरिएको छ तसर्थ उक्त लेख यस शोधकार्यका लागि उपयोगी भएको छ ।

अम्बिका अर्याल (२०७६) ले *समकालीन नेपाली कथामा नारीचेतना* शीर्षकको लेखमा पितृसत्तात्मक संस्कारका नाममा नारीमाथि हुने अन्याय, यौनशोषण तथा महिलाहिंसा, शिक्षा,

रोजगार, सम्पत्ति, आदिमाथि गरिने लैङ्गिक विभेद, नारीको अस्तित्व र पहिचानमा पित्तृसत्ताले गरेको दमन, समान सहभागितामा नारीविभेद, जातीय विभेद एवम् वर्गीय मात्र नभएर लैङ्गिक आधारमा समेत नारीमाथि गरिने दोहोरो विभेद, समलिङ्गी नारीका पीडा र उनीहरूमाथि गरिने दोहोरो विभेद, समलिङ्गी नारीका पीडा र उनीहरूमाथि गरिने विभेदको विरोधप्रति जागृत चेतनालाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको चित्रण गरेकी छन् । नारीचेतनाले कलमद्वारा पितृसत्तात्मक सोच बदलेर लैङ्गिक समताको निर्माण गरी समाज परिवर्तनको क्रान्तिमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरेको छ भन्ने विचार राखेकी छन् । उनको उक्त लेखमा नारीचेतनाका बारेमा केही चित्रण गरिएको हुँदा यस शोधपत्रको लागि उपयोगी बनेको छ ।

कृति नेपाल सन् (२०२१) ले *चम्पा उपन्यासको पुस्तक समीक्षा* शीर्षकमा तत्कालीन नेपाली समाजमा नारी घर-परिवारबाट कसरी अपहेलित हुन्थे र पुरुषप्रधान नेपाली समाजले नारीलाई कसरी तिरस्कार गर्थे भन्ने विचार व्यक्त गरेकी छन् । सामाजिक परिवेशका विकृति र त्यसमा नारीले भोग्नुपरेको विवशताको उल्लेख गरेकी छन् । उक्त लेखमा नारी चेतनाको विषयमा खुलस्त नभनिए तापनि साङ्केतिक रूपमा चित्रण गरिएकाले उक्त पुस्तक समीक्षा यस शोधकार्यको लागि उपयोगी रहेको छ ।

रजनी ढकाल, (सन् २०२३) ले *लक्ष्मीप्रसाद देवकोटाका आख्यानमा मनोविश्लेषण* शीर्षकको अनुसन्धानात्मक लेखमा देवकोटाका कथा र उपन्यासका पात्रहरूको मनोविश्लेषणात्मक तथ्यको खोज गरेकी छन् । उक्त लेखमा पात्रका अन्तरमनका यौन, बाल नारी मनोविज्ञानका सन्दर्भ, अभिघातित मनस्थिति र लकानेली मनोविज्ञानसँग जोडिएका तथ्यको मनोविश्लेषण गरिएको छ । त्यसैले *चम्पा* उपन्यासका पात्रहरुको गतिविधि बुझ्न र अध्ययनलाई अझै गहन बनाउन यो लेख उपयोगी रहेको छ ।

उपर्युक्त पूर्वकार्यमा समावेश भएअनुसार *चम्पा* उपन्याससँग सम्बन्धित रहेर गरिएका अध्ययनहरू अत्यन्तै न्यून रहेका छन् । यसै उपन्यासमा आधारित भई अध्ययन गरिएको शोधपत्रमा पनि गहन नारी चेतनाका दृष्टिबाट अध्ययन भएको छैन । पूर्वकार्यहरूलाई सूक्ष्म रूपले नियाल्दा विभिन्न विद्वान् तथा समालोचकहरूले लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासका बारेमा विभिन्न उद्देश्य राखेर अध्ययन गरी आ-आफ्नो मत तथा दृष्टिकोण प्रस्तुत गरेका छन् । विभिन्न कोणबाट देवकोटाको उपन्यास *चम्पा* को अध्ययन-अनुसन्धान, समालोचना र समीक्षा गरिएको भए तापनि नारीले व्यहोर्नुपरेका सामाजिक, सांस्कृतिक,

आर्थिक समस्याको विश्लेषण र प्रतिरोधी चेतनाको विश्लेषणका आधारमा देवकोटाको उपन्यासको विवेचना र मूल्याङ्कन गर्ने कार्य नभएको कुरा माथिको पूर्वकार्यहरूको समीक्षाबाट स्पष्ट हुन्छ, तसर्थ माथिका पूर्वकार्यहरूलाई आधार मानेर प्रस्तुत अध्ययन नारीवादी सिद्धान्तका आधारमा अध्ययन गरिएको छ ।

## १.५ औचित्य र महत्त्व

*चम्पा* उपन्यासमा आधारित भई गहन नारी चेतनाका दृष्टिले अध्ययन अनुसन्धान नभएको तथ्य पूर्वकार्यको समीक्षाबाट प्राप्त भएकोले प्रस्तुत शोधमा उक्त विषयमा प्राज्ञिक र प्रामाणिक अध्ययन गरिने हुँदा प्रस्तुत शोधको प्राज्ञिक महत्त्व रहेको छ । प्रस्तुत अध्ययनका लागि छनोट गरिएको चम्पा उपन्यासमा नारी चेतना शीर्षक नवीन र मौलिक दृष्टिकोण हो । *चम्पा* उपन्यासमा नारीवादको सिद्धान्त प्रयोग गरी अध्ययन गर्दा त्यसबाट ज्ञानको नवीनतम क्षेत्र विस्तार हुने भएकोले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ । त्यस्तै प्रस्तुत अध्ययन कार्यमा नारी चेतना तथा समालोचनासम्बन्धी सिद्धान्त उपन्याससँग जोडेर अध्ययन गरिएको हुँदा यसले ज्ञान निर्माणमा सहयोग पुऱ्याएको छ । उपन्यासमा नारीका विषय समेटिएको छ भने पितृसत्तात्मक सोच र परम्परावादी व्यवहारले गर्दा नारीहरुमाथि परेको प्रभावलाई चित्रण गरिएको छ । त्यसैले नारी चेतनाको दृष्टिकोणबाट हेर्दा नारी चेतनासम्बन्धी नयाँ ज्ञान र नारीको मूल्य बोध गर्न सकिने भएकोले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण रहेको छ । *चम्पा* उपन्यासमा अहिलेसम्म नारी चेतनालाई आधार बनाएर शोधकार्य नभएकाले यस शीर्षकमा अध्ययन गर्न उपयुक्त देखिन्छ । *चम्पा* उपन्यासका बारेमा जान्न चाहने जोकोही पाठक, शोधार्थीहरूले उपयोगी सामग्रीका रूपमा प्रयोग गर्न सक्नेछन् ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधको क्षेत्र नारीवादी समालोचनासँग सम्बन्धित भएर लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *चम्पा* उपन्यासको अध्ययन गर्नु हो । यसमा *चम्पा* उपन्यासलाई नारीवादी सिद्धान्तका आधारमा मात्र विश्लेषण गरिएको छ । नारीवादी चेतनालाई विश्लेषण गर्न सकिने सूचकहरू पहिचान गरी तिनको सैद्धान्तिक अवधारणाका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । यस उपन्यासमा अन्य विभिन्न दृष्टिकोणबाट अध्ययन गर्न सकिने भए पनि प्रस्तुत शोधमा नारीवादसँग सम्बन्धित रहेर नारीले व्यहोर्नुपरेको सामाजिक, सांस्कृतिक, आर्थिक समस्या र

नारीको प्रतिरोधी अवस्थाको कृतिगत पक्षको मात्र अध्ययन गरिएको छ । उपन्यासमा व्यक्त नारीवादलाई सैद्धान्तिक अवधारणाका सीमित पक्षहरूका आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि र सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यमा आवश्यक पर्ने सम्पूर्ण सामग्राको सङ्कलन कार्य र अध्ययनका निम्ति प्रयोग गरिने अध्ययन विधि यसप्रकार रहेका छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यसँग सम्बन्धित सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । *चम्पा* उपन्यास यस अध्ययनको प्राथमिक सामग्री हो । त्यसैगरी *चम्पा* उपन्यास र नारीवादी चेतना सिद्धान्त, लेख, समालोचना, समीक्षा तथा पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएका छन् ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यको अध्ययन तथा विश्लेषणका लागि सैद्धान्तिक अवधारणाका आधारमा विषयवस्तुको गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ । प्रस्तुत शोधको समस्याहरूको प्राज्ञिक समाधानका लागि लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासलाई मुख्य आधार बनाइएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि सांस्कृतिक अध्ययनको मुख्य विषयका रूपमा रहेको नारीवादी चेतना अन्तर्गत सामाजिक, सांस्कृतिक, आर्थिक, पितृसत्ता र प्रतिरोधसम्बन्धि विषयलाई आधार बनाई उपन्यासमा सामाजिक, सांस्कृतिक, आर्थिक र पितृसत्ताका कारणले गर्दा नेपाली समाजका नारीहरू कसरी पीडित बन्न पुगेका छन् भन्ने सन्दर्भलाई विश्लेषण गरिएको छ । यस शोधकार्यको मुख्य सैद्धान्तिक पर्याधार नारीवाद हो । शोध समस्यासँग सम्बन्धित भएर सङ्कलन गरिएका सामग्रीहरूलाई विश्लेषण गर्न वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । *चम्पा* उपन्यासको नारी चेतनाको अध्ययनका लागि यस उपन्यासका नारी पात्रले व्यहोर्नुपरेको सामाजिक समस्या, आर्थिक समस्या र सांस्कृति समस्याको अध्ययन गरिएको छ । त्यसैगरी उपन्यासमा रहेको प्रतिरोधी अध्ययनका लागि चम्पा, सुब्बा श्रीकान्त, रामकान्त र समाख्याता आदिमा रहेको प्रतिरोधी चेतनाको विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोध पत्रलाई विभिन्न परिच्छेद, शीर्षक, उपशीर्षक आदिमा विभाजन गरी पूर्ण प्रतिवेदनका रूपमा प्रस्तुत गरिएको छ । यसको प्रारम्भिक रूपरेखा यसप्रकारको रहेको छ :

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : नारी चेतनाको सैद्धान्तिक मान्यता र विश्लेषण ढाँचा

तेस्रो परिच्छेद : चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका समस्या

चौथौ परिच्छेद : चम्पा उपन्यासमा प्रतिरोधी चेतना

पाँचौ परिच्छेद : सारांश र निष्कर्ष

**सन्दर्भ सामग्रीसूची**

# दोस्रो परिच्छेद

# नारी चेतनाको सैद्धान्तिक मान्यता र विश्लेषण ढाँचा

## २.१ विषयपरिचय

मानिस चेतनशील प्राणी हो । चेतनाकै कारण प्राणीहरू मध्ये मानिसलाई सर्वश्रेष्ठ प्राणी भनिन्छ । मानिसलाई चेतनशील प्राणी त भनिन्छ तर यहीँ प्रश्न उठ्छ कि चेतनशील भएर पनि नारी र पुरुषबिच विभेद गरेको पाइन्छ । प्राकृतिक रूपमा सम्पूर्ण बराबर भने पनि प्राकृतिक उपहारलाई पितृसत्तात्मक समाजले लिङ्ग, जात, धर्म, धन आदिका कारण नारी र पुरुषबिच विभेद गरेको पाइन्छ । त्यस विभेदको विरुद्ध स्वतन्त्रता र समान अधिकारको चेत हुनु नै नारी चेतना हो । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक व्यवस्थाको कारणबाट नारी मनमा उब्जिएको निजत्वको चेतना नारी चेतना हो ।

चेतना सामाजिक परिस्थिति र समाजमाथि निर्भर हुन्छ । मानवका मनोवेगहरू, चिन्तनहरू, दृष्टिकोणहरूका साथ उसका वैयक्तिक जीवनका भोगाइहरू र सामाजिक सम्बन्धहरूबाट निर्मित हुन्छन् । अतः नारीले नारी भएकै कारणबाट जीवनमा भोगेको अनुभूतिबाट नै नारी चेतनाको जन्म हुन्छ । पितृसत्तात्मक सामाजिक व्यवस्थाले सिर्जना गरेको विभेदजन्य परिस्थितिहरूका कारणबाट नारी मनमा उब्जिने पीडा, आक्रोश, मुक्तिका चाहना र परिवर्तनका आकाङ्क्षाहरू नारी सचेतनाका पक्षहरू हुन् । नारी वर्गले प्राकृतिक रूपमा प्राप्त गरेका नारीजन्य अनुभूतिहरू, मातृत्वप्रतिका गौरवबोध, नारी अस्मिताप्रतिको सचेतना पनि नारी चेतना अन्तर्गत पर्दछन् । नारी चेतनाको विषय नारीवादी आन्दोलन र नारीवादसँग प्रत्यक्षतः सम्बन्धित रहेको हुन्छ । नारीवादी सिद्धान्त पाश्चात्य साहित्य सिद्धान्तमा आधारित सांस्कृतिक अध्ययन पद्धतिको एउटा महत्त्वपूर्ण पक्ष हो । यो महिलाको विचार, दर्शन र राजनिति हो । यस वादले महिलालाई महिलाकै कोणबाट हेर्दछ । यो नारीवादी आन्दोलनले सन् १९६० को दशकपछि प्राप्त गरेको सैंद्धान्तिक, वैचारिक र सत्ता विमर्शको रूप हो (खनाल, २०७५, पृ.२) । नारीवादले पितृसत्ताले संसारभरि नै महिलालाई हरेक पक्षमा कमजोर बनाएको छ भन्ने धारणा राख्दछ । महिलाले पनि पुरुषले सरह अधिकार र अवसर पाउनुपर्छ भन्ने मान्यताका साथ नारीहरूले आफ्नो हक, अधिकार खोज्ने क्रममा एउटा आन्दोलनको रूपमा नारीवादको सिद्धान्त जन्मिएको हो ।

समाज विकासको इतिहास अध्ययन गर्ने क्रममा त्यसलाई व्याख्या गर्ने विचारक, सिद्धान्तकार र इतिहासकारहरू बिच समान मत रहको पाइदैँन । यद्यपि आदिम समाजका अध्येताहरूले कुनै न कुनै रूपले नारी सत्ताका चर्चा गरेका छन् । आदिम साम्यवादी युगमा नारीहरू सत्तामा भए पनि राज्यका उत्पत्ति, पुँजीको सञ्चिति र विकास तथा समाज विकासका क्रममा पुरुष सत्ताका स्थापना भएका कुरा इतिहासले सिद्ध गरको छ। शारीरिक संरचना तथा प्राकृतिक विशेषताका कारण भौतिक रूपले पुरुषहरूको तुलनामा नारीहरू शक्ति सङ्घर्षमा पछाडि पारिए (पाण्डेय, २०७३, पृ.३५) । एकल विवाह पद्धति र परिवारका उदयसँग विकसित भएको आधुनिक समाजका विकास प्रक्रियामा नारीहरूमाथिका दमन बढ्दै गयो र उनीहरूका लागि प्रतिकुल हुने गरी सामाजिक सांस्कतिक मूल्य मान्यताहरू निर्माण हुँदै गए । त्यसका फलस्वरूप आधुनिक विश्वका जुनसुकै समाज र सभ्यताहरूमा पनि नारीमाथिका शोषण र उत्पीडन विभिन्न स्वरूपहरूमा रहेको छ । धर्म, संस्कृति, अर्थ, राजनीति, शिक्षा, रोजगार जस्ता सबैजसो क्षेत्रहरूमा नारीहरू पछाडि पारिएका छन् ।

नारीहरु चरम शोषण र उत्पीडनमा पर्नुको मुख्य कारण समाजका कुनै पनि क्षेत्रमा नारीहरूका भूमिका र अस्तित्वलाई स्वीकार नगरिनु नै हो । समाज सञ्चालन हुने प्रमुख पक्ष धर्म, रीति, परम्परा, चालचलन, दर्शन, साहित्य, नीति, नियमहरूले नारीलाई सम्मानजनक अस्तित्व प्रदान नगर्ने र पराश्रित वर्गका रूपमा स्थापित गरिनुले पनि समाज निर्माणका ऐतिहासिक शृङ्खलामा उनीहरू पछि परेका छन् । विश्वका धेरैजसो दर्शन, धर्म र इतिहासले नारीलाई पुरुष वर्ग समान मान्यता प्रदान गरेका छैनन् (त्रिपाठी, २०६९, पृ. १५) । मनुदेखि अरस्तुसम्म, हिन्दु धर्मदेखि क्रिस्चियन धर्मसम्म, प्रसिद्ध साहित्यकार बाल्जाकदेखि मानवतावादी रुसोसम्मका विचारमा महिलामाथि न्यायपूर्ण दृष्टिकोण रहेको पाइँदैन । हिन्दु धर्ममा मनुले नारीलाई स्वतन्त्रता दिन नहुने कुरा बताएका छन् भने तुलसी रामायणमा नारीलाई ढोल, मूर्ख, शूद्र र पशुसँग तुलना गर्दै प्रताडनको अधिकारीका रूपमा प्रस्तुत गरिएको छ ।

इसाइहरूका मतअनुसार महिला भनेका फोहोरी प्राणी हुन्, दुष्प्रेरक हुन् र उनीहरूले संसारमा पाप ल्याएर पुरुषको पतन गराएका छन् । इसाइ धर्मलाई सिद्धान्तका रूपमा अन्तर्राष्ट्रिय चरित्र प्रदान गर्ने पौलले इसाइ धर्मालम्बीहरूले अनुराग र सम्भोग इच्छा सहित इन्द्रियलाई वशमा राख्न पर्छ भन्ने उपदेश दिए । देहप्रतिको यो घृणा महिलाप्रतिको घृणा हो, किनभने महिलालाई पुरुषका भ्रष्टकर्ताका रूपमा लिइएको छ (श्रेष्ठ, २०५९, पृ. ४९) । मुस्लिम

धर्मले पुरुषलाई महिलाहरूका अभिभावक र महिलाहरूलाई उनीहरूको नियन्त्रणमा रहने प्राणीको स्थान प्रदान गरेको छ ।

धर्मले जस्तै दर्शनले पनि महिलाका सामाजिक भूमिका गौण नै ठहऱ्याएको छ र नारीलाई हीन प्राणीका रूपमा विश्लेषण गरेको छ । पाश्चात्य दार्शनिक अरस्तुले स्त्री केही गुणहरूको कमीका कारणले स्त्री बन्दछे भनेका छन् । धर्म, दर्शन र साहित्यका क्षेत्रमा नारीप्रति व्यक्त गरिएका उपयुक्त विचारहरूले समाजमा विगतदेखि वर्तमानसम्मका पुरुष अहमवादी चिन्तन र नारी शोषणका स्थितिलाई जनाउँछ । समाजका सबै पक्षमा भएका नारी वर्गमाथिका अन्यायपूर्ण चिन्तन, सोच र व्यवहारका विरुद्धमा नारीहरूले धेरै पछाडि आएर मात्र आवाजहरू उठाउन थालेको पाइन्छ । समाजले विभिन्न परिवर्तनका चरणहरू पार गर्दै जाँदा सामन्तवादका गर्भमा पुँजीवादको भ्रूण विकसित हुँदै जाने क्रममा महिलाहरू पनि सामाजिक उत्पादनमा सहभागी हुन थाले र त्यसपछि मात्र उनीहरूले आफूमाथिका शोषणका स्थिति बुझ्न थाले ( त्रिपाठी, २०६९, पृ. १६) । आफूहरूमाथिको उत्पीडनका बारेमा चेतना जागृत भएपछि नै नारी वर्गले आफ्नो हक र हितका पक्षमा आवाज उठाउन थालेका छन् ।

नारीमाथि हुने गरेको उत्पीडन, अन्याय, हिंसा तथा विभेदकारी व्यवहारहरूको अन्त्य गर्नका लागि विभिन्न समयमा प्रयासहरू भएका छन् । पूर्वीय तथा पाश्चात्य दर्शन तथा सिद्धान्तहरूमा नारी समस्या र विशेषताहरूका बारेमा चिन्तन गरिएको पाइन्छ । उन्नाइसौँ शताब्दीमा जीवनजगत्सम्बन्धी अनेकौँ सिद्धान्तहरूको विकास पाश्चात्य समाजमा भएको छ । यसैको एक महत्त्वपूर्ण उपलब्धि नारीवादी सिद्धान्त पनि हो । नारीवादमा प्रतिपादित विचार तथा सिद्धान्तहरू फरक फरक दृष्टिकोण र चिन्तनसहित अगाडि आएका छन् । यस शोधमा नारीवादी सिद्धान्तका विभिन्न स्वरूपहरूका आधारमा नारी चेतना सम्बन्धी अवधारणाको निर्माण गरिएको छ ।

### २.१.१ नारी चेतनाको सैद्धान्तिक पृष्ठभूमि

लैङ्गिक समानता र स्वतन्त्रताका पक्षमा जागृत चेतना नारी चेतना हो । प्राकृतिक रूपमा समान रहेका मानवहरूलाई मानवले विभेदको सञ्जाल फैलाएर पुरुषलाई श्रेष्ठ र नारीलाई निरीह प्राणीका रूपमा हेर्ने परिपाटिको अन्त्य यसको मूल उद्देश्य हो । बिसौँ शताब्दीमा सचेत रूपमा राजनितिक क्षेत्रबाट सुरू गरिएको यस किसिमको क्रान्तिले

नारीसचेतनाको सैद्धान्तिक प्रारूप निर्माण गरेको देखिन्छ । विशेषगरी मताधिकार, सम्पतिको समान बाँडफाँड, हरेक क्षेत्रमा समान सहभागिता तथा अवसर वैयक्तिक क्षेत्रमा नारीको स्वतन्त्र निर्णय, नारीमाथि गरिने हरेक किसिमका शोषणको अन्त्य, दोस्रो दर्जाका रूपमा नारीलाई हेर्ने परिपाटिको अन्त्य जस्ता मागहरू नारी चेतनाका उदाहरण हुन् (अर्याल, २०७६ पृ. ४४) । विश्व महिला मुक्ति आन्दोलनको इतिहास हेर्दा अमेरिकी स्वतन्त्रता सङ्ग्राम (सन् १७८७) तथा फ्रान्सेली राज्य क्रान्ति (सन् १७७८) मा नै महिलामाथि हुने पितृसत्तात्मक विभेदको आवाज उठेको पाइन्छ । बेलायतकी मेरी उल्स्टन क्राफ्टको *अ भिन्डिकेसन अफ राइट्स अफ उमन* (१७९२) शीर्षकको पुस्तकबाट अक्षरका संसारबाट पहिलो पटक महिलालाई पुरुषको मनोरञ्जनको साधन ठान्ने पितृसत्तात्मक सामाजिक संस्कारको विरोधमा आवाज उठाएको देखिन्छ (सुवेदी, २०६८, पृ.६९) । यसपछि यस क्षेत्रमा कलम क्रान्ति गर्नेहरूमा सिमोन द बुभा, जोन स्टुआर्ट मिल, ह्यारिट टेलर, मार्गरेट फुलर, भर्जिनिया उल्फ जस्ता नारीवादीहरूको उल्लेखनीय योगदान रहेको छ । तसर्थ नारी र पुरुषका बिचमा विभेदको सिर्जना गर्ने मूल कारण पितृसत्ता नै हो भन्ने नारीवादीहरूको ठम्याइ छ ।

नारी र पुरुषबिचको असन्तुलित सम्बन्ध यथार्थमा पितृसत्ताकै प्रभुत्वको उपज हो । पितृसत्ताले महिला र पुरुषबिच विद्यमान जीववैज्ञानिक भिन्नतालाई मूल आधार बनाई तदअनुरूपको विभेदकारी सामाजिक, सांस्कृतिक परिपाटीको निर्धारण गरी समाजमा महिला र पुरुषलाई एकभन्दा अर्को नितान्त भिन्न स्वभाव र भिन्न आवश्यकताका प्राणी भन्ने ठहऱ्याइदिएको छ (पाण्डे, २०६९, पृ. ११) । यसरी पितृसत्ताले निर्माण गरेको व्यवस्थाले महिलाको उत्पादन तथा श्रम, गतिशीलता, यौनिकता, प्रजननशक्ति, सम्पत्ति आदि क्षेत्रमा नियन्त्रण गर्ने भएकाले यस विरुद्ध जागृत सचेततालाई नारीसचेतताका रूपमा लिने गरिएको छ ।

नारीचेतनालाई आत्मसात् गरेर अगाडि बढेको बौद्धिक क्रान्तिले सैद्धान्तिक मार्ग समातेपछि नारीवादका रूपमा स्थापित हुन पुगेको हो । नारीवादी सिद्धान्त विस्तारित हुने क्रममा विभिन्न धार तथा प्रकारमा विभाजित भएको पाइन्छ । नारी भएर लैङ्गिक दमनमा परेको विषयलाई सबैले आत्मसात गरेको पाइन्छ तर नारी हुँदैमा सबैमा एकै प्रकारका विभेद नहुने विचारले यसको आयाम झन् फराकिलो बन्दै गएको हो । यसकै परिणामस्वरूप रङका आधारमा, जातका आधारमा, वर्गका आधारमा तथा लिङ्ग (तेस्रो लिङ्गी) का आधारमा समेत

नारीवादीहरू विभेदका फरक रूप र त्यसका लागि फरक किसिमका सङ्घर्षको आह्वान् गर्दै भिन्न धारमा देखा परेका छन् । यसर्थ नारीवादभित्र पहिलो, दोस्रो र तेस्रो धारमा देखा परेका छन् । पहिलो धारले मतदान, कानुनी अधिकार, वैयक्तिक अधिकारमा न्यायलाई जोड दिएको छ भने दोस्रो धारले पितृसत्ताले निर्माण गरेको लिङ्गसम्बधित द्विचर मान्यताको विरोध गर्दै नारीको अलग पहिचानका लागि अलग भाषिक व्यवस्थाको मागमा जोड दिएको छ । तेस्रो धारले नारीभित्रै वर्ग जाति, लिङ्गका आधारमा नारीका भिन्न दमनात्मक स्थितिलाई सम्बोधन गर्नुपर्ने माग राखेका छन् । यसरी भिन्न धारमा अलग मान्यता लिएर अघि बढे पनि नारीवादको मूल मान्यता पितृसत्ताले नारीमाथि गरेका हरेक किसिमका दमन र विभेदको अन्त्यको माग नै देखिन्छ ।

पाश्चात्य मुलुकबाट गरिएको राजनीतिक क्रान्तिको प्रभाव विस्तारै सिर्जनात्मक क्षेत्रमा प्रवेश गरेपछि सन् १९६० दशकमा समालोचनाका क्षेत्रमा समेत नारीवादी सचेतनाले प्रवेश पाएको देखिन्छ । यसरी पश्चिमबाट पूर्वमा पनि यसको प्रभाव पर्दै जाने क्रममा नेपाल अछुतो रहन सकेन । शिक्षा तथा चेतनाका विकाससँगै पितृसत्ताले नारीमाथि गर्दै आएको शोषणका बारेमा नारीहरू जागृत हुन थालेपछि नेपाली समाजमा समेत लैङ्गिक समानताको आवाज उठ्न थालेको पाइन्छ । कानुनी, सामाजिक, सांस्कृतिक, धार्मिक, पारिवारिक पेसागत, आर्थिक आदि क्षेत्रमा उत्पीडित र विभेद सहनुपरेको बाध्यात्मक परिस्थितिप्रति नारीहरूमा जागृत चेतनाले राजनीतिक क्रान्तिमा सीमित नबनी नेपाली साहित्यमा पनि पकड बनाउँन थालेको देखिन्छ । विभिन्न क्षेत्रबाट पितृसत्ताले पुरुषलाई बलियो खम्बाका रूपमा स्थापित गर्दै नारीलाई विभेद गरिरहेको सन्दर्भको विरोध र नारीपहिचान तथा अस्तित्वका रक्षाका लागि गरिएका विभिन्न सङ्घर्षले नेपाली उपन्यासमा प्रवेश पाएको देखिन्छ । यसर्थ यस अध्ययनमा लैङ्गिक विभेदको विरोध, पितृसत्ताको विरोध, नारीअस्तित्वको खोजी, समान सहभागिताको माग, वैयक्तिक स्वतन्त्रताको माग जस्ता पक्षमा जागृत चेतना उपन्यासमा के कसरी अभिव्यक्त भएका छन् भन्ने विषयका अध्ययनमा यो शोध केन्द्रित रहेको छ ।

### २.१.२ नारी चेतनाको आधार : नारीवाद

नारीवाद शब्द अङ्ग्रेजी फेमिनिजमको नेपाली रूपान्तरण हो । यो शब्दको सर्वप्रथम प्रयोग चिकित्सा क्षेत्रमा भएको थियो । यो एउटा वैचारिक आन्दोलन हो । यो पुरुष विरोधी आन्दोलन नभएर पितृसत्ता र पुरुषत्वका कारण महिलामाथि हुने गरेको दमन र शोषणको

विरुद्धमा सङ्गठित आन्दोलन हुनुका साथै एउटा वैचारिक दर्शन पनि हो । आधुनिक नारीवादी चिन्तनको सुरुआत केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (१९७७) बाट भएको मानिन्छ यद्यपि यसभन्दा अगाडि पनि नारी हक र हितका पक्षमा आवाजहरू उठाइएका छन् । पन्ध्रौँ शताब्दीबाट नारीहरूका हक र अधिकारका बारेमा आवाजहरू सुनिन थालेका छन् । नारीहरूका लैङ्गिक हक र अधिकारका बारेमा क्रिस्टिन डि पिसन (१३६४-१४३०) ले सर्वप्रथम आफ्ना दृष्टिकोणहरू अगाडि सारकी छन् । मेरी उल्स्टन क्राफ्टले *अ भिन्डिकेसन अफ राइट अफ ओमन* (१७९२) मा नारीहरूका अधिकारका पक्षमा सशक्त आवाज उठाएकी छन् । त्यस्तै मार्गरेट फुलरले ओमन इन द नाइन्टिन्थ सेन्चुरी (१८४५) मा उन्नाइसौँ शताब्दीमा नारीहरूले आफ्ना अस्मिताका रक्षाका लागि गर्नु पर्ने सङ्घर्षको चर्चा गरेकी छन् । मार्क्सवादको उदय पश्चात खास गरेर फ्रेडरिक एङ्गेल्सको *परिवार, राज्यसत्ता र निजी सम्पत्ति* नामक रचनाको प्रकाशनपछि नारी सम्बन्धी चिन्तन नयाँ युगमा प्रवेश गरेको हो (बराल, एटम, २०५६, पृ. ८९) । यस ग्रन्थले नारी शोषणलाई समाजको ऐतिहासिकताका सापेक्षतामा विश्लेषण गर्दै आदिम साम्यवादी युगबाट विकासका गतिमा अगि बढेको समाजमा परिवार, राज्य, निजी सम्पत्ति र विवाह जस्ता सस्थाहरूको विकाससँगै नारी शोषणका प्रारम्भ भएको चिन्तन अगाडि सारेको छ ।

नारीवाद महिलाको जीवनको आवश्यकताले जन्मिएको सिद्धान्त हुनुका साथै महिलाको हक र अधिकारलाई सुनिश्चित गर्ने चिन्तन हो भने नारीलाई केन्द्रमा राखेर कृतिको अध्ययन विश्लेषण गर्ने समालोचना पद्धति हो । यो विशेष गरी नारी आन्दोलन र अभियानका क्रममा आएको सामूहिक दृष्टिकोण हो । यसले नारीप्रति हुने अन्याय तथा विभेदपूर्ण व्यवहारको विरोध गरी नारी स्वतन्त्रता र समानताका पक्षमा वकालत गर्छ । अरु राजनीतिजस्तै नारीवाद पनि नारीमुक्तिका लागि सुरु भएको राजनीतिक आन्दोलन हो (भट्टराई, २०७७, पृ. १२४) । नारीवादी सिद्धान्त पाश्चात्य साहित्य सिद्धान्तमा आधारित सांस्कृतिक अध्ययन पद्धतिको एउटा महत्त्वपूर्ण पक्ष हो । नारी वर्गमाथि लैङ्गिक असमानताका कारणबाट उत्पन्न हुने विभेदजन्य परिस्थितिका विरुद्धमा गरिएका आन्दोलन नारीवादी आन्दोलन हो । लैङ्गिक असमानताको अन्त्य हुनु पर्छ र सामाजिक, सांस्कतिक, आर्थिक, राजनीतिक रूपमा भएका सबै खालका दमन र उत्पीडनबाट नारी वर्गले मुक्ति पाउनु पर्छ भन्ने उद्देश्यका साथ नारीवादी चिन्तनको सुरुआत भएको हो । यो महिलाको विचार, दर्शन र राजनीति हो । यस वादले महिलालाई महिलाकै कोणबाट हेर्दछ । नारीवादले पितृसत्ताले संसारभरि नै महिलालाई हरेक पक्षबाट कमजोर बनाएको छ भन्ने

धारणा राख्दछ । महिलाले पनि पुरुष सरह अधिकार र अवसर पाउनुपर्छ भन्ने मान्यताका साथ नारीहरूले आफ्नो हक, अधिकार खोज्ने क्रममा एउटा आन्दोलनको रूपबाट नारीवादको सिद्धान्त जन्मिएको हो । समाजमा परम्परादेखि चलिआएको लिङ्गकेन्द्री पुरुष विचारधारा, पुरुषद्वारा निर्धारित नारीको स्थान र रुढिवादी मूल्यमान्यताको यसले विरोध गर्छ ।

पाश्चात्य मुलुकमा नारीमुक्तिको सङ्घर्ष लामै समयदेखि चलेको पाइए तापनि नारीवादी आन्दोलन सन् १९६० को दशक अगि नभएको देखिन्छ । त्यतिखेरसम्म समाजमा नारीको अवस्थित एकदमै प्रतिकूल रहेको पाइन्छ । पाश्चात्य साहित्यशास्त्रका सुप्रसिद्ध चिन्तक एरिस्टोटलले नारीहरु केही गुणहरूको कमीका कारण नारी भएका हुन् भन्दै नारीको त्रुटि वा कमजोरी औंल्याएका छन् (शर्मा, लुइटेल, २०७६, पृ. ३७१-३७२) । कोही पनि प्राणी नारी र पुरुष भनेर जन्मिएको हुँदैन, प्रकृतिले सबैलाई बराबर मान्छ तर सामाजिक व्यवस्थाले यो विभेद जन्माएको हो । नारीवादी सिद्धान्तको सुरुवात २० औं शताब्दीमा पाश्चात्य साहित्य समालोचनाबाट भएको हो । सन् १९४९ मा प्रकाशित फ्रान्सेली नारी लेखक सिमोन द बुभाको *द सेकेन्ड सेक्स* लाई नारीवादी लेखन तथा आन्दोलनको युगान्तकारी कृतिका रूपमा लिइन्छ । उनले यस कृतिमा समाजमा नारीको स्थिति र भूमिकाबारे प्रश्न उठाउँदै नारीको पहिचानसम्बन्धी विस्तृत समीक्षा गरेकी छन् । नारी समस्याप्रति पहिलेदेखि नै आवाज उठेको भए पनि भर्जिना उल्फ, सिमोन द बुभाजस्ता सशक्त प्रतिभाहरूको उदयपछि यसले व्यापकता पाएको हो ।

उत्तरआधुनिक साहित्य सिद्धान्तको महत्त्वपूर्ण उपलब्धिका रूपमा नारीवादी सिद्धान्त रहेको छ । यसले कृतिभित्र नारीलाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको विश्लेषण गर्छ । यस सिद्धान्तमा नारीको अवस्था मात्र चित्रण नगरेर पितृसत्ताले नारीमाथि कसरी दमन गरेको छ । सामाजिक, सांस्कृतिक पितृसत्ताले नारीलाई गरेको दमनका साथै नारीले पितृसत्ताका विरुद्ध प्रतिरोध गर्दै आएको अवस्थाको विश्लेषण गर्छ । पितृसत्ताको प्रभुत्वले नारीको यौनिकताको अधिकार, गतिशीलताको अधिकार, प्रजनन स्वास्थ्यको अधिकार, श्रम तथा उत्पादन क्षमताको अधिकार लगायत सम्पूर्ण अधिकारमा पुरुषलाई निर्बाध रूपमा अङ्कुश लगाउन छुट दिएको (अधिकारी, २०७६, पृ. १५७) । नारीहरू प्राकृतिक रूपमा कमजोर छैनन् बरु उनीहरूलाई प्रकृतिले पुरुषहरूको भन्दा बढी विशिष्टता प्रदान गरेका छन् तर समाज व्यवस्थाका विभिन्न संरचनाहरूमा नारीहरूलाई सामाजिक रूपमा पछाडि पारिएको छ र दोस्रो

दर्जाको नागरिकका रूपमा मूल्याङ्कन गरिएको छ भन्दै त्यस प्रवृत्तिका विरुद्धमा नारीवादी चिन्तन सुरु भएको छ । नारीवाद मूलतः राजनीतिक शब्द हो र यसको उद्देश्य लिङ्ग राजनीतिसित गाँसिएको छ । यो मूलतः पितृसत्तात्मकताका विरुद्धमा केन्द्रित छ । वास्तवमा नारीवाद शब्दले साहित्यिक पक्षलाई भन्दा लैङ्गिक पक्षलाई समेट्छ (बराल, एटम, २०५६, पृ. ८९) । लैङ्गिक आन्दोलनमा केन्द्रित मूल नारीवादी आन्दोलनका एक अंशका रूपमा साहित्यिक क्षेत्रमा नारीवादी चिन्तन अगाडि आएको छ ।

मातृ अधिकारको उन्मूलन, पितृ अधिकारको स्थापना एवम् युग्म परिवार विस्तार एकनिष्ठ विवाहका प्रथामा संक्रमण भएबाट यो निरङ्कुशताको पुष्टि भयो भन्ने मान्यता एङ्गेल्सले राखेका छन् । बिसौँ शताब्दीको सुरुआतसँगै नारी वर्गले आफूहरूमाथि हुने शोषण र उत्पीडनका विरुद्धमा विभिन्न चिन्तनहरू प्रस्तुत गरेका छन् । सन् १९२० को दशकमा रिवेका वेस्ट तथा भर्जिनिया उल्फका कृतिहरूमा पितृसत्तात्मक समाजबाट नारीहरूले भोग्दै आएको आर्थिक, शैक्षिक तथा प्राकृतिक प्रतिकूलता छर्लङ्ग पारिएको छ साथै उल्फका *अ रुम अफ ओन्स ओन* (१९२९) कृति नारीवादी आन्दोलनको शास्त्रीय अभिलेख बन्न पुगेको छ ( शर्मा, २०६१, पृ. ३७२) । सिमोन द बुभाले *द सेकेन्ड सेक्स* (१९४९) मा कोही जन्मिदै नारी जन्मिने होइन समाजले उसलाई नारी बनाउँदछ भन्ने मान्यता राखेकी छन् (बुभा, २०५९, पृ. २९७) भन्ने मान्यता राखेकी छन् । उनको यही कृतिबाट नारीवादी आन्दोलनको सुरुआत भएको भन्ने पनि मानिन्छ । जे भनिए तापनि आधुनिक नारीवादी आन्दोलन सत्तरीको दशकको उत्तराद्धदेखि विधिवत रूपमा अमेरिकाबाट आरम्भ भएको हो ।

### २.१.३ नारीवादी समालोचनाका पक्षहरू

नारीवादसम्बन्धी अध्ययन गर्ने दृष्टिकोणहरू एउटै नभएर फरकफरक रूपमा देखापरेका छन् । उदार नारीवाद, समाजवादी नारीवाद र मार्क्सवादी नारीवादी जस्ता थुप्रै सिद्धान्त स्वरूपहरू रहेका छन् । यसरी नारीवादका विभिन्न स्वरूपहरू देखापरे तापनि यसको मूल उद्देश्य भने नारी स्वतन्त्रताको वकालत गर्नु नै रहेको छ । सन् १९५० को दशकपछि नारीवादी समालोचनाले एउटा अभियानको रूप लिएको हो । परम्परादेखि नै नारीलाई घरभित्रको आन्तरिक कार्यसँग संलग्न गराइएको पाइन्छ भने पुरुषलाई घर बाहिरको कार्यमा संलग्न गराइन्छ । यसले तिनै अतीतका नारीसम्बन्धी दृष्टिकोण भत्काएर साहित्यको पुनर्मूल्याङ्कनमा जोड दिन्छ । नारीवादले पुरुषसरह अवसर र पहुँचको खोजी गर्दछ । मूल रूपमा लैङ्गिक

आन्दोलनको रूपमा स्थापित नारीवादी आन्दोलनको एक अङ्गको रूपमा साहित्य र समालोचनाको क्षेत्रमा नारीवादी सिद्धान्त स्थापित भएको छ । साहित्य र समालोचना क्षेत्रमा प्रयुक्त नारीवादी सिद्धान्तका पक्षहरू पनि मूल रूपमा नारीवादी आन्दोलनले स्थापित गरेका आदर्शहरू नै हुन् र तिनै आदर्शहरूका आधारमा नै नारीवादी समालोचनाका विभिन्न पक्षहरू अविर्भाव भएका छन् । नारीवादी दर्शनले प्रस्तुत गरेका भिन्नाभिन्नै चिन्तन र दृष्टिकोणहरूको आधारमा नारीवादी समालोचनाका विभिन्न प्रकारहरूलाई यस प्रकार देखाउन सकिन्छ ।

**उदार नारीवाद**

उदार नारीवादले लैङ्गिक समानताको खोजी गर्दछ । यसले शिक्षा, रोजगारी, राजनीति र कानुनी क्षेत्रमा पूर्ण समानताको आग्रह राख्दछ । सबै संरचनाहरूमा पुरुषको सत्ता कायम हुनु र पूर्ण राजनीतिक र कानुनी समानता नहुनुले नै नारीहरू उत्पीडनमा परेका छन् भन्ने तर्क यस चिन्तन अगाडि सारेको छ । पुरुषसरह नारीको समान अधिकारको नारा सहित सर्वप्रथम आएको नारीवादी चिन्तन उदार नारीवादी हो । यो नारीवादी मान्यता जोन स्टुवार्ट मिलको उदार राजनैतिक विचारबाट प्रभावित देखिन्छ । उदार नारीवादले नारीहरूको स्वतन्त्रताको पक्षमा आवाज उठाएको छ । मिलले महिलाहरू पुरुष समान सक्षम छैनन् उनीहरूले पुरुषसरह काम गर्न सक्दैनन् भन्नु गलत बुझाइ मात्र हो भन्ने विचार राखेका छन् । जैविकीय रूपमा पनि यी दुइबीच पुरुषसरह नारीहरूले आफ्नो जीवनलाई जस्तो चाहन्छन् त्यस्तै तरिकाले जिउन स्वतन्त्र हुनुपर्छ, भन्ने दृष्टिकोण उदार नारीवादको रहेको छ । आँफू पूर्वका चिन्तकहरूको विचारलाई मिलले असत्य र अमान्य भन्दै त्यसको खण्डन गरे । यसैगरी त्यस समयकी प्रख्यात नारीवादी हेरिट टेलरले महिलाहरूलाई सामाजिक कार्यमा स्वतन्त्रता हुनुपर्नेमा जोड दिँदै घर बाहिरको पेसा, शिक्षा, स्वास्थ्य आदि पक्षमा महिलाहरूको स्वतन्त्रताका पक्षमा बहस गरिन् (पन्त, २०७५, पृ. ५१) । सामाजिक- सांस्कृतिक, आर्थिक, राजनैतिक आदि हरेक पक्षबाट महिलावर्ग विभेदग्रस्त भएको विश्वपरिवेशमा उदार नारीवादले महिलाका लागि उपर्युक्त सबै स्वतन्त्रता र समानताको बहसको आरम्भ गरेको देखिन्छ ।

सुरुको अवस्थाका उदार नारीवादीहरूले शिक्षा, रोजगार, सम्पत्ति र मताधिकारमा पुरुषको जत्तिकै स्वतन्त्र भूमिकाको खोजी अथवा पुरुषहरूका जत्तिकै पूर्ण राजनीतिक सामाजिक अधिकारको खोजी गरेका थिए । जे.एस.मिलको दृष्टिमा गहन शिक्षाको प्राप्तिले नै सामाजिक सुधार ल्याउँछ, त्यसैले शिक्षा महिलाहरूको उन्नतिको प्रमुख आधार हो र शिक्षाले नारीहरूलाई

रोजगारीको सिर्जना गरेर आत्मनिर्भर गराउने मात्र होइन आत्मनिर्णयको अधिकारप्रति पनि सचेत गराउँछ । पछिल्लो समयका उदार नारीवादीहरूले परम्परागत रूपमा पुरुष वर्गले प्रयोग गर्ने जस्तै समान अधिकारको खोजीमा मात्र भन्दा पनि कानुनी असमानताको पक्षमा आवाज उठाएको पाइन्छ ।

उदार नारीवादी सिद्धान्त स्थापना गर्नमा बेट्टी फ्राइडनको *द फेमिनाइन मिस्टिक* (१९६३) को प्रमुख भूमिका छ । यस कृतिमा फ्राइडनले द्वितीय विश्वयुद्धपछि अमेरिकी नारीहरूमा आफूहरू केवल घरायसी क्रियाकलापमा र घरेलु प्राणीको रूपमा मात्र परिचित हुनु परेको र आफूहरू शोषित भइरहेको चेतना जागृत भएको छ भन्ने विचार प्रस्तुत गरेकी छन् । समग्र नारीहरूको जीवन लोग्नेलाई खुसी पार्न, आकर्षित गर्न, उसका आवश्यकताहरू पुरा गर्न र बाल बच्चाहरूको स्याहार गर्नमा नै बितेको छ जसले गर्दा नारीहरूले आफ्नो अस्तित्वको अनुभूति गर्न पाएका छैनन् । उनीहरूले आफ्ना मानवीय चाहनाहरूलाई नै दबाएर राखेका छन् । पुरुषको दमन र शोषण सहेर घरभित्रका क्रियाकलापमा मात्र सीमित पारिएकाले नारीहरूको बाहिरी संसारसँग कुनै सम्बन्ध नै छैन भन्ने यथार्थको उजागर फ्राइडनले गरेकी छन् । उनको यस विश्लेषणले नारीहरूमा जागृति र चेतनाको लहर ल्याएको छ, साथै उदार नारीवादी चिन्तनको महत्त्वपूर्ण आधार स्थापना गरेको छ । महिलाहरूका लागि गरिएको उच्चतम मूल्याङ्कन र आफ्नो व्यक्तिगत स्वार्थका लागि गरिएका देखावटी प्रतिबद्धताहरू परम्परागत मूल्य मान्यताहरू भन्दा बढी खतरनाक हुन्छन् भन्ने दृष्टिकोण देखावटी रूपमा महिला शोषणको विरुद्धमा आवाज उराल्ने तर व्यावहारिक जीवनमा त्यसलाई लागू नगर्नेहरूको विरुद्धमा आएका छन् ।

उदार नारीवादका सम्बन्धमा रिचार्ड्सले द स्केप्टिकल फेमिनिस्ट, (१९९४)मा उग्र नारीवादीहरू र नारीवाद विरोधीहरूका तर्कहरूको खण्डन गर्दै नारी स्वतन्त्रताका पक्षमा आवाज उठाएकी छन् । सुसन मोलर ओकिनले *इन जस्टिस, जेन्डर एन्ड द फेमिली* (१९८९) मा वर्तमानमा नारीहरू सामाजिक प्रणालीद्वारा नै जीवनका हर क्षेत्रमा महत्त्वहीन बनाइएका छन् र त्यसो हुनाको प्रमुख कारण असमानता युक्त कामको वितरण हो, जहाँ नारीहरूलाई मूल्य प्रदान नगरिने घरायसी काममा लगाइन्छ र उनीहरूको श्रमको शोषण गरिन्छ भन्ने दृष्टिकोण राखेकी छन् । उनका अनुसार घरायसी कामको पुनर्वितरण र घरायसी उत्तरदायित्वबाट मुक्त हुँदैमा मात्र नारीहरू स्वतन्त्र हुन्छन् भन्ने होइन कि पुरुषहरूले पनि

नारीहरूले जस्तै पारिवारिक दायित्व निर्वाह गर्ने हो भने र निर्णायक भूमिकामा दुवै वर्ग समान रूपमा सहभागी हुने हो भने नारीहरूले पनि आफ्नो क्षमता अभिवृद्धि गर्न सक्छन् भन्ने धारणा राखेकी छन् ।

समग्रमा उदार नारीवाद पुरुष विरोधी नारीवादी सिद्धान्त होइन, पितृसत्ता विरोधी सिद्धान्त हो र यसले पुरुष समान सहभागिता र अधिकारको खोजी गरेको छ । यसले शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति, धर्म, कानुन आदिजस्ता राज्य संरचनाका विभिन्न क्षेत्र र तहहरूमा नारीहरूको भूमिकाको खोजी गर्दछ र तमाम खालका शोषणहरूका विरोध गर्दछ । नारी वर्गलाई श्रमको रूपमा गणना नगरिने घरायसी काममा र पुरुषहरूको दासीको रूपमा मूल्याङ्कन गरिने प्रवृत्तिको विरोध गर्दछ । यसले व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकतामाथि गहिरो चासो राख्दछ । सामाजिक बन्धनबाट मुक्ति भन्नुको अर्थ सरकार, राज्य र अफ त्यसभन्दा पनि बढी सांस्कृतिक रीतिथिति एवं दुराग्रहबाट मुक्ति हो । नागरिकता र पुरुषसँगको बराबरीका कुरा नै उदार नारीवादी दृष्टिकोणको केन्द्रविन्दु हो (त्रिपाठी, २०६९, पृ. ७४) । पुरुष वर्गको बहिष्कार वा अस्वीकार भन्दा पनि समान सहभागिता, समान अधिकार र समान भूमिकाको खोजी गर्ने भएकोले यो उदार नारीवादी सिद्धान्त हो ।

## मार्क्सवादी नारीवाद

मार्क्सवादी नारीवादले नारी शोषणलाई पूँजीवाद र निजी सम्पत्तिको सापेक्षतामा विश्लेषण गर्दछ । कार्ल्स मार्क्सको राजनैतिक तथा सामाजिक दर्शनले प्रेरित मार्क्सवादी नारीवाद महिलाको आर्थिक पक्षसँग बढि सम्बधित देखिन्छ । मार्क्सवादले नारी र पुरुषबीचको असमान शक्ति सम्बन्धलाई जोड दिएको छ । यसैगरी मार्क्सवादी नारीवादले महिला पुरुषबिचको असमान शक्ति सम्बन्धका आधारमा लैङ्गिक सम्बन्धको विकास तथा व्यवहारिक यथार्थलाई जोड दिने गर्दछ । नारीवादका विभिन्न धाराहरूमध्ये मार्क्सवादी नारीवाद विश्वकै अधिक महत्त्वपूर्ण धारा हो । यसले मार्क्सवादबाट महिलाको आर्थिक शोषणको ऐतिहासिक सन्दर्भको व्याख्या गर्ने आधार लिएको छ (पन्त, २०७५, पृ. ५४) । नारीको नारी शोषण र मुक्तिको पक्षलाई विशुद्ध रूपमा नारी शोषणसँग मात्र सीमित नराखी वर्गीय शोषणको एक पक्ष मानेर विश्लेषण गर्ने सिद्धान्त मार्क्सवादी नारीवादी सिद्धान्त हो । नारी शोषणलाई वस्तुवादी किसिमले हेर्नु पर्छ र यसको मूल कारणको खोजी गर्नु पर्छ भन्ने आवाज मार्क्सवादी नारीवादले उठाएको छ ।

नारी वर्गीय शोषणको मूल कारण आर्थिक शोषण नै हो वा या यसको मूल जरो वर्गीय शोषण हो, वर्गीय शोषणको अन्त्य नभएसम्म नारी शोषणबाट मुक्ति पाउन सकिंदैन भन्ने दृष्टिकोण मार्क्सवादी नारीवादले उठाएको छ । मार्क्सवादी नारीवादी सिद्धान्तको स्थापनामा मार्क्स एङ्गेल्स, लेनिन, बेबेल, क्लारा जेटिकन रोजा लर्क्जम्वर्गका आदि चिन्तकहरूका नारी शोषण र मुक्ति सम्बन्धी दृष्टिकोणहरू महत्त्वपूर्ण छन् । अगस्त फ्रेडरिक बेबेलले *ओमन अन्डर सोसियालिजम* (१८७८) कृतिमा नारी वर्गीय समस्याका साथै समाजवादी राज्य व्यवस्थामा नारीहरूको स्वरूप र अवस्थाको बारेमा विश्लेषण गरेका छन् । एङ्गेल्सले *द ओरिजिन अफ द फेमिली, प्राइभेट प्रोपर्टी एन्ड द स्टेट* (१८८४) मा नारी शोषण वर्गीय समाजको उपज हो, जुन केवल सर्वहारावर्गीय क्रान्तिले ल्याउने समाजवादी राज्य मात्र निर्मूल हुन सक्दछ र नारीहरू समाजवादी साम्यवादी राज्यमा मात्र आर्थिक रूपमा आत्म निर्भर हुन सक्दछन् जहाँ घरेलु कार्यभार र बाल बच्चाको स्याहार पनि सामूहिक रूपमा गरिन्छ भन्ने दृष्टिकोण व्यक्त गरेका छन् । उनले समाज विकासको ऐतिहासिक स्वरूपको व्याख्या गर्दै वर्गीय समाजको विकाससँगै नारी शोषणको सुरुआत भएको धारणा राखेका छन् । उनका अनुसार प्रारम्भिक समाज मातृसत्तात्मक थियो र मातृसत्ताको पतन विश्व ऐतिहासिक स्तरमा नारी जातिको पराजय थियो ।

जङ्गली युगबाट क्रमशः दासयुगमा समाज विकसित हुँदै जाँदा सम्पत्तिको सञ्चयको क्रम पनि विकसित भयो साथै विवाह र परिवार जस्ता संस्थाको पनि विकास भयो । सम्पत्तिको वृद्धिसँगै पारिवारिक स्थितिमा श्रीमतीको भन्दा लोग्नेको स्थिति प्रभावशाली भयो । पतिले घरमा शासनको बागडोर आफ्नो हातमा लियो, पत्नी अधिकारच्यूत भइन्, दासी बनिन्, पतिको बासनापूर्ति बन्ने साधन बनिन्, सन्तान उत्पादन गर्ने सामान्य यन्त्रमा परिणत भइन् । यी समाजवादी विचारकहरूका नारी सम्बन्धी चिन्तन र विचारहरू मूलतः राजनीतिक दर्शनहरू हुन्, यिनै विचारकहरूका चिन्तनबाट नै मार्क्सवादी नारीवादी समालोचना प्रभावित छ । मिचेल ब्यारेट, जुडिथ ब्यम्यान, डेबोर्थ रोजेन फल्ट, मेरी इगल्टन, पेन्नी बौभेली, कोरा क्प्लान, मारिया लरेट आदि मार्क्सवादी नारीवादी समालोचकहरू हुन् (बराल, एटम, २०५६, पृ. ९१) । नारीवाद र सामाजिक सम्बन्ध बिच अध्ययन गर्ने मिचेल ब्यारेटले नारीवादलाई केवल लिङ्गवादमा सीमित राख्नु हुँदैन यसलाई इतिहासको सापेक्षतामा र वर्गीय सामाजिक सांस्कृतिक संरचनाको आधारमा व्याख्या गरिनु पर्छ भन्ने मान्यता राख्छिन् । नारीहरूमा कुनै दोष नै नदेख्ने र नारीहरू स्वभावैले निर्धा र शक्तिहीन ठान्ने दुवै प्रवृत्ति ठिक छैनन्, यसलाई वस्तुवादी

किसिमले हेर्नु पर्छ भन्ने धारणा जुडिथ न्युम्यान र डेबोर्थ रोर्जनफल्टको रहेको छ । यस दृष्टिकोणले मार्क्सवादले प्रस्तुत गरेको वर्गीय मुक्ति र नारी मुक्ति अभिन्न पक्ष हो भन्ने चिन्तनलाई समर्थन गरेको छ । वर्गीय मुक्ति नभएसम्म नारी मुक्ति पनि सम्भव छैन भन्ने मार्क्सवादी दर्शनमा देवकोटा प्रतिबद्ध छन् । मार्क्सवादी दर्शनलाई आफ्नो चिन्तनको मूल आधार बनाएको मार्क्सवादी नारीवादी सिद्धान्तले समाजका हरेक पक्षहरूको आधार संरचनाको रूपमा आर्थिक पक्षलाई मान्दछ र शोषणको मूल आधार पनि आर्थिक शोषण नै हो भन्ने मान्यता राख्दछ । यसले नारी शोषणलाई पुरुष शोषणको रूपमा मात्र मूल्याङ्कन गर्दैन र निरपेक्ष रूपमा पुरुषहरूको मात्र विरोध पनि गर्दैन । नारी समस्या अन्य सामाजिक, सांस्कृतिक, राजनीतिक समस्याजस्तै एक समस्या हो र यी सबै समस्याको केन्द्रमा आर्थिक शोषण रहेको हुन्छ भन्दै आर्थिक शोषणको सापेक्षतामा नारी शोषणको व्याख्या मार्क्सवादी नारीवादी चिन्तनले राख्ने गर्दछ । यसले नारी शोषणको ऐतिहासिक व्याख्या गर्दै पुँजीको सञ्चिति र निजी परिवारको उत्पत्तिसँगै नारी शोषणको सुरुआत भएको चिन्तनलाई आफ्नो दर्शनको आधारको रूपमा ग्रहण गरेको छ ।

मार्क्सवादी दर्शनबाट वर्गीय शोषणको अवधारणालाई ग्रहण गरेर लैङ्गिक शोषणलाई अन्तर्सम्बन्धित गराई विश्लेषण गर्ने काम मार्क्सवादी नारीवादीहरूले गरेका छन् । समाजमा आफ्नो हैसियत कायम गर्नका लागि पुरुषलाई पुँजीवादसँग लडे पुग्छ भने महिलाले एकातिर पुँजीवादसँग र अर्कोतिर पितृसत्तासँग दोहोरो लडाइँ लड्नु पर्ने हुन्छ । कामको लैङ्गिक विभाजन र पुरुष हैकमले महिलाहरू थिल्थिलिएका छन् । यिनीहरू आपसमा यति धेरै अन्तर्सम्बन्धित छन् कि कामको लैङ्गिक विभाजनको अन्त्य गर्नका लागि पुरुष आधिपत्यलाई पनि पराजित गर्नै पर्ने हुन्छ (त्रिपाठी, २०६९, पृ. ८७) भन्ने दृष्टिकोण मार्क्सवादी नारीवादीहरूको छ । मार्क्सवादी नारीवादी समालोचना मार्क्सवादी दर्शनले स्थापित गरेको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दर्शनको वर्गीय शोषणको चिन्तनलाई आधार बनाउँदै त्यसैको सापेक्षतामा नारी समस्यालाई विश्लेषण गर्ने सिद्धान्त हो । समाज र संस्कृतिको सापेक्षतामा नारी शोषणको मूल्याङ्कन र विश्लेषण हुनु पर्छ भन्ने विचारलाई यसले केन्द्रमा राखेको छ । नारी शोषणको मूल आधार वर्गीय शोषण नै हो र वर्गीय समाजको अन्त्य नहुन्जेल नारी शोषणबाट उन्मुक्ति पाउँन सकिँदैन भन्ने विचारलाई यस चिन्तनले अगाडि सारेको छ । शोषणको मूल वर्गीय आधार भए पनि नारी शोषणको केन्द्रमा भने पितृसत्तात्मक शोषण रहेको हुन्छ, अतः पितृसत्ता

र वर्गीय सत्ताको अन्त्यमा मात्र नारी मुक्ति सम्भव छ भन्ने दर्शनलाई मार्क्सवादी नारीवादले मूल रूपमा उठाएको छ ।

### कट्टर नारीवाद/आमूल नारीवाद

पितृसत्तात्मक समाजको पारिवारिक संरचनाभित्रका नारीहरूको यौनिकता तथा महिलाको लैङ्गिक पहिचानको नयाँ किसिमको व्याख्या गर्दै विकसित नारिवादी धार आमूल नारीवादी धारा हो । नारी शोषणको प्रमुख कारण पितृसत्तात्मक समाज व्यवस्था हो भन्ने यस धाराले पितृसत्ताबाट पीडित महिलाहरूले त्यसको सामना गर्नका लागि प्राकृतिक लिफ्को भूमिकामा समेत विकल्पको समेत खोजी गर्नुपर्ने मान्यता यसले राखेको पाइन्छ । उदार नारीवादहरूका सुधारका माध्यमले महिला मुक्ति हुन्छ भन्नेमा विश्वास नलागेपछि सन् १९६८ मा टाइ ग्रेस एट्किन्सनको नेतृत्वमा अलग भएको एउटा नारीवादी समूह नै आमूल नारीवादी समूहमा परिणत भएर पितृसत्तालाई नै आफ्नो प्रमुख शत्रु ठानेर आफ्नो कार्यदिशा तय गरेको देखिन्छ (पन्त, २०७५, पृ.५८ ) । यो सिद्धान्त नारीहरूद्वारा र नारीहरूको लागि निर्माण भएको हो । नारी आन्दोलनका लागि अनुभूति र दृष्टिकोणहरू प्रमुख हुन्छन्, त्यसैले नारीवादी आन्दोलनले कुनै पनि राजनीतिक दृष्टिकोण, मागसँग सम्झौता गर्नु पर्दैन भन्ने वैचारिक चिन्तन आमूल नारीवादी सिद्धान्तको रहेको छ ।

पुरुषहरूद्वारा नारीहरूमाथि हुने दमन र शोषण नै आधारभूत र विश्वसनीय शोषण हो र पितृसत्ता नै यसको प्रमुख कारण हो, त्यसैले नारीहरूले सङ्गठित भएर पुरुषहरूको दमनको विरुद्धमा आवाज उठाउनु पर्दछ । नारी शोषणको अन्त्य गर्ने आन्दोलनमा पुरुषहरूको कुनै सहभागिता हुनु हुँदैन । आफ्नो अधिकार प्राप्तिको लागि नारीहरूले नै सङ्गठित सङ्घर्ष गर्नु पर्छ भन्ने विचारलाई यस चिन्तनले अगाडि सारेको छ । कट्टर नारीवादी सिद्धान्तको स्थापना केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (१९७७) बाट भएको हो, यद्यपि सिमोन द बुभाको *द सेकेन्ड सेक्स* (१९४९) ले यस सिद्धान्तको स्थापनामा आधारभूमि निर्माण गरेको छ । बुभाले कोही जन्मदै नारी भएर जन्मदैन, उसलाई समाजले नारी बनाउँछ भन्ने दृष्टिकोण सहित नारी अस्तित्व र अधिकारको पक्षमा आफ्ना विचार अगाडि सारेकी छन् । बुभाले दर्शन, मनोविज्ञान, मानवशास्त्र, इतिहास र साहित्यले पनि महिलाहरू पछि पर्नाको कारण उसको जीवविज्ञान होइन भनेर प्रमाणित गरेकी छन्, त्यसैले नारी जीवविज्ञानले होइन, राजनीतिक, सांस्कृतिक, आर्थिक र कानुनी अड्चनहरूले पछाडि परेका हुन् । वास्तवमा नारीलाई समाजमा

निम्न अधीनस्त र दोस्रो दर्जाको नागरिक तुल्याइएको छ र पितृसत्तात्मक सामाजिक सांस्कृतिक व्यवस्थामा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ । समाज र संस्कृतिका तमाम तहहरूमा नारी वर्गमाथि प्रमुख रूपमा शोषण गर्ने वर्ग पुरुष नै हो र नारी आन्दोलन यसै वर्गको विरुद्धमा केन्द्रित हुनु पर्छ भन्ने दृष्टिकोण आमूल नारीवादको रहेको छ । महिलाहरूमाथि पितृसत्ताले गर्ने शोषण नै राज्यशक्तिको प्रमुख र स्पष्ट विशेषता हो । कट्टर नारीवादीहरूले मार्क्सवादीहरूले भन्ने गरेको 'नारी शोषण वर्गीय समाजको उपज हो' भन्ने कुरालाई पूर्णतः अस्वीकार गर्दछन् । पुरुषहरूको शोषण र दमनबाट नारीहरू सदैव हेपिने र उत्पीडनमा पर्ने हुनाले नारीहरूले उनीहरूलाई निषेध गर्नु पर्छ र हरेक क्षेत्रबाट अस्वीकार गर्नु पर्छ । पुरुष वर्गलाई सहयोगी र मित्र शक्तिको रूपमा हेरेर उनीहरूलाई साथ लिएर गरिने आन्दोलनहरूले नारी शोषणको अन्त्य गर्न सक्दैनन् । त्यसैले नारी अधिकार प्राप्तिको आन्दोलनमा पुरुष सहभागिता र सहयोग अस्वीकार्य छ भन्ने वैचारिक दृष्टि कट्टर नारीवादीहरूको छ ।

आमूल नारीवादी सिद्धान्तले मूल रूपमा पुरुष सत्ताको विरोध गर्दछ र पुरुषहरू नै नारी दमन, शोषण र उत्पीडनका प्रमुख कारकहरू हुन् भन्ने मान्यता राख्दछ । शक्ति र सत्ताको कारणले उनीहरूले नारीहरूलाई सर्वव्यापी रूपमा हर क्षेत्रमा दमन र शोषण गरि रहेका छन् । त्यसैले पुरुष सत्ताको अन्त्य गरी नारी सत्ताको स्थापना नगरेसम्म नारीमाथि हुने कुनै पनि उत्पीडनबाट मुक्ति पाउन सकिन्न भन्ने धारणा उनीहरू राख्दछन् । जीव वैज्ञानिक रूपमा नारीहरू कमजोर छैनन्, सामाजिक व्यवस्थाले उनीहरूलाई कमजोर तुल्याएको हो र पुरुषहरू यसका कारक हुन् त्यसैले पुरुष सत्तालाई नारी सत्तामा रूपान्तरित नगरेसम्म नारी मुक्ति सम्भव छैन भन्ने चिन्तन कट्टर नारीवादीहरूको रहेको छ ।

### समाजवादी नारीवाद

लैङ्गिक दमनको सामाजिक कारक तत्वहरूको खोजीका क्रममा नारीवादको अर्को अवधारणाको विकास हुन पुग्यो । यसलाई उदार तथा मार्क्सवादी नारीवादको मिलित रूप पनि भनिन्छ । यो नारीवादी धारा समाजवादी नारीवादी धाराका रूपमा स्थापित भएको पाइन्छ । आमूल नारीवाद र मार्क्सवादी नारीवादले नारी शोषण र मुक्तिका सम्बन्धमा प्रस्तुत गरेका पृथक चिन्तन र दृष्टिकोणहरूको बिचबाट समाजवादी नारीवादी चिन्तन स्थापित भएको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलाहरू पुरुषबाट लैफ्कि विभेदमा

परेका त छन् नै यसका साथै नारी स्वयम्बाट नै पनि लैङ्गिक विभेद सृजना हुने गर्दछ भन्ने मत समाजवादी नारीवादीहरूले राखेको देखिन्छ । नारीवादको यस धाराले सामाजिक व्यवस्थाभित्र विद्यमान विभेदको अन्त्यका लागि महिला पुरुषबिचको समानतालाई सर्वोपरि महत्त्व दिँदै महिला सशक्तिकरणलाई जोड दिएको पाइन्छ । समाजको प्रत्येक तहमा महिला पुरुषको अधिनमा रहनुलाई लिङ्गका आधारमा गरिएको श्रम विभाजन तथा त्यसै अनुरूप स्थापित सांस्कृतिक मान्यताको उपज मान्ने समाजवादी महिलावादी धाराले लैफ्कि विभेद तथा महिलाको उत्पीडनका लागि कुनै एक मात्र नभइ विविध पक्ष जिम्मेवार रहेको ठान्दछ (पन्त, २०७५, पृ. ५५) । समाजवादी नारीवादको आफ्नो छुट्टै अवधारणा नरहेको अन्य नारीवादी मान्यताहरुमा रहेको रिक्तताको पूर्णताका लागि अस्तित्वमा आएको अवधारणा भएको हुनाले यसले अन्य नारीवादी मान्यताहरुलाई आवश्यकताअनुसार ग्रहण गरेको देखिन्छ । यसो भए पनि महिलाका समस्या एवम् जटिलताहरुको समाज सापेक्ष व्याख्या तथा पुनर्व्याख्याका सन्दर्भमा यस धाराको पनि आफ्नै महत्त्व देखिन्छ ।

मार्क्सवादी नारीवादले वर्गसङ्घर्षको माध्यमबाट स्थापित समाजवादी व्यवस्थामा मात्र नारी मुक्ति सम्भव ठान्ने र आमूल नारीवादी चिन्तनले पितृसत्ताको अन्त्य र मातृसत्ताको स्थापना मात्र नारी मुक्ति सम्भव ठान्ने सन्दर्भमा यी दुवै चिन्तनका केही पक्षहरूलाई एकीकृत रूपमा समेटेर समाजवादी नारीवादी चिन्तन अगाडि आएको हो । समाजवादी नारीवादहरूले मार्क्सवाद भित्रका 'वर्ग','श्रम' जस्ता कुराहरूलाई स्वीकार गर्छन् तर वर्ग विभाजनको ऐतिहासिक निरन्तरताका आधारमा लैङ्गिक दमनको प्रारम्भ भएको होइन भन्ने कुरामा आमूल नारीवादसँग मतैक्य राख्छन् । वर्गीय विभेद नै नारी र पुरुष बिचको विभेदको कारण हो भन्ने तर्फ उनीहरूको सहमति छ तर समाजको इतिहासमा नारी शोषणको प्रारम्भ वर्गीय शोषणको प्रारम्भसँग सम्बन्धित छैन र यो पितृसत्तात्मक शोषणबाट नै प्रारम्भ भएको हो भन्नेमा उनीहरू प्रतिबद्ध छन् । समाजवादी नारीवादभित्र यस्तो द्वैध व्यवस्था पाइन्छ जसले सामाजिक सङ्गठनका भिन्न प्रक्रिया र पहिचानका शक्तिका भिन्न दुई रूपलाई प्रस्तुत गर्दछ र ती हुन् पितृसत्ता र पुँजीवाद (त्रिपाठी, २०६९, पृ. १०७) । यसले वर्गीय संरचनालाई आधारका रूपमा प्रस्तुत गर्दै यसैको आधारमा पितृसत्तात्मक शोषणको व्याख्या गर्दछ । पुँजीवाद र पितृसत्ताको दोहोरो शोषणबाट नारीहरू ग्रसित हुन्छन् भन्ने चिन्तनलाई समाजवादी नारीवादले प्रस्तुत गर्दछ ।

## अन्य नारीवादी समालोचना

राजनैतिक नारीवादी समालोचना मार्क्सवादतिर ढल्किएको छ। यस अन्तर्गत केट मिलेट, मार्गरिट मिड, मिसेल बारेट आदिको विशिष्ट भूमिका रहेको छ । मार्गरिट मिडले नारीहरूलाई राजनैतिक दृष्टिका साथ मनोवैज्ञानिक, आर्थिक, सांस्कृतिक, धार्मिक दृष्टिबाट समेत प्रताडित गरिएको छ भन्ने धारणा व्यक्त गरेकी छन् । मनोविश्लेषणवादी नारीवादी समालोचनाले अचेतनलाई भाषाको संरचना जस्तै गरी विश्लेषण गर्दछ र नारी लेखकहरूका कृतिहरूको विश्लेषण गर्दा कृतिकारको मनस्थितिको उपज ठानेर कृतिको विश्लेषण गर्दछ । गाइनो समालोचकले नारीहरूको आफ्नै संसार छ भन्ने दृष्टिकोण अँगाली समालोचना गर्दछ । नारी लेखकहरूका कृतिहरूको प्रकाशनमा जोड दिनुका साथै उनीहरूद्वारा लेखिएका कृतिहरूको पुनर्मूल्याङ्कन र पुर्नसमीक्षणको आग्रह गर्दछ र नारीवादी कोणबाट नारी लेखकका कृतिहरूको विश्लेषणमा जोड दिन्छ । लेस्वियन नारीवादले समलिङ्गी, तेस्रो लिङ्गी नारीहरूको अस्तित्व र अधिकारको खोजी गर्दछ साथै सम्मानजनक पहिचान र नारी अस्मिताको माग गर्दछ । शब्द चिह्नकेन्द्रित उत्तर आधुनिक नारीवादी समालोचनामा कृतिमा निहित भाषाको प्रयोगको आधारमा कृतिको विश्लेषण गर्ने गरिन्छ । नारीहरूका लागि छुट्टै नारी भाषाको प्रयोग हुन्छ र शब्दहरूको प्रयोगबाटै नारीहरूमाथि भएको हेय दृष्टिलाई विश्लेषण गर्न सकिन्छ भन्ने विचारलाई यस पक्षले समेट्छ । उदार नारीवाद, मार्क्सवादी नारीवाद आमूल नारीवादी र समाजवादी नारीवादी राजनीतिक दार्शनिक चिन्तनहरू हुन् र यिनै विभिन्न चिन्तन र दर्शन बोकेका सिद्धान्तहरू नै नारीवादी समालोचनाका आधारहरू पनि हुन् । यिनै दर्शनको आधारमा उदार नारीवादी समालोचना, मार्क्सवादी/समाजवादी नारीवादी समालोचना, कट्टर नारीवादी समालोचना, समाजवादी नारीवादी सिद्धान्तहरू प्रतिपादन भएका छन् । यस बाहेक उत्तर आधुनिककालीन अवधिमा मनोविश्लेषणवादी नारीवादी समालोचना, गाइनो समालोचना, शब्द र चिह्न केन्द्रित उत्तर आधुनिक समालोचना, कालो नारीवाद, लेस्वियन नारीवाद जस्ता नवीन प्रवृत्ति र मूल्य बोकेका नारीवादी समालोचनाका स्वरूपहरू देखा परेका छन् । समग्रमा नारीवादी सिद्धान्त नारीहरू माथिको शोषण र उत्पीडनको विरुद्धमा निर्माण गरिएको चिन्तन वा दर्शन हो ।

कतिपय समालोचकहरूले नारीका भावनाहरू नारीकै कृतिमा मात्र समेटिने विचार राख्दछन् । प्रस्तुत उपन्यास *चम्पा* लक्ष्मीप्रसाद देवकोटाले नारीहरूलाई कसरी प्रस्तुत गरेका

छन् भन्ने कुराको विश्लेषण यस अध्ययनमा गरिएको छ। यस अध्ययनको मुख्य उदेश्य भनेकै चम्पा उपन्यासमा नारीको उपस्थितिका साथै नारी चेतनाको खोजी गर्नु हो । यसमा नारी दमनको अवस्था, नारीहरूको प्रतिरोध र पुरुष दमनका विरुद्धको आवाज नै मुख्य विषय हो । यस अध्ययनमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसका साथै नारीवादी चेतना सशक्त रूपमा नारी पात्रमार्फत खोजी भएको निष्कर्ष निकालिएको छ ।

## २.२ पितृसत्ताको सैद्धान्तिक अवधारणा

समाजमा सबै क्षेत्रमा पुरुषको वर्चस्व हुनु नै पितृसत्ता हो । यसले महिलाको श्रम, शरीर र आयआर्जनमाथि नियन्त्रण गर्दछ । पित्तृसत्ताकै कारण समाजमा महिलाको प्रतिनिधि साघुँरो हुदै आएको समाजमा पुरुषले भनेको मान्ने, सम्पत्तिको अधिकार नदिने, नारीहरूलाई दबाएर राख्ने, परिवारमा पुरुषकै हैकम चल्ने नारीको श्रमशक्तिको शोषण गर्ने, नारीहरूमा प्रजनन अधिकार नहुने, नारी धर्म र कानुनका कारण सहनशील बन्ने, परिवार र श्रीमानलाई सर्वस्व मान्ने, सामाजिक मान्यता र संस्कारमा आफूलाई पूर्ण रूपमा ढाल्ने, आँफूमाथि भएका लैङ्गिक उत्पीडन र विभेदको प्रतिरोध नगर्ने जस्ता विषयहरू पितृसत्ताका मान्यताहरू हुन् । साहित्यलाई पितृसत्तात्मक धारणा तथा व्यवहारको आधारमा अध्ययन र विश्लेषण गर्दा यी मान्यताका आधारमा गरिन्छ । नारीहरू स्वतन्त्र छन् कि छैनन् ? उनीहरूको गतिशीलतामा के कसरी रोक लगाइएको छ ? धार्मिक, सांस्कृतिक, सामाजिक र आर्थिक क्षेत्रमा पितृसत्तात्मक धारणा तथा व्यवहारले नारीमाथि के कसरी विभेद गरेको छ ? भन्ने विषयको खोज गरिन्छ । हाम्रो समाजमा नारीहरूले पितृसत्तात्मक व्यवहारलाई कसरी हेरेका छन् ? नारीहरूको चेतनामा भएको पितृसत्ता के कसरी बाहिर आएको छ ? भन्ने विषयको अध्ययन र विश्लेषण गरिन्छ ।

पितृसत्ता अङ्ग्रेजी शब्द (प्याट्रिआर्की ) को नेपाली रूपान्तरण हो । प्राचिन ग्रिसेली भाषामा 'प्याट्रिया' को अर्थ 'परिवार' र 'आर्कि' को अर्थ 'शासन' भन्ने हुन्छ । जसको तात्पर्य परिवारको मूली र निरङ्कुश शासन वा सरकारको उच्च ओहदामा रहेर शासन गर्ने व्यक्ति भन्ने हुन्छ । पितृसत्ताको अर्थ शासन हो । यसर्थ पितृसत्ता भन्नाले पिताको शासन भन्ने बुझिन्छ । समाजमा महिलाहरू पछि पर्नुको मुख्य कारणमा सामाजिक संरचना हो । जहाँ नारीलाई शोषित र पुरुषलाई सत्ताको रूपमा व्यवहार गरिन्छ, यसलाई नै पित्तृसत्ता भनिन्छ । पितृसत्ता नारीवाद र लैङ्गिक अध्ययनमा बढी प्रयोग हुने शब्द हो । सन् १९६०-७० को दशकमा यस शब्दको प्रयोग बढि मात्रामा भए पनि एङ्गेल्सले आफ्नो पुस्तक फेमिली प्राइभेट

पोपर्टी एन्ड अरिजिन अफ नेसन्स (सन् १८८४) मा नै पितृसत्ताको निर्मित र स्वरूपका विषयमा विस्तृत चर्चा गरेका छन् (भट्टराई, २०७७, पृ. १२९) । पितृसत्ता मानव शास्त्रको विषय हो जहाँ नातागत सम्बन्धका आधारमा सबैभन्दा प्रौढ पुरुष, पिता वा पितृले आफ्नो हातमा शासन लिन्छ र अन्य महिला र पुरुष समेतमा अधिकार कायम राख्दछ ।

प्राचिन कालदेखि नै प्राय : सबै प्रकारका समाजमा पितृसत्ता निरन्तर कायम छ र पुरुषमा अधिकार कायम भई नारीहरू पुरुष अधीनस्थ हुँदै अधिकारबाट वञ्चित भएका छन् । सांस्कृतिक, आर्थिक र सामाजिक हैसियत प्राप्तिमा संस्थागत र व्यवस्थित संरचनाका रूपमा पितृसत्ता रहेको हुन्छ । यसको निर्माणमा पनि यी तत्त्वहरूकै प्रभाव रहेको हुन्छ । यसरी महिलामाथिको शोषण र दमनको केन्द्र पितृसत्ता परम्परागत रूपमा स्वीकार्य पारिवारिक सामाजिक सत्ता सम्बन्ध र पुरुष वर्चस्वको प्रक्रिया हो । महिलाको दमन र शोषणको माध्यमका रूपमा यसलाई संस्थागत गरिएको छ भने यसले सामाजिक मूल्य र मान्यता पनि प्राप्त गरेको छ । यही मान्यताका कारण पितृसत्तात्मक विचारधारा पुरुषमा मात्र नभई महिलामा पनि निर्माण भएको हुन्छ भने परिवारको मुलीमा मात्र नभएर अन्य पनि विद्यमान हुन्छ । सन् १९९० पछिको यौनिकता र सन्दिग्ध सिद्धान्तको आगमन भएको हो (भट्टराई, २०७७, पृ .१३०) । त्यसपछि विकसित लैङ्गिक अध्ययन तथा उत्तर संरचनावादी र उत्तरआधुनिकतावादी युगको नारीवादले पित्तृसत्तालाई जीववैज्ञानिक निर्मित नभएर सांस्कृतिक निर्मित हो भन्ने मान्यताको उपेक्षा गर्दै नारीत्व पुरुषत्व आवश्यक र सार्वभौमिक विभाजन पनि होइनन्, बरु विमर्शजन्य निर्मिक हुन् भन्ने धारणा प्रस्तुत गरेका छन् ।

पितृसत्ता समाज व्यवस्थापनको एउटा त्यस्तो व्यवस्था हो जसमा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा पुरुषको अधीनमा रहन्छन् । पितृसत्ता एक ठोस संरचना हो जसमाथि पुरुषले संस्थागत रूपमा दमन गरेको छ (भट्टराई, २०७७, पृ. १३९) । जसरी पुँजीवादका श्रमीकहरू रङ्गवादमा कालाहरू पितृसत्तात्मक विचारधारा बोकेर, नारीको विचारधारा बोकेर सर्वहाराको विचारधारा बोकेर, कालाहरू शोषण हुँदै आएका छन् । नारीहरू पनि पितृसत्तामा त्यसरी नै शोषित मानिन थालेका छन् (गौतम, २०५०, पृ. ४४५) । समाजमा पुरुषले नारीमाथि प्रभुत्व कायम गर्दछ । उसले नारीमाथि गर्ने शोषण र दमनमा छुट पाउँछ । नारीमाथिका सामाजिक शोषण, आर्थिक शोषण, विभिन्न भेदभावका रूपहरू, हिंसा र असमानता आदि सबै पितृसत्तात्मक सामाजिक संरचनाका विशेषताहरू हुन् (पाण्डे, २०६९, पृ. ६१) । पुरुषप्रधान

समाजमा पुरुषलाई मुख्यतः कमाउने र घरपरिवारको संरक्षकको रूपमा हेरिन्छ भने नारीलाई घरको काम गर्ने व्यक्तिको रूपमा हेर्ने चलन रहेको पाइन्छ । नारीहरूमा रहने माया, धैर्य, सहनशीलता र संवेदनशीलतालाई हतियार बनाई नारीलाई कमजोरीको रूपमा अवमूल्यन गरी पुरुषको गुणहरूलाई भने पुरुषार्थको संज्ञा दिई सोही अनुरूप व्यवहार पनि गरिन्छ (भद्रा, २०७०, पृ. ९) । समाजमा नारी भन्दा पुरुष धेरै शक्तिशाली, धेरै इज्जतदार र धेरै स्रोत र साधनले सम्पन्न हुनुमा पितृसत्तात्मक सोच रहेको देखिन्छ। पितृसत्ता पूँजीवाद जस्तै हो जसले नारीहरूमा पुरुषको नियन्त्रण जमाउँछ (गौतम, २०५०, पृ. ४२८) । समाजमा पितृसत्ताले निर्माण गरेको महिलाप्रतिको भेदभावपूर्ण व्यवहारको अन्त्यको लागि विकसित भएको नारीवादी चिन्तन आज आएर लैङ्गिक समविकासको धारणामा विकसित हुन पुगेको छ।

लैङ्गिक विभेद र पितृसत्ताका बीच नङ र मासुको जस्तै घनिष्ट सम्बन्ध रहेको पाइन्छ। महिला पुरुषबिचको असन्तुलित शत्तिसम्बन्ध यथार्थमा पितृसत्ताकै प्रभुत्वको उपज हो । पितृसत्ताले महिला र पुरुषबिच विद्यमान जीववैज्ञानिक भिन्नतालाई मूल आधार बनाई तदअनुरूपको विभेदकारी सामाजिक, सांस्कृतिक परिपाटि निर्धारण गरी समाजमा महिला र पुरुषलाई एकभन्दा अर्को नितान्त भित्र स्वभाव र भित्र आवश्यकताको प्राणि हो भन्ने ठह्याइएको छ (पाण्डे, २०७६, पृ.११) । शारीरिक बनावटको भिन्नतालाई आधार बनाएर पितृसत्ताले महिला र पुरुषलाई नितान्त फरक भूमिका तोकिदिएको छ । महिलाले गर्ने काम पुरुषले गर्नै नहुने अनि पुरुषले गर्ने काम महिलाले गर्नै नसक्ने जस्तो बेअर्थको धारणा समाजमा फिजाइएको छ । पितृसत्ताले महिलालाई पुरुषभन्दा निम्नकोटिको जीवन बाँच्न बाध्य पारेको छ । समाजमा महिला र पुरुषको सम्बन्धलाई यसले कटुतापूर्ण तुल्याइएको छ जसले गर्दा परिवर्तनको मानवीय आकाङ्क्षामा नै ठूलो व्यवधान पुग्न गएको छ।

पितृसत्तात्मक समाजमा नारीहरू सापेक्षित रूपमा पुरुषभन्दा इज्जत, शक्ति र आम्दानीको हिसाबले तल्लो स्तरका रहेका देखिन्छन् । समाज पुरुषप्रधान हुनु, परिवारमा पुरुषकै हुकुम चल्नु, नारीहरू दमित हुनु नारीहरूको श्रमशक्तिको शोषण हुनु, प्रजनन् अधिकार नहुनु र सम्पतिमा हक नहुनुले स्वतन्त्रतामा हामी बाँधिएका छौं भन्ने सोच्दछन् (भद्रा, २०७०, पृ. २५) । पितृसतात्मक चिन्तन नै लैङ्गिकविभेदी संस्कारको मूल कारण पितृत्ताले कसरी नारी पुरुषबिच विद्यमान जैविक भिन्नतालाई मूल आधार बनाई विभेदकारी सामाजिक सांस्कृतिक परिपाटीले समाजमा नारी र पुरुषलाई एकभन्दा अर्को फरक स्वभाव र फरक

आवश्यकताको प्राणी ठहराइदिएको छ । पितृसत्ताको प्रभुत्वले नारीको यौनिकताको अधिकार, गतिशीलताको अधिकार, प्रजजन स्वास्थ्यको अधिकार, श्रम तथा उत्पादन क्षमताको अधिकार लगाएत सम्पूर्ण अधिकारमा पुरुषलाई निर्बाध रूपमा अङ्कुश लगाउन छुट दिएको छ । साथसाथै यस सत्ताले प्रभुत्वले जीवनमा अनेक समस्या पुऱ्याएको छ (पाण्डे, २०६९, पृ. १५७) । पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभएर नारीद्वारा सञ्चालित भएको हुन्छ । पितृसत्तात्मक सोच भएका नारीहरू पुरुष भन्दा कम शक्ति र आम्दानीको हिसाबले केही रूपमा तल्लो स्तरमा रहेका हुन्छन् । समाज पुरुषमुखी हुनु, नारीहरू दमित हुनु, श्रमशक्तिको शोषण हुनु आदि पितृसत्ताका बलिया आधार हुन् ।

समाजमा समानताको संस्कृति बसाल्न पित्तृसत्ताको प्रभुत्वले भुत्तिएको पुरुषको परम्परागत शोषण छविबारे मात्र छर्लङ्ग हुनुले पर्याप्त हुन्न त्यस सत्ताको चिन्तनले भुत्तिएको नारीचेतनालाई पनि गहिरोसित नियाल्नु जरुरी हुन आउँछ घर, व्यवहार, परिवार र समाजमा थुप्रै त्यस्ता घटनाहरू भएको देखिन्छ, जहाँ नारी नै नारीका शत्रु हुन् कि भन्नेजस्तो भ्रम पर्दछ । वास्तवमा त्यस्तो होइन, त्यो त पितृसत्ताको फुटाउ र सामन्ति गर भन्ने सामन्ति नीतिको चाल हो (पाण्डे, २०७६, पृ. १६७) । पितृसत्तात्मक समाज संरचनामा नारीहरूले केकस्ता समस्याहरू भोग्नु परिरहेको छ ? त्यसबारे सिङ्गो समाजलाई बुझाउन जरुरी छ । समसामयिक कृतिहरूमा विद्रोही नारी चरित्रको सिर्जना गरी तिनका माध्यमबाट साहित्यकारहरूले समाजका तमाम नारीहरूलाई आफ्ना हक, अधिकार र स्वअस्तित्वप्रति न्यायी बन्न आह्वान् गर्नुका साथै पुरुषहरूलाई पनि पित्तृसत्ताको आडमा नारीहरूप्रति अनावश्यक मालिक्याइँ नछाट्न प्रयास गरेको पाइन्छ । अतः यस्तो हुँदाहुँदै पनि वर्तमान समयमा आएर समाजद्वारा महिलाप्रति गरिने व्यवहार, विचार र संस्कारमा धेरै परिवर्तन आएको छ तर पूर्णरूपमा निर्मूल भने भएको छैन । समाजमा देखिएको शैक्षिक नीति र व्यवहारले गर्दा नै पुरुषप्रधान समाजमा नारीहरू दमित र शोषित जीवन जिउन बाध्य छन् । सामाजिक तथ्याङ्कअनुसार देशमा महिलाहरूको शैक्षिक आकलनमा वृद्धि भएता पनि उनीहरूको चेतनामा भएको पितृसत्तात्मक सोच भने यथावत रहेको पाइन्छ । यस मान्यतालाई आधार मानेर पुरुषहरूले नारीप्रति राखेको धारणा तथा व्यवहार र महिलाचेतनामा आएको पितृत्तालाई पितृसत्ताको सैद्धान्तिक अवधारणाका कोणबाट यस उपन्यासको विश्लेषण गरिएको छ ।

## २.३ प्रतिरोधी चेतनाको सैद्धान्तिक अवधारणा

कुनै पनि कार्यलाई रोक्नु प्रतिरोध हो । प्रभुत्वशाली जात, वर्ग, विचार र लिङ्गले गरेको अन्याय र शोषणका विरुद्धमा प्रतिकार गर्न प्रतिरोध गरिन्छ । जहाँ शोषण अर्थात दमन हुन्छ, त्यहाँ प्रतिरोधले जन्म लिन्छ । । प्रभुत्वशाली वर्ग वा सत्ताधारी वर्गबाट अन्याय, अत्याचार, पीडा, दमन भोग्न विवश सीमान्तकृत वर्गले आँफूमाथिको उत्पीडनको विरोध गर्नु वा विद्रोह गर्नु प्रतिरोध हो र त्यो वर्गमा जागेको विद्रोही चेतना प्रतिरोध चेतना हो । अर्को शब्दमा सीमान्त र परिधीयतामा रहेका वर्ग, जाति, लिङ्गका क्रियाकलापमाथि असहमति जनाउदै उनीहरूलाई विस्थापित गरी आँफू शक्तिमा आउन गरेको सङ्घर्ष चेतनाबाट नै भएको हो । सदिँऔदेखि दोस्रो तहका रूपमा रहेका नारीहरूले विस्तारै आँफूमाथि भएको विभेदको विरुद्ध आवाज उठाउन थाले । नारीमाथिका पुरुषका हरेक प्रकारका अधीनस्थताको समाप्ति हुनुपर्छ, भन्दै "हाम्रो आफ्नै इतिहास लेखिनुपर्छ, हाम्रो आफ्नै छुट्टै भाषा हुनुपर्छ, आफ्नो शरीरमाथि हाम्रै आफ्नै अधिकार कायम हुनुपर्छ" भन्ने नारा सारे जुन नारीवादको मूल सार हो (त्रिपाठी, पृ.२०६८, पृ. २१०) यसरी नारीवाद पितृसत्ताको विरोध र नारी मुक्तिको प्रश्नसित जोडिएको देखिन्छ । यसैले नारी चेतनाको अध्ययनमा प्रतिरोध चेतना विश्लेषणको मुख्य विषय हो । कुनै पनि कृतिमा पितृसत्ताद्वारा निर्मित संस्कृति, सामाजिक र आर्थिक संरचनाद्वारा उत्पीडनमा परेका नारीहरूको प्रतिरोध चेतना कस्तो छ ? उत्पीडनलाई नारीले स्विकारेका छन् कि ? विद्रोह गरेका छन् ? विद्रोह कस्तो गरेका छन् ? कसरी गरेका छन् ? त्यसको विश्लेषण गरिन्छ ।

सांस्कृतिक अध्ययनमा सामाजिक र राजनितिक पक्षको महत्त्व रहन्छ । प्रतिरोध सांस्कृतिक अध्ययनलाई अध्ययन गर्ने एक माध्यम हो । यसमा नारी सीमान्तकृत, समलिङ्गी, हैकमवाद, माथिल्लो वर्गका लागि को कसरी बोल्छ भनेर अध्ययन गरिन्छ (सुवेदी, २०६८, पृ. १३७) । प्रतिरोधमा ठोस समाजमा कुन वर्ग वा समुदाय उत्पीडित वा स्वतन्त्र छन् र त्यसको प्रतिरोध कसरी गरिएको छ भन्ने हेरिन्छ । समय समयमा भएका क्रान्तिहरूले अभिजात वर्ग र निम्न वर्गका बीचको विभेद अन्य गर्ने प्रयास गरे तापनि शक्ति नै सत्तामा रह्यो । जसको परिणाम स्वरूप आर्थिक, सामाजिक, भाषिक, राजनितिक, जातिगत, लैङ्गिक र भौगोलिक दृष्टिले एउटा ठुलो वर्ग सधैँ पछि परेको देखिन्छ (चैतन्य, २०७०, पृ. १५९) । प्रतिरोधमा समाज परिवर्तनका लागि उक्त परिस्थितिमा उत्पीडीत वा अर्को पुस्ताले प्रभुत्वका विरुद्ध प्रतिरोध गर्दै कसरी नयाँ संस्कृतिको निर्माण गरिरहेको छ, कसरी आफ्नो पहिचान बचाइरहेको

छ अनि कसरी अभिजातिय केन्द्रीयता विघटित हुँदैछ ? भन्ने विषयमा खोजी गरिन्छ (पाण्डेय, २०७३, पृ. १९१) । पहिचान र प्रतिनिधित्वको मूल पक्ष भनेको महिलाको छविको चित्रण हो । महिला र महिला शरीलाई प्रस्तुत गर्ने विधि र शैलीका आधारमा महिलाको विम्ब कस्तो छ भन्ने कुरा पत्ता लाग्छ भने प्रतिरोध चाहिँ यसको अर्थको व्याख्या तथा परम्पराका विरुद्धको खोज पनि हो । सत्तासँगको सम्बन्ध र अधीनस्थताको अवस्थामा प्रतिरोध चुनौती र सम्झौता दुवैको सम्भावना रहन्छ । यसरी प्रतिरोध नारीपक्षीय विचारधाराको स्थापनाको कार्य गर्दछ ( ढकाल, २०७७, पृ. २३) । स्टुअर्ट हलले प्रतिरोधका सन्दर्भमा आमसञ्चारमा नश्ल, जातीयता र नश्लवादी प्रतिनिधित्वको व्याख्या गरेका छन् । नश्लवाद वा जातिवाद जातजातिका आधारमा मानिसहरुमा गरिने भेदभाव र पूर्वाग्रह हो (घर्ती, २०८१, पृ.७२) । यो सामाजिक अभ्यास र राजनीतिक पद्धतिमा देखिन सक्छ । यसले समाजमा उच्च र निम्न जात भनेर मानिसहरु वर्गीकरण गर्दछ ।

यस अध्ययनमा लक्ष्मीप्रसाद देवकोटाका पात्रहरूमा पाइने प्रतिरोध चेतनाको खोजी गरिन्छ । कृतिमा उपर्युक्त नारी पात्रहरूले आफूमाथिको उत्पीडनको प्रतिरोध वा त्यस विरुद्ध गर्ने शैली पनि देखिन्छ । कुनै पात्र उत्पीडन सहन बाध्य हुन्छन्, विरोध गर्न नसक्ने देखिन्छन् भने कतिपय पात्र उत्पीडन पात्रहरू मौन विरोधमा देखिन्छन् । कुनै वैचारिक र भौतिक विद्रोहमा उत्रिन्छन् । देवकोटाको *चम्पा* उपन्यासमा यीमध्ये प्रतिरोधका के कस्तो अवस्था पात्रहरूले देखाएका छन् त्यसको अध्ययन यस अध्ययनमा गरिन्छ ।

## २.४ विश्लेषण ढाँचा

प्रस्तुत अध्ययनमा दर्शाइएका समस्याहरूको प्राज्ञिक समाधानका लागि लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासलाई मुख्य आधार बनाइएको छ। सङ्कलित सामग्रीको विश्लेषणका लागि सांस्कृतिक अध्ययनको मुख्य विषयका रूपमा रहेको नारीवादी चेतना अर्न्तगत सामाजिक, सांस्कृतिक, आर्थिकसम्बन्धी दृष्टिकोणलाई आधार बनाई उपन्यासमा पितृसत्ताका कारण नेपाली समाजमा महिलाहरू कसरी पीडित बन्न पुगेका छन् भन्ने सन्दर्भलाई प्रस्तुत गर्दै पितृसत्तात्मक चिन्तन र व्यवहारका विरुद्ध महिलाहरूको प्रतिरोध कुन रूपमा प्रस्तुत भएको छ भन्ने विश्लेषण गरिएको छ ।

## २.५ निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *चम्पा* उपन्यास नारीवादी चेतनामा आधारित सामाजिक उपन्यास हो । यस उपन्यासकी प्रमुख पात्र चम्पा हो । यस उपन्यासमा देवकोटाले मुख्य नारी पात्र चम्पाकै नामबाट उपन्यासको नामकरण गरेका छन् । प्रस्तुत शोधकार्यमा तत्कालीन समयमा नारीहरूको अवस्था के कस्तो थियो । उनीहरूले परिवार, समाज र पितृसत्ताबाट के कस्ता अवस्थाहरूको सामना गर्नुपर्यो र त्यसको विरुद्ध कसरी प्रतिरोध गरेका छन् भन्ने नारीवादी पक्षको सैद्धान्तिक पृष्ठभूमि, नारीवादका पक्षहरू र पितृसत्ताको अवधारणा यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा लक्ष्मीप्रसाद देवकोटाले तत्कालीन समयको अवस्थामा पनि नारीलाई केन्द्रमा राखी पुरुष र महिलाबिच समग्र पक्षमा समानता हुनुपर्छ भनी उदार नारीवादी चिन्तन व्यक्त गरेका छन् ।

# तेस्रो परिच्छेद
# चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका समस्या

## ३.१ विषय परिचय

प्रस्तुत परिच्छेद लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासमा नारीले व्यहोर्नुपरेको सामाजिक, सांस्कृतिक र आर्थिक समस्याको अध्ययनसँग सम्बन्धित छ । पितृसत्तात्मक व्यवस्थाको मूल प्रकृति महिलाविरुद्ध शोषण, दमन र प्रभुत्वशाली भए पनि शोषण र दमनको तह वर्गीय, जातीय, ऐतिहासिक, सांस्कृतिक, भौतिक आदि विभिन्न कारणले गर्दा फरक रहेको पाइन्छ । उनको उपन्यासमा चित्रित सामाजिक, सांस्कृतिक र आर्थिक समस्याको खोज गर्नु यस परिच्छेदको मुख्य विषय हो ।

## ३.२ चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेका सामाजिक समस्या

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *चम्पा* उपन्यास सामाजिक समस्यासँग सम्बधित रहेको छ । नारी चेतनाका दृष्टिले सामाजिक समस्या भनेको समाजमा देखिने त्यस्ता समस्याहरू हुन् जसले समाजमा नारीको सामान्य र मानवीय जीवनलाई अवरोध पुर्याउँछन् । समाजमा विद्यमान रहेको जीवनको सूक्ष्म निरीक्षण गर्ने र त्यसमा अन्तर्निहित सामाजिक समस्याहरूलाई सामाजिक समस्या भनिन्छ । यी समस्याहरूले समाजको संरचना, संगठन र मानवीय सम्बन्धहरूमा नकारात्मक प्रभाव पार्दछन् । गरिबी, बेरोजगारी, अशिक्षा, जातीय भेदभाव र महिला हिंसा आदि सामाजिक समस्याहरू रहेका छन् । चम्पा उपन्यासमा महिलाप्रति सामाजिक व्यवस्थाले के कस्तो धारणा राखेको छ । समाजले नारीमाथि के कस्तो व्यवहार गरेको छ ? भन्ने कुराको अध्ययन यसमा गरिएको छ ।

सामाजिक संरचनाका विभिन्न तहमा नारी वर्गमाथि विविध खालका शोषण र उत्पीडनहरू हुने गर्दछन् । सामाजिक प्राणीको रूपमा नारी र पुरुष दुवै वर्ग समान अस्तित्वशाली भए तापनि कुनै पनि तहमा नारीलाई पुरुषलाई जस्तो स्थान, मान्यता र सम्मान प्रदान गरिँदैन । सामाजिक संरचनाका महत्त्वपूर्ण तहहरूमा नारीहरूलाई कुनै स्थान नदिइनु, नीति निर्माणका तहहरूमा पुरुष वर्गको मात्र एकाधिकार हुनु, दीर्घकालीन महत्त्व राख्ने निकायहरूमा महिलाहरूको हस्तक्षेपकारी भूमिका पुग्न नसक्नु, नारीलाई कमजोर प्राणीको

रूपमा मात्र मूल्याङ्कन गरिनु, उनीहरूको मानवीय अस्तित्वलाई समेत अस्वीकार गर्दै बलात्कारको शिकार बनाइनु, उनीहरूलाई नीच प्राणीको रूपमा मात्र हेरिनु सामाजिक तहमा नारी पछाडि पारिनुका मुख्य कारणहरू हुन् र यहीँ कारणले नै नारीहरू सामाजिक क्षेत्रमा शोषणमा परेका छन् ।

समाज विकासको प्रारम्भिक अवस्थामा शक्तिशाली र सङ्घर्षशील नारी वर्ग वर्तमान सामाजिक व्यवस्थाका सम्पूर्ण क्षेत्रमा शोषणका विविध रूपहरू बेहोर्न बाध्य रहेको पाइन्छ । वर्तमान समयमा आइपुग्दा पुरुषले नारीको शरीरको बेचबिखन गर्ने र नारीलाई पशुजस्तै व्यवहार गर्ने र नारीमाथि बलात्कार जस्तो जघन्य र अमानवीय कार्य गर्न अगाडि बढिरहेको देखिन्छ । समाजका सबै तहमा पुरुषले आँफैलाई सर्वश्रेष्ठ बनाएर नारी वर्गलाई आफ्नो नियन्त्रणमा राख्न तम्सिएको हुन्छ । २००० सालपछिको नेपाली समाजमा महिलाका विषयमा केही रूपमा सचेत लेखन बढेको देखिन्छ । समाजले महिलाप्रति गर्ने गरेको असमानता र दमनका विरुद्ध केही सचेत लेखकहरू अगाडि बढेका छन् । विश्वसाहित्य अध्ययन गरेका देवकोटा जस्ता स्रष्टा यसमा सचेत देखिन्छन् । उनका कथामा पनि महिला चेतनाका स्वर मुखरित भएका छन् भने चम्पा उपन्यासमा त चम्पालाई नै केन्द्रीय चरित्रका रूपमा उभ्याई समाजमा महिलाप्रति गरिने विभेदी व्यवहारको चित्रण गरिएको छ । उपन्यासको शीर्षक नै महिलाकेन्द्री रहेको छ ।

लक्ष्मीप्रसाद देवकोटाको चम्पा उपन्यासमा नारीहरूले विभिन्न सामाजिक समस्याहरूको सामना गर्नुपरेको छ । यस उपन्यासले राणाकालीन समाजको यथार्थ चित्रण गर्दै नारीहरूको विवशता र पारिवारिक द्वन्द्वलाई उजागर गरेको छ, जसमा लैङ्गिक असमानता, शिक्षाको अभाव, पारिवारिक अभाव, तनाव, नारी उत्पीडन, सामाजिक विवशता, सामाजिक परम्परागत सोचाइ र मान्यता आदि समस्याहरू पर्दछन् । लैङ्गिक असमानतामा उपन्यासमा नारीहरूलाई परम्परागत भूमिकामा बाँधिएको देखाइएको छ । पुरुषहरूलाई शिक्षा र बाहिरी काममा संलग्न गराइन्छ भने नारीहरूलाई घरधन्दा र पूजापाठमा सीमित गरिएको छ । उक्त उपन्यासमा चम्पा र अन्य नारीपात्रहरूको शिक्षाको बारेमा उल्लेख गरिएको छैन, यसले नारीहरूको शिक्षामा पहुँचको कमीलाई देखाएको छ । पारिवारिक दबाबमा नारीहरूले पारिवारिक जिम्मेवारी र दबाबको सामाना गर्नुपरेको छ । उपन्यासमा पारिवारिक तनावमा चम्पाले जीवनमा भोग्नुपरेको विभिन्न पारिवारिक द्वन्द्व र तनावको चित्रण गरिएको छ । पारिवारिक

विघटन र आपसी कलहले परिवारका सदस्यहरूलाई मानसिक तनावमा पारेको कुरा उक्त उपन्यासमा पाइन्छ । उपन्यासले नारीहरूको सामाजिक विवशता र उनीहरूले भोग्नुपरेको अन्यायलाई उजागर गरेको छ । यसले तत्कालीन समाजमा नारीहरूको स्थिति र उनीहरूको सङ्घर्ष पारिवारिक सम्बन्धहरूको जटिलता, नारीहरूको अधिकार र स्वतन्त्रताको अभावलाई चित्रण गरेको छ । चम्पाको चरित्रले नारीहरूको आत्मसम्मान र स्वतन्त्रताको लागि लड्ने प्रयासलाई उजागर गरेको छ । महिलाहरूलाई परम्परागत सामाजिक मान्यताहरू र दबाबले गर्दा उनीहरूको स्वतन्त्रता र निर्णय क्षमतामा असर पारेको कुरा उपन्यासमा पाइन्छ ।

प्रस्तुत उपन्यासमा चम्पाको परिवारमा देखिने समस्याहरूले समाजको यथार्थलाई प्रतिबिम्बित गरेको छ । विवाहको अर्थ पनि थाहा नभएकी विवाह भन्ने चिजको उत्तरदायित्व, महत्त्व, खतरा केही नबुझेकी कलिलो उमेरकी चम्पालाई समाजले विवाह गर्नुपर्छ भन्ने भार थपिदिएको छ । उपन्यासमा घरको मूली चम्पाको हजुरबुबा सुब्बा श्रीकान्तले नातिनी चम्पाको बिहे गर्न हतार नगर्ने विचार व्यक्त गरेका छन्, तर उनको चाहना विपरित नातिनीलाई असाध्यै माया गर्ने व्यक्तिलाई नै समाजले मुख्य हतियार बनाई उनीबाटै चम्पालाई विवाहको बारेमा भन्न लगाइएको छ । समाजले नारीलाई समस्यामा पार्नको लागि जसले भनेको मान्छ उसैलाई माध्यम बनाई नारीलाई सामाजिक समस्यामा पारेको पाइन्छ ।

> सुब्बाबाजेले नातिनीको गाला चिमोटेर भने, त्यस्तो भए चम्पालाई बुढो पोइ खोजिदिने भएँ, हुन्छ कि हुन्न ? छि : के कुरा गरिबक्स्या होला ? अँ - हामी बिहे गर्छौं त्यस्तरी क्या ? छोड्लिस अब बिहे गर्न ? वाँ माग्न आइसके - अर्काले । उँ - हो अझ उँ हो भनेकी हेरन ? - सत्ते ! चम्पा ! मैले ठट्टा गर्या भन्ठानिस् ? माग्न आ छन् तँलाई अधिकारीको घरबाट । (पृ. ११)

नेपाली समाजमा जुन घरमा छोरी छन् त्यो घरमा विभिन्न कुराहरू गरेर समाजले परिवारलाई दबाब दिएर छोरी चेलीहरूको मनोभावना नबुझी विवाह गरिदिने प्रचलन आज पनि व्याप्त रहेको पाइन्छ । तत्कालीन समयमा चम्पा जस्ती चुलबुले जीवनमा केही गर्न चाहना राखेकी बाह्र वर्षकी बच्चीलाई समाजले विवाह बन्धनमा बाँधिदिएको छ । नेपाली समाजमा नारीले जीवनभर सँगै सहयात्रा गर्ने सहयात्री कस्तो छ ? के गर्छ ? आदिजस्ता कुराहरू बुझ्न नदिई श्रीमान जस्तो परे पनि उहीँसँग सँगै बस्नुपर्छ भन्ने दबाब समाजले दिएको छ । चम्पा राम्री, बढालु शरीर भएकी, सिनेमा खेल्न चाह भएकी र जीवनमा केही गर्न

खोजेकी नारी पात्र हो तर उसको बिहे समाजको दबाबमा उसको इच्छा विपरीत हुन्छ । चम्पाले नचाहेको समयमा जबरजस्ती बिहे गरिदिनु, केटीले मनपराएजस्तो केटो नहुनु, परिवार पनि उसको अनुकुल नहुनु, पारिवारिक कलहले चम्पाका मनमा अशान्ति बढ्नु, पति र पत्नीका बिचमा सुखद जीवनचर्या नरहनु आदि घटनाले उपन्यासमा समाजले नारीप्रति गर्ने विभेदी व्यवहार स्पष्ट पारेको छ । हरेक नारीको सपना हुन्छ आफ्नो श्रीमान् शारीरिक, मानसिक र सामाजिक रूपमा राम्रो होस् भन्ने तर यहाँ चम्पाले देख्दै नदेखेको नजानेको मान्छेसँग विवाह गर्न समाजले दबाब दिएको छ, फलस्वरूप सामाजिक दबावमा परी परिवारले तत्कालीन सामाजिक संस्कारअनुसार चम्पाको विवाह गरिदिएको छ । परिवार पक्षको जोडजिद्दीले रामकान्त र चम्पाको विवाह सम्पन्न भएको छ । उनीहरूको बालविवाह हुन्छ । चम्पा बिहाको दिन खूब रोएकी हुन्छे । उसले भात पनि खाएकी हुँदिन र घरमा भोलिपल्टसम्म सुँक्कसुँक्क गरिरहेकी हुन्छे । समाजले नारीमाथि कतिसम्म दमन गर्छ भन्ने कुरा यहाँ प्रष्ट भएको छ । रामकान्त पोसाक उतारेर भान्साघरतर्फ गएको थियो त्यहीबेला दुलही चम्पाले पहिलो पटक आफ्नो दुलाहको शारीरिक सौन्दर्य पत्ता लगाएकी थिई ।

> छाती उसले विचार गरि, डमरुको छालाजस्तो सुक्या परेवा छाती रे त्यस्तो बाफ्को हाड उठेको आँगभरी छि : के विधि डन्डीफोर छि : गालामा के त्यति लामो खुकुरीले काट्या जस्तो अथवा भालुले चिथोचा जस्तो ! च्यान्टा घोडा भनेर जस्तो गिज्याएको हो ! नामै च्यान्टी भएसक्यो आर्का । कति सानो मान्छे होला ? चिमिरे ! भँगेराजस्तो, काखी गन्हाएर वाक्क आइरहेछ अझ ! दुलहीले बान्ता गरेकी थिई । (पृ. ३०)

नेपाली समाजले श्रीमान भनेको शारीरिक रूपमा खाइलाग्दो छाति चौडा भएको हुनुपर्छ र श्रीमती सुन्दर हुनुपर्छ भन्ने सोच थोपरिदिको छ, फलस्वरूप चम्पाले आफ्नो श्रीमान रामकान्तलाई सोचेअनुरूप पाउँदिन । चम्पाले आफ्नो जीवन अर्कै बनाउन चाहान्थी जीवनमा केही बन्न चाहान्थी तर समाजले उसको इच्छा चाहनाहरू मरिदिएको छ । स्वीकारले कसैको व्यक्तित्व बन्दछ कसैको बाङ्गिन्छ, यहाँ चम्पाको जीवन बिग्रिनमा समाजको हात रहेको छ । सासू जेठानी भएको घरको वातावरण, कुरौटे परिवारको चालामाला र सुरुदेखि कै बुहार्तनले बालिका बधु चम्पालाई आफ्नो भविष्यप्रति चिन्तित बनाएको हुन्छ । समाजको नियममा बाँधिदा उसले आफ्नो सपनाको तिलाञ्जली दिनुपरेको छ । ऊ बालकै भए पनि राम्रा मिठा

सपना उसलाई बराबर आउँथ्यो । उसको सपना सिनेमा स्टार हुने थियो तर समाजले उसको जीवन जेलजस्तो बनाइदिएको छ ।

विवाह गरेपछि श्रीमान्ले जे पनि गर्न पाउने उसले विवाहपूर्व गरेका कार्यहरू छोड्न नपर्ने तर एक नारीले विवाह पूर्वका कार्य र आफ्ना इच्छा चाहना सबै मार्नुपर्ने दबाब समाजले दिएको छ । समाजमा पुरुषवर्गले महिलालाई दबाएरै राखेको पाइन्छ । यहाँ पनि चम्पा र रामकान्तको विवाह पश्चात रामकान्तको पढाइ बिग्रन्छ भनेर चम्पा र रामकान्तलाई छुट्टै राखिएको छ । विवाह गरेको डेढ वर्ष हुनासाथ रामकान्त अधिकारीलाई डाक्टरले कालको वारेन्ट दिन्छ र चम्पालाई रामकान्तबाट टाढा राखिन्छ । समाजले सबै कुरा पुरुषको पक्षमा गर्ने नारीको खुसीको केही कदर नगरेको पाइन्छ । "चम्पाले सोचि के मेरो जीवनको सौगात यत्ति हो ? यो रूप यो रङ्ग, यो निराश ? स्वामीले बिदाइमा दिएको वचनउपर उसले गौड गरी, आजाद भयौ !" (पृ. ३६) समाजमा नारी समस्या आउनुको पछाडी अधिकांशतः नारीकै हात रहेको पाइन्छ। पितृसत्ता पुरुषमामात्र होइन नारीभित्र पनि हुन्छ भन्ने कुरा यस उपन्यासमा चित्रण गरिएको छ । नारीले नै नारीको स्वतन्त्रतामाथि दमन गरिरहेको कुरा चम्पा र उसका जेठानीहरूको व्यवहारबाट स्पष्ट हुन सकिन्छ । ठाँटबाट र सिँगार गर्ने बानी परेकी चम्पाको त्यस चालाप्रति सासू र जेठानीहरूले कुरा काट्न थाल्छन् । ऊ फिल्मका गाना पनि बराबर ऐनाअगाडि गुनगुनाइरहन्थि । उसको झकिझकाउपर सासू र जेठानीहरूको बराबर टीकाटिप्पणी भइरहेको देखिन्छ । "आखिभौँ सिसाकलमले लेख्या जस्तो हुन्छ कसैको ता सासूले टिपिन् । छुसछुस कुरा नलाई चित्त बुझ्दैन रे ! जेठी बुहारीले टीका थपिन् (पृ.३८) ।" माहिलीले भनिन्, "आँखीभौँ नटिप्ने ता को होला र आजकाल ?" उनको पनि मसिन्याइएको थियो । चट्ट दराजतिर फर्केर चारकुने खुट्दै उनले थपिन् "पत्ता मिलाउनसमेत कैँची-छुरा लाग्या हुन्छ कानमाथि । अनि के विघ्न पाउडर । झिलझिल तारा नलगाई कहिल्यै चित्त बुझ्दैन । रातिराति अरु सुतिसकेपछि पो सिँगार चल्दो रहेछ । हिजो राति जापानी पोशाकमा ऐनाअगाडि मुस्कुराएर बसिरहेकी, फिल्मका गीत हरहमेशा गाइरहनुपर्दछ-नङमा पालिस, गालामा लाली, जर्जेट दिनभरि हुन्छ ।

यस उपन्यासमा रामकान्त निको भएर घर आउँछ तर एक दुई वर्ष सम्म स्वास्नीबाट टाढा बस्नुपर्छ नत्र फेरी त्यो रोग फर्किन्छ भन्ने भएपछि छुट्टै बस्न लगाइन्छ, उता चम्पा बढ्दै जान्छे उसमा यौनचाह हुन्छ तर उसले चाहेजस्तो हुँदैन । नारीको इच्छाको कदर नगर्ने तर

समाज, परिवारले नारीलाई नै दोषारोपण गर्ने गरेको पाइन्छ । परिवारमा सासूले बुहारीलाई हेप्ने उसको खुसीको कदर नगर्ने सामाजिक समस्या रहेको पाइन्छ ।

> विनासित्तिको बुहार्तन ! पहाडिया सासू ता नपरोस् छिः कसैलाई । के जखडबन्धी ! फलामे बोलीले बैँसको आङ कस्ने साह्रै ! धोती चुन्न, दोलाइँ पट्टयाउन, कूचो लाउन, टेबिल सज्न,सम्याउन पनि कोठाभित्र नपस्नू रे ! पुग्ने कुरा हो ? हामीले के गरिदिएको छ र ? छोरालाई पक्रन गा छैन क्यारे उनको ? (पृ. ४६)

नेपाली समाजमा सासूले बुहारिमाथि अनावश्यक नियन्त्रण गरेको देखिन्छ । समाजले नारीलाई अझै एउटी बुहारिलाई अनेक कुरामा बन्देज लगाइएको पाइन्छ, त्यसकारण नारीहरू मानसिक तनावमा परेको देखिन्छ । यस उपन्यासमा पनि चम्पा मनमनै भुतभुताउँदै बगैँचामा गएर प्रशस्त समय बिताउँथी । एउटी नारीले आफ्नो इच्छा स्वतन्त्रता सबैलाई मनमै दबाएर जीवनभर बाँधिएर बस्न समाजले बाध्य बनाएको छ । समाजले नारीलाई यसरी बन्धक बनाएको छ कि ऊ चाहेर पनि त्यो बन्धनका निस्कन सकेकी हुदिन । उता रामकान्तले आफ्नो जीवन बचाउन चम्पालाई छाडेर उसले के गर्ली उसको वास्ता नगरी आफ्नो जीवन बचाउँनको लागि चम्पाबाट भागेको छ । समाजमा पुरुषले आफ्नो स्वार्थको लागि नारीको जीवनको वास्ता नगरी हिँड्ने गरेको सामाजिक समस्यालाई चित्रण गरिएको छ ।

श्रीमान् रामकान्तले छोडेर गएपछि चम्पालाई एक किसिमको अनौठो जिल्म जिल्ला भएजस्तो लाग्यो, जस्तो विदेशी मुलुकमा हराएकी अबलालाई लाग्छ । अब ऊ बुझ्न सक्दिनथी बिहा गरेर दिएको घर आफ्नो थियो कि थिएन ? ती स्वामीदेवले आफूलाई त्याग गरेका थिए ? ऊ यहाँ बस्नु उचित थियो कि थिएन ? उसको यसमा अधिकार थियो कि थिएन ? उसलाई एकछिन बेसरी रुन मन लाग्यो, आफ्नो लाचारीउपर,आफ्नो कुइरोमय भविष्यउपर । एक वचन त बोल्नुपर्थ्यो हामीसँग पनि कसरी छोड्न सकेको, कति निष्ठुरी ढुङ्गा हुँदा रहेछन् पुरुष भन्दै रुन्छे, त्यसपछी चम्पाको जीवनमा अनेक समस्याहरू उपस्थित भए । ऊ सारा समाजको लागि निरस्त्र योद्धाजस्ती भई । सबैको हाँस्य पात्र हुन पुगेकी हुन्छे ।

नेपाली समाजमा आज पनि घरमा केही नराम्रो भयो भने सबै कुराको श्रेय बुहारीलाई दिएको पाइन्छ, यहाँ पनि चम्पाको रामकान्त भाग्नुमा उसको केही हात हुँदैन तर पनि

अन्धविश्वासी समाज र परिवारले दोषरोपण गरेको पाइन्छ । उसकी सासूले आफ्नो छोरालाई घरदेखि निकाल्ने यहीँ हो भनेर निम्नानुसार दोषरोपण गरेकी छ ।

> तँ आएदेखिन् खूब अलच्छिन लागिरहेछ घरमा । मेरो कान्छो छोरोलाई रोग लाग्यो ता आएदेखि । तैँले नै गरेर ऊ घरबाट वैराग्यले निक्ल्यो । राम्रो छ तेरो चालामाला ? कान्छुलाई निकाल्न भित्र पसेकी सेती बिराली ! बस ! त्यसका साथ झन् ऊ नै पो थाल्ने, ए ! बस् ! त्यसका साथ झन् ऊ नै पो रुन थाल्ने, ए ! (पृ. ६२-६३)

चम्पाको व्यक्तित्वले आफ्नो गृह नामको जेलखानाको बन्द उकुसमुकुसीबाट आत्मविश्वासको क्षेत्र क्रमशः खोजी गर्न लाग्छ । श्रीमान्ले छोडेर गएदेखी उसलाई घर टिकिनसक्नु भएन सबैले उसैलाई दोषारोपण गर्न थाल्छन् । एक दिन चम्पा माइतबाट भेट्न आएको कुनै मानिससँग कुरा गर्न लागेकी थिई सासूले उसको टिकाटिप्पणी गर्न थाल्छे । समाजमा एउटी नारी जीवनमा अगाडि बढ्न खोज्दा पितृसत्तात्मक सोचका कारण अनेक उपनामले चिनिन पुग्छे । "यो नचिनेकी हो र ! यो बेस्से हुन्छे, बेस्से !" (पृ. ६४) । प्रस्तुत हरफ चम्पाकी सासुले चम्पालाई भनेकी हो । चम्पाको हृदय विदीर्ण भएको छ । यति काइदासँग धर्म सम्झ्यो यसको लागि जो आफूलाई "तिम्रो कोही होइन भनेर त्याग गरेर एक वचन विना विदेशिन्छ । उसले सहेको, भोगेको कसैले देख्दैन । नेपाली समाजले नारीको केही गल्ती नभए पनि बारम्बार उहीँमाथि प्रहार गरेर बाँच्न नसक्ने र त्यो घर र समाजमै बस्न नसक्ने वातावरण सृजना गर्दछ । एउटी नारीको घर त्यसको नाम हुँदैन जहाँ उसको मालिक्याइँको सम्भावना न्यूनतम मात्रामा पनि रहेको हुँदैन पारिवारिक जीवनको वास्तविकता तब सुरु हुन्छ जब बुहारीले मातृत्वको आरम्भ गर्दछे तर यहाँ चम्पाले केहीको सुख प्राप्त गरेकी छैन ऊ एकदमै आत्तिन्छे उसलाई साथ दिने कोही हुँदैन, उसको हृदयले तिव्र वेदनाको स्वरमा उद्गार गरिरहेको हुन्छ । उसले आँफूलेआँफैलाई अभागि सम्झिन थाल्छे खै तेरो घर भनेर आँफैलाई प्रश्न गर्छे उत्तर मौन हुन्छ किनभने ऊ एक्लै हुन पुग्छे । कसैसँग नबोल्ने कृष्ण भक्त गर्न थाल्छे । उसमा यौन चाह पुरा नभएको हुँदा उसले कृष्णलाई प्रतिको रूपमा माया गरेकी छ । चम्पा बेलाबेलामा मान्छे बन्न खोज्छे तर ऊ सामाजिक नियम र संस्कारहरूबाट डराउँथी । परिवारबाट बारम्बार तिरस्कार सहिरहन्छे । कसैको केही नबिगारीकिन बस्दा पनि उसलाई सासूले अनेक नाम दिन्छे घरमा कलह हुन्छ सबैले चम्पालाई नै गाली गर्दछन् । चम्पाको व्यक्तित्वले मोचनको बाटो खोजिरहेको हुन्छ, अन्त्यत: ऊ घर छोडेर हिँड्न बाध्य भएकी छे ।

समाजमा वास्तविकता नबुझी पुरुषका साथै नारीले पनि सजिलै अर्को नारीमाथि शोषण गरिरहेको पाइन्छ । समाजले नारीलाई घर न घाटको बनाइदिएको छ । उसको इच्छा विपरीत विहा गर्दिन्छ, धर्मका नाममा श्रीमान्‌बाट टाढा राखिन्छ उसले आफ्नो जीवन बँचाउनको लागि घर छोडेर हिँड्छ तर परिवार र समाजले एक नारीलाई नै अनेक नाम दिन्छ, दोषारोपण गर्दछ । यसरी नारीलाई दमन, शोषण गर्न समाजले अन्त्य गर्नुपर्छ । लक्ष्मीप्रसाद देवकोटाको चम्पा उपन्यासमा विभिन्न सामाजिक र व्यक्तिगत समस्या मार्मिक रूपमा समेटिएका छन् ।

## ३.३ चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेको सांस्कृतिक समस्या

*चम्पा* उपन्यासमा महिलाप्रति सांस्कृतिक व्यवस्थाले के कस्तो धारणा राखेको छ । सांस्कृतिक व्यवस्थाले नारीमाथि के कस्तो व्यवहार गरेको छ ? भन्ने कुराको अध्ययन यस उपशीर्षकमा गरिएको छ ।

लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासमा नेपाली समाजको परम्परागत संस्कृति र मान्यताहरूको चित्रण गरिएको छ । यसले समाजका विभिन्न पक्षहरूलाई उजागर गरेको पाइन्छ । चम्पा र रामकान्तको प्रेमकथा उपन्यासको केन्द्रमा रहेको छ । उनीहरूको प्रेमले विभिन्न सामाजिक, सांस्कृतिक र पारिवारिक चुनौतिहरूको सामना गरेको छ । चम्पाको विवाह पारिवारिक दबाब र परम्परागत कु-संस्कृति मूल्यमान्यताहरूको आधारमा भएको छ, जसले नारीको स्वतन्त्रता र निर्णय क्षमतामा असर पारेको देखिन्छ । पितृसत्तात्मक समाजमा महिला चाहे त्यो विवाहित होस् या अविवाहिता उसको गतिशीलताको अधिकार पुरुषमा रहन्छ । ऊ कहाँ जाने, कहाँ नजाने भन्ने कुरामा आफ्नो इच्छा चल्दैन । समाजमा तुलनात्मक रूपमा विवाहिता नारीमाथिको नियन्त्रण धेरै हुने गरेको पाइन्छ । श्रीमतीले श्रीमानको इच्छा विपरीत र परिवारको विपरीत कुनै पनि कार्य गर्न पाउँदैनन् । विवाह गर्दै आमाबुबाले श्रीमानलाई आफ्नी छोरी 'पाले पुण्य मारे पाप' भनेर सुम्पेका हुन्छन् ।

संस्कृति कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कला कौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको हो अर्थात् कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि नाम हो (नेपाली बृहत् शब्दकोश, २०६०, पृ. १२०९) । चालचलन, रहन सहन, मूल्य मान्यता परम्परा आदि संस्कृति अन्तर्गत पर्दछन् । संस्कृति समाज विकासको

क्रममा, मानवीय जीवन यापनको क्रममा निर्मित हुन्छ र पुस्तौं पुस्तासम्म हस्तान्तरित हुन्छ । सभ्यताको विकासक्रममा स्थापित भएका मानवीय संस्कृतिहरूमा नारी र पुरुष वर्गको लागि समान मूल्यहरू बनाइएका छैनन् । धर्म, कानुन, नियम, मूल्य, मान्यता, परम्परा दर्शन आदिमा पुरुषहरूलाई बढी प्राथमिकता दिएर नारीहरूलाई शोषणमा पार्ने गरी यिनीहरूको निर्माण गरिएको छ । उपन्यासमा पारिवारिक सम्बन्धहरूमा सांस्कृतिक व्यवस्थाले गर्दा तनाव र द्वन्द्वको अवस्था सिर्जना भएको कुरा चित्रण गरिएको छ ।

नेपाली समाजमा नारीहरू शोषण र उत्पीडनमा पर्नुको प्रमुख कारण उनीहरूमाथिको सांस्कृतिक शोषण पनि हो । धर्म, परम्परा, रीतिरिवाज, संस्कार, मूल्य, मान्यता आदिका नाममा नारी वर्गमाथि गरिने शोषणहरू अत्यधिक छन् र यो संस्कृतिको नाममा मानसिक रूपमा र भौतिक रूपमा नै उनीहरूलाई प्रताडित तुल्याउने अस्त्रको रूपमा प्रचलनमा छ । विशेष गरेर नेपाली समाजमा विद्यमान संस्कार र धर्मले नारी वर्गलाई सम्मानित मानवको रूपमा समेत मूल्याङ्कन गर्दैन । जन्मदेखि नै नारीहरू पुरुष वर्गको अधीनमा रहनु पर्दछ र परिवार चलाउने प्रमुख व्यक्तिको रूपमा पनि पुरुष वर्ग नै रहनु पर्दछ भन्ने कुरूप मान्यतालाई हाम्रो संस्कृतिले अनुसरण गरेको छ । एउटी नारी पृथ्वीमा जन्म लिनासाथ बाबुको नियन्त्रणमा रहन्छे या आँफू भन्दा ठूलो उमेरको पुरुषको नियन्त्रणमा रहन्छे र विवाहपछि ऊ सधैँभर आफ्नो पतिको नियन्त्रणमा रहन्छे साथै वृद्धावस्थामा पुगेपछि उसको छोराको नियन्त्रणमा रहन्छे । संस्कार र धर्मले पनि उसलाई सधैं पुरुषका कुनै न कुनै रूपको पूजा गरी रहन सिकाएको हुन्छ । ऊ जन्मेदेखि नै अर्काको घर जाने जात, अर्कालाई खुसी पार्नु पर्ने जात भनी हुर्काइएकी हुन्छे र पुरुष वर्गभन्दा तल्लो प्राणीको रूपमा आँफैलाई मूल्याङ्कन गर्दै दिन बिताउन बाध्य हुन्छे ।

समयका कालखण्डका प्रतिबिम्बलाई ग्रहण गरी मानव व्यवहारका रूपमा परिचित बनेको सामाजिक प्रवृति संस्कृति हो । मानव समाज परम्परादेखि प्रचलित बनेको संस्कृतिका आधारमा अर्थिने र व्याख्यायित हुने गरेको छ । सामाजिक विधानमा धर्म र संस्कृति समाजको वरिपरि घुमेको पाइन्छ । संस्कृति भनेको धुरीबाट थालनी भएर निरन्तर ओरालोतर्फ लाग्ने मानव व्यवहारको परिपन्चभित्र पर्ने एक प्रकारले सामाजिक पहिचान जनाउने क्रियाकलाप हो । सामाजिक क्रियाकलापसँग सम्बन्ध राख्ने समस्यालाई परिचित गराउन संस्कृति आफैँमा मुख्य कारक बनेको पाइन्छ । संस्कृतिका माध्यमबाट मानव समाजमा व्यक्तिको परिचय स्थापना भएको हुन्छ भने मानव क्रियाकलापबाट संस्कृति जीवन्त रहन्छ । समयका मानकलाई पहिचान

गरी जीवन र व्यवहारमा खारेर चम्किलो बनाएको वा परिष्कार गरिएको पदचिह्न स्वयममा संस्कृति हो । सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था, खानपान, परिधान, आवास र कलाका क्षेत्रमा प्रतिबिम्बित हुने धारणाको समष्टि स्वरूप संस्कृति स्वीकार गरिएको छ (पौड्याल, २०७७, पृ.४२,) । मानिसका आचरण व्यवहार, आचरण विचार, रहन-सहन, भाषा, धर्म, साहित्य, कला, इतिहास दर्शन अनेकन् पक्षको पहिचान स्थापना गरेको सत्य स्वयम्मा संस्कृति हो ।

संसारमा धर्मसम्बन्धी जति पनि ग्रथहरू छन् तीमध्ये अधिकाशंतः पुरुषद्वारा नै लेखिएको पाइन्छ । अधिकाशं धर्म संस्कृतिमा पुरुषकै वर्चस्व हुनुपर्छ भन्ने पक्षमा वकालत गरिएको पाइन्छ । हिन्दु धर्मले नारीहरूलाई पुरुषकी दासी, सेवक र आश्रयको स्थान प्रदान गरेको छ । श्री स्वस्थानी व्रतकथाका प्रसङ्गहरू, रामायण महाभारतका कथाहरूमा चित्रण गरिएको नारीको स्थान, भूमिकाका प्रसङ्गहरू आदि यसका उदाहरण हुन् जहाँ नारी वर्गलाई पुरुषकी सेवक, दासी, निर्भर प्राणीको रूपमा स्थापित गराइएको छ । मानव समाजमा चिर कालदेखि प्रचलित अनमेल विवाह, बालविवाह, बहुविवाह जस्ता कुप्रथाहरू पनि धर्म र संस्कृतिसितै गाँसिएका छन् । हिन्दु धार्मिक ग्रन्थमध्ये एक स्वस्थानी व्रतकथामा नारीहरूले आफ्नो पतिको सेवा गर्नु पर्दछ, उसले दिएका यातनाहरूलाई प्रतिकार नगरी सहन गर्नुपर्छ, आफ्नो पति र पुत्रको लागि व्रत बस्नु पर्दछ, दीर्घायुको कामनाको लागि कष्ट सहेर आराधना गर्नु पर्दछ भन्ने सन्देशहरू प्रवाहित गरिएको छ । जसको कारण वर्तमानसम्म पनि महिलाहरू पुरुषकै लागि अनेक व्रतहरू बस्ने, उसलाई ईश्वरको रूपमा पूजा गर्ने गर्दछन् । हाम्रो धर्मले नारीहरूलाई यही गर्न लगाउँछ, पुरुषलाई देवता मानेर पूजा गर्न लगाउँछ, गोडाका पानी दिनहुँ खान लगाउँछ, उसका विरुद्धमा कहिले अपशब्द नबोल्न लगाउँछ र सधैँ उसकी दासी बनेर रहन सिकाउँछ, यो नै नारी वर्ग माथिको चरम शोषणको एउटा रूप हो । यस उपन्यासमा चम्पाको बिहेको कुरा हुँदा उसले त्यो मोरोसँग बिहे गर्दिन भन्दा हजुरबुबाले त्यसरी अरुलाई मोरो भन्न हुन्छ ? पाप लाग्छ भनेका छन् । चम्पा निर्दोष शैशवको रफिलो सुगन्धी भावनामा परम्परातर्फ विरोधको विचार उठिसकेको थिएन । अर्कातर्फ चम्पाभन्दा अगिल्लो पिढीका नारीमा सांस्कृतिक समस्या रहेको देखिन्छ ।

बाह्र वर्ष थोरै हो त : फ्याट्ट पर सरे बिताएन ? कुनामा पसिसकेकी छोरी भन्दैन दुनियाँले ? बाहुनको घर पो त ! त्यत्तिको फेरी ठाउँ आउनु, सत्ययुग फर्कन्छ भन्या जस्तो, एः अनि

> कन्यादानको पुण्यलाई कत्रो बयान छ । स्वर्गको यति सजिलो बाटो छोड्न हुन्थ्यो, अहिले ? (पृ. १७)

माथिको भनाइले उक्त समाजमा नारीहरूमा चेतनाको कमी भएको धर्मको पुरातन सोच आएको स्पष्ट हुन्छ । चम्पा एक अबोध बालिका जसलाई विवाहको अर्थ पनि थाहा हुँदैन ऊ बराबर विहा गरी वनमा खेल्थि, मजा हुन्थ्यो नक्कली रूपमा तर यहाँ धर्म संस्कृतिको नाममा उसको इच्छा विपरित विवाह हुन पुगेको छ । कुनै वस्तु, घटना कृत्रिमता या यथार्थ रूपधन्दा राम्रो र आनन्दायक हुन्छ । वियोगात्मक घटना दुःखदायक हुन्छ तर रङ्गमञ्चमा दुनियाँ त्यसैमा आनन्द मानेर हेर्न जान्छ । विहा भन्ने चिज भयङ्कर चिज हुन्छ । यो व्यक्तित्वको स्वतन्त्रतालाई सिमित गर्ने वस्तु हो । चम्पाका लागि विवाह एक खेल रमाइलो क्रीडा थियो तर बिहे हुने भन्ने भएपछि उसमा अनेक थरिका डर आएको हुन्छ । पोइले गहना, हीराको इस्तार, हजार रुपियाँको सारी इत्यादि, पाउडर सुनको किलिप काँटा अनि त के ल्याउँछन् रे ! तर सित्तै ल्या होला त ?" (पृ. १८) । प्रस्तुत हरफबाट चम्पा एक अबोध बालिका भए तापनि उसमा पुरुषले नारीलाई दमन गर्नको लागि ती सामग्रीहरू ल्याएको हो भन्ने चेतना आएको देखिन्छ । चम्पा विवाहको विषयलाई लिएर निकै तरफ्ति हुन पुगेकी छ । उसले श्रीमानको आफ्नै मतलव होला, हामीलाई किन्या होला कि के हँ हामी दासी रे उँ ? हो ? हामी कमारी हो र ? अनि सासू हुन्छे रे जस्ता विभिन्न कुरा सोच्दा उसले होइन हामीले अहिले विवाह गर्न हुँदैन पढ्नुपर्छ भन्ने चेतना उसमा आएको देखिन्छ । चम्पामा नारी चेतना स्पष्ट रूपमा देखिन्छ । उसले धर्म संस्कृतिको विरोध गरेकी छ । उसको मनमा विवाहको विषयलाई लिएर अनेक तरफ दुगुरेका छन् । उसले आफ्नो वरिपरिका श्रीमानले श्रीमतीमाथि गरेको व्यवहार देखेर त्यस्तो सहेर कसरी बस्ने म त नबस्ने भन्ने जस्ता नारीले आफ्नो हक, अधिकार खोज्नुपर्छ भन्नेजस्ता विचार व्यक्त गरेकी छ । पुरुषका अन्याय र यातनाहरूलाई धार्मिक शोषणको एउटा रूपको चित्रण देवकोटाले यसरी गरेका छन् ।

> चम्पा चाहन्थिन् केही आर्कै, पर्न गयो केही आर्कै । स्वीकारले कसैको व्यक्तित्व बन्दछ, कसैको बाङ्गिन्छ । चम्पाको सपना चकनाचुर भयो । कहाँ सिनेमा स्टार हुने भावना, कहाँ यो भङेरेदेव ! बालकै भए पनि राम्रा मिठा सपना बराबर उनलाई आउँथे । उनले आफ्नो जेलजीवनको पहिलो अनुहार देखिन् । उनलाई घृणा लाग्यो पहिलो बार पाउको पानी पिउँदा, दोस्रोपाली बान्ता भयो । (पृ. ३१)

हिन्दु धर्मले पुरुषलाई ईश्वरको दर्जा दिएको छ भने नारीलाई पुरुषकी दासी र खुट्टा पखालेर पानी खाने निच प्राणीको रूपमा स्थापित गरिदिएको छ भन्ने यथार्थ उद्धृत अशंहरूमा प्रस्तुत छ । एउटी नारी यति विवश हुन्छे कि उसको लागि सर्वेसर्वा उसको लोग्ने हुन्छ, उसको देउता लोग्ने हुन्छ र उसले जीवनभर त्यही देउताको चरणमा, उसको निगाहमा जीवन यापन गर्नु पर्दछ साथै साँझ बिहान उसको गोडा पखालेको पानी खानु नारीको बाध्यता बन्ने गर्दछ भन्ने तथ्यको प्रस्तुति यहाँ पाइन्छ । यो नेपाली हिन्दू संस्कृतिले नेपाली नारी वर्गमाथि थोपरेको अमानवीय बोझ हो । आँफू समान नै हैसियत भएको प्राणीको खुट्टा पखालेर पानी खानु पर्ने प्रचलनले नारी वर्गको अस्तित्वमाथि नै प्रश्न चिह्न उठाएको छ भन्ने कटु यथार्थलाई यी पङ्क्तिहरूले प्रष्ट्याउँछन् । खुट्टाको पानी खानु मात्र नभई यसले प्रतीकात्मक रूपमा प्रदान गर्ने पुरुषको सामाजिक हैसियत र त्यही समाजमा नारीको स्थानको प्रतिबिम्ब पनि यसले उतारेको छ ।

धर्मले नारीलाई यतिसम्म शोषणमा पारेको छ की यसको दृष्टिमा पुरुषको अगाडि नारीको कुनै अस्तित्व नै छैन, हैसियत नै छैन । धर्मको नाममा आदिकालदेखि थोपरेको यो विकृतिलाई नारी वर्ग निरन्तर सहदै आइरहेका छन्, उनीहरू यो धार्मिक अन्धतालाई सहजै स्वीकार गरेका छैनन्, यो उनीहरूको बाध्यता बनेको छ भन्ने यथार्थलाई माथिका पङ्क्तिमा उपस्थित भएकी नारीले व्यक्त गरेकी छ । "के जीवन होला नेपालीहरूको दालभात, गुन्द्रुक, कूचो मस्यौटो, ढिक्की, जाँतो । केवल भान्साको क्षेत्रमा कसौँडी, ताप्केसिवाय साथीको नाममा बन्द ।" (पृ. ४६) तत्कालीन नेपाली समाजमा सामाजिक संस्कारले नै नारीहरूलाई केवल घरभित्र बस्न बाध्य बनाएको पाइन्छ । उनीहरूको साथी भनेकै चुलो चौको मात्र हुन्छ । यत्रो दुनियाँमा जीवन कति विशाल छ तर नारीहरूले जीवनको नाउँमा एक कोठामा थुनिनु, झिँगटीमुनि बस्नु, एकजनाको सम्पत्ति र एकलौटी ठेक्कामा बाधिन परेको छ । नारीहरूले जीवनको नाउँमा दाल, भात, डुकु र दासत्व मात्रै पाउँछन् । नारीहरूलाई धर्म र संस्कारको नाममा पुरुषहरूले बन्धि बनाएर राखेको पाइन्छ ।सामाजिक मूल्य मान्यता र परम्पराहरू पनि आफ्नो हातमा शक्ति हुने वर्गले नै निर्माण गर्ने गर्दछ र मूल्य मान्यताहरू पनि उसैको हितमा रहने गर्दछन् । नेपाली समाजका सबैजसो संस्कार, रीतिरिवाज मूल्य मान्यताहरू पुरुष वर्गकै हितमा छन् किनकी त्यसको निर्माण पनि उनीहरूले नै गरेका छन् । हाम्रा मूल्य मान्यताहरूले सधैं नारी वर्गलाई पुरुषको अधीनकी दासी र सेविकाको स्थान दिएको छ । नारी सबैभन्दा बढी उत्पीडित हुने रूप श्रीमतीको रूप नै हो ।

बराबर चम्पा कोठाभित्र पस्दथिन् । एक कोठा दिइएको थिएन तापनी उनलाई बराबर आउने-जाने कुरामा ज्यादा रोकावट राखिएको थिएन । यस आवतजावतमा खतरा जरुर थियो । आमाचाहिँनीका आँखा देख्थे । तर उनले च्वाट्ट मुख फोर्न सकिनन् - छोराको डरले । बुहारी चम्पालाई होशीयारी मात्र दिएकी थिइन् । त्यस्तै छोरालाई पनि तर रामकान्त आफैँ बराबर काम अह्राउन बोलाउँथे । (पृ. ४१)

उद्धृत भनाइहरूमा रामकान्त अलि निको भएपछि उसलाई घर ल्याइन्छ र चम्पाले बारम्बार उसको हेरविचार गर्छे तर धर्मको नाममा उसको इच्छा विपरीत कार्य भए पनि ऊ एक श्रीमती हो र उसको धर्म श्रीमान्को सेवा गर्नु हो भन्ने मान्यताले बाँधिएकी छ । उसलाई श्रीमान्को विरोध गर्न बडो विचित्र अकथित तथा स्पष्ट डर लाग्दथियो । उसलाई सन्तोष भने थिएन तर नेपाली संस्कारअनुसार यो दुनियाँमा बाँधिदिएपछि जोसँग बाँधियो उसैसँग नबाँधिईकन नहुने चलाइएको प्रथा जसलाई एक नारीले नाइ भन्न पाउँदिन किनकि यसो गर्यो भने धर्म नासिन्छ, पाप लाग्छ, भन्ने संस्कार रहेको हुन्छ । नेपाली हिन्दु नारीको लागि उसको लोग्ने यति अपरम्पार र शक्तिशाली छ कि उसको लागि आफ्नो खुसीको बलिदान दिन पनि पछि पर्दैनन् । एउटी श्रीमतीको लागि उसको लोग्ने ईश्वर हो र अझै त्यसभन्दा पनि माथि कोही छ भने ऊ हो । ईश्वरले दिएको लात बात सहनु एउटी नारीको लागि सहज अझै वरदान जस्तै हो । नारी माथि शारीरिक र मानसिक शोषण गरि रहे तापनि आफ्नो लोग्नेलाई उसले सधैं माया गरिरहनु पर्दछ, अझै माया लाग्नै पर्दछ र उसले भनेका सबै कुरा विना अवरोध मान्नु पर्दछ यो नारीको धर्म हो भन्ने सांस्कृतिक परम्परागत कुसंस्कार नेपाली समाजको यथार्थता हो भन्ने कुरालाई उद्धृत गद्यांहरूमा प्रतिविम्बित गरिएको छ । पुरुष र नारी वर्गलाई समान अस्तित्व र मूल्य कहिल्यै प्रदान नगर्ने, पुरुषलाई सर्वेसर्वा प्राणी र नारीलाई उसकी दासीको मात्र स्थान दिने संस्कार र मूल्य मान्यताहरू नारीहरूका विरुद्धमा छन् भन्ने चिन्तन देवकोटाले व्यक्त गरेका छन् ।

सामाजिक मूल्य मान्यता र रीतिथितिहरू पनि महिलाहरूको विपरीत र पुरुषहरूको पक्षमा निर्माण भएका हुन्छन् । हाम्रा सांस्कृतिक, धार्मिक मान्यताहरूले धर्म र पापको डर देखाएर नारीहरूलाई कठिन उपवास, व्रत गरेमा जीवन सफल हुने, धर्म प्राप्ति हुने दृष्टिकोणको प्रस्तुति गरेका छन् तर धेरै मात्रामा यो पुरुषहरूको लागि लागू हुँदैन । कठिन व्रत र तपस्याहरू नारीहरूले पुरुषहरूको लागि गरिदिनु पर्छ तर पुरुषहरूले कहिल्यै नारीहरूको लागि व्रत बस्नु

पर्दैन, तपस्या गर्नु पर्दैन । यी सबै मूल्य मान्यताहरूले नारीहरूको शोषण नै गरेका हुन्छन् । व्यावहारिक जीवनमा अति निर्बल भएर बाँच्न बाँध्य तुल्याउने गरेको पाइन्छ ।

सामाजिक र पारिवारिक सन्दर्भमा नारीहरू विभिन्न भूमिकामा देखा पर्छन् भन्ने सबैजसो भूमिकामा उनीहरू कुनै न कुनै रूपमा पुरुषको उत्पीडनमा परेकै हुन्छन् । हाम्रो धर्म, संस्कृति परम्परा र रीतिथितिले सधै नारीलाई शोषणमा पारिरहेको छ । छोरी बनेर पृथ्वीमा जन्म लिएपछि मृत्युसम्म ऊ विभिन्न रूपहरूमा पुरुष वर्गको नियन्त्रणमा रहन्छे, उनीहरूकै इच्छा अनुरूप चल्न बाध्य हुन्छे । मूल्य मान्यताका नाममा, रीतिथितिका नाममा उसलाई बच्चादेखि नै पराश्रित बन्न सिकाइन्छ र पुरुषको दासी हुनु नै उसको कर्तव्य हो भन्ने बोध गराइन्छ ।

पश्चिमी समाजमा १९५० को दशकदेखि परम्परागत मूल्य मान्यता र संस्कार विरुद्ध लाग्नु पर्ने र नारी शोषणयुक्त समाजको अन्त्य गर्नु पर्ने चेतना जागृत भएको छ । नेपालको सन्दर्भमा पनि २००७ सालको परिवर्तनपछि क्रमशः नारी अधिकारको पक्षमा, परम्परागत संस्कृतिका नारी शोषणमूलक मान्यताका विपक्षमा नारीहरू सचेत हुन थालेका छन् । यद्यपि संस्कृति र संस्कारले मानव मस्तिष्कको गहिराइसम्म प्रभाव पार्ने र यसलाई मन मस्तिष्कबाट हटाउन धेरै अप्ठेरो हुने हुनाले धर्म र संस्कृतिले जकडिएका धेरै नेपाली नारीहरूमा भने धार्मिक शोषण विरुद्धको सचेतना आउन अझै बाँकी नै रहेको छ । परम्परागत मूल्य मान्यताहरू र संस्कारहरू जुन नारी हक र अधिकारको विरुद्धमा छन् तिनलाई तोड्न सक्नु पर्छ भन्ने सचेतना सबै चिन्तन र वर्गका नेपाली नारीहरूमा आउनु आवश्यक छ ।

## ३.४ चम्पा उपन्यासमा नारीले व्यहोर्नुपरेको आर्थिक समस्या

प्रस्तुत उपशीर्षक लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *चम्पा* उपन्यासमा आर्थिक समस्यासँग सम्बधित रहेको छ । चम्पा उपन्यासमा महिलाप्रति आर्थिक अवस्थाले के कस्तो समस्या पारेको छ ? आर्थिकका कारण नारीमाथि के कस्तो व्यवहार गरेको छ ? भन्ने कुराको अध्ययन यस उपशीर्षकमा गरिएको छ ।

नारीहरूको शोषण, दमनको मुख्य कारण आर्थिक स्थिति हो र नारी वर्गलाई पुरुष वर्गले आर्थिक आधारमा नै शोषण गरिरहेको छ । हरेक मुलुकले नागरिकका लागि प्रदान गरेको सुविधा दृष्टिले व्यक्तिको आर्थिक स्तर फरक हुन्छ । आफ्नो आर्थिक स्तरअनुसार व्यक्तिले जीवन चलाउन शारीरिक श्रमको खोजी गर्छ तर पितृसत्ताले उत्पादनमाथि र महिलाको

श्रमशक्तिमाथि पुरुषको नियन्त्रण रहने चाँजो मिलाएको छ । मानव सभ्यताको इतिहासका आधारहरू खोज्ने हो भने पनि आर्थिक क्षेत्रबाट नारी वर्गलाई पृथक गराएर नै शोषणको सुरुआत भएको देख्न सकिन्छ । उत्पादनमूलक क्षेत्रमा पुरुष वर्गले मात्र आफ्नो स्वामित्व स्थापना गरेपछि अर्थात् निजी सम्पत्ति सञ्चितिको क्रमसँगै विवाह र एकल परिवार जस्ता संस्थाको विकास भएपछि नारी वर्गमाथि पनि शोषणको सुरुआत हुन थालेको हो । घरभित्र महिलाहरूले परिवारका बालबच्चा, श्रीमान तथा सदस्यहरूका लागि बाँचुन्जेल सेवा गर्दछन् तर तिनले गरेको त्यस सेवा र मेहेनतको मूल्यलाई आर्थिक रूपमा गणना गरिन्न ।

पितृसत्तात्मक समाजमा महिलालाई घरभित्रै बसेर काम गर्न प्रोत्साहित गरिन्छ । नारी वर्गलाई आर्थिक रूपले उत्पीडित तुल्याएर उनीहरूमाथि शोषण गरिएको छ भन्ने चेतना नारी वर्गमा जागृत हुनु र त्यसबाट मुक्त हुने आकाङ्क्षा उनीहरूमा उत्पन्न हुनु नै आर्थिक शोषण विरुद्धको चेतना हो । नारीवादका भिन्न पक्षहरू उदार नारीवाद, कट्टर नारीवाद र मार्क्सवादी नारीवाद, समाजवादी नारीवादले आर्थिक शोषणलाई नारी शोषणको एक आधार मानेका छन् । उदार नारीवादले शिक्षा, स्वास्थ्य, कानुन, आर्थिक स्वामित्व जस्ता राज्यका सबै क्षेत्रमा पुरुष समान शक्तिको रूपमा नारीहरू स्थापित हुनु पर्ने कुरालाई अगाडि सारेको छ। कट्टर नारीवादले पनि नारी शोषणका विभिन्न आधार मध्ये आर्थिक शोषण पनि एक हो भन्ने दर्शन बोकेको छ । नारी शोषणको एक आधार आर्थिक शोषण हो भन्ने चिन्तनप्रति सबै नारीवादीहरू सहमत भए तापनि मूल रूपमा आर्थिक शोषण नै नारी शोषणको केन्द्र हो भन्ने चिन्तन मार्क्सवादी नारीवादले अगाडि सारेको हो । यसले समाज विकासको ऐतिहासिक विश्लेषण गर्दै आर्थिक शोषणको सापेक्षतामा नारी शोषणको व्याख्या गरेको छ ।

मार्क्सवादी दर्शनअनुसार आदिम साम्यवादी युगमा नारी वर्ग शोषित पीडित थिएनन् । नारी पुरुष दुवै वर्ग आफ्नो जीवनयापन एक अर्काको शोषणविना नै गर्दथे । सभ्यताको विकासक्रममा पूँजीको सञ्चितिको विकाससँगै र एकल परिवारको विकाससँगै पुरुष वर्गले पुँजीलाई आफ्नो स्वामित्वमा लिएर नारी वर्गमाथि शोषण प्रारम्भ गरेको हो । समाजको सभ्यताको ऐतिहासिक विकासलाई व्याख्या गर्दै मार्क्स एङ्गेल्सले मातृसत्तालाई पराजित गरी पुरुष वर्गले सबै उत्पादनका साधनहरू आफ्नो हातमा लिएको तथ्य अगाडि सारेका छन् । नारीवादी सिद्धान्तका सबै व्याख्याताहरूले पनि आर्थिक शोषण नै नारी शोषणको केन्द्रीय आधार भएको कुरा स्वीकार गरेका छन् । महिलाहरूलाई घरेलु श्रममा नै सीमित पारेर घरेलु

श्रमलाई मूल्य प्रदान नगरेर नारीहरूको शोषणको सुरुआत भएको हो । "नाइँ बा ! मलाई अहिले बिहे गर्न के को चासो ? हामी गर्दैनौँ रे, पढ्छौँ रे । नाच, गान सिक्छौँ रे । हामीलाई मन परे सिनेमामा शान्ता आप्टे, देविका रानीजस्ती बन्छौँ ।" (पृ.१८) उद्धृत भनाइहरू यस उपन्यासकी मुख्य नारी पात्र चम्पाले भनेकी हो । उसले आफ्नो जीवनमा केही गर्न चाहेकी छ, पछि भविष्यमा आर्थिक रूपमा सक्षम बन्न खोजेकी छ तर तत्कालीन समाजमा महिलालाई शिक्षित तुल्याएर आर्थिक रूपमा सक्षम बनाउनु भन्दा सानै उमेरमा विवाह गर्दिने समस्या रहेको पाइन्छ जसले गर्दा नारी आर्थिक रूपमा सक्षम नरहेको देखिन्छ। शिक्षा मानव विकासको एक महत्त्वपूर्ण आधार हो । शिक्षाले नै मानवलाई बौद्धिक, आत्मनिर्भर, स्वावलम्बी र अस्तित्वपूर्ण जीवन जिउन सिकाउँछ । शिक्षाको गहन चेतनाले नै सामाजिक सुधार ल्याउँछ त्यसैले शिक्षा महिलाहरूको उन्नतिको प्रमुख आधार हो । शिक्षाले नारीहरूलाई रोजगारीको सिर्जना गर्ने मात्र होइन आत्मनिर्णयको अधिकारप्रति पनि सचेत गराउँछ । पितृसत्तात्मक समाजमा पुरुषले अध्ययन गर्न बाहिर काम गर्न पाउने तर महिलालाई घरायसी काममा मात्र सिमित राख्ने पुरुषले उनीहरूको कामको कदर नगर्ने उल्टै शोषण गर्ने गरेको पाइन्छ ।

सुवासिनी मान्छेका जोडजिद्दीले चम्पा र रामकान्तको बिहे हुन्छ । चम्पाले अहिले बिहे गर्दिन जीवनमा केही बन्नुपर्छ, आर्थिक रूपमा सबल हुनुपर्छ भन्ने सोच भएकी टाठिबाठी बच्चीको कलिलो उमेरमै बिहे गरिदिन्छन् । उसले श्रीमान् कस्तो पर्ने हो राम्रो परेन भने कसरी जीवन कटाउने जस्ता थुप्रै कुरा मनमा खेलाउदै गर्दा ऊ विवाह बन्धनमा बाँधिन पुगेकी छ । बालकै भए चम्पालाई राम्रा, मिठा सपना बराबर आउथ्यो तर उसको सपना सपनामै सिमित हुन पुगेको छ । पितृसत्तात्मक समाजले पुरुषलाई पढाउने, बाहिरी काम गर्न दिने आर्थिक रूपमा सबल बन्न दिन्छ तर महिलालाई शिक्षा आर्जन गर्न नदिने घरायसी कामधन्दामै सिमित राख्ने गरेको पाइन्छ । जसले गर्दा नारीले आफ्नो जीवन खुलेर जिउन सकेका हुँदैनन् । यस उपन्यासमा चम्पाको सानै उमेरमा विवाह गरिदिइन्छ । उसको पढाइ पनि बिच मै छोडाइन्छ, उसलाई आर्थिक रूपमा सबल हुन दिइदैन तर त्यही समाजमा रामकान्तलाई शिक्षा दिन र आर्थिक रूपमा सबल बनाउनको लागि पढाई बिग्रिन्छ भनेर चम्पाबाट छुट्टै राखिएको छ । "दुलाहदुलहीलाई आमाबाबुले अलग राखे यस निमित्त कि रामकान्तको पढाइ बाँकी थियो ।" (पृ. ३३) प्रस्तुत वाक्यमा एउटी नारीको सारा सपनालाई यो समाजले कुल्चियो तर पुरुषलाई उचित व्यवस्थापनका साथ शिक्षा दिने तयारी गरेको हुन्छ । शिक्षाको अवसरबाट नारीहरूलाई वञ्चित पारी बौद्धिक विकासका कार्यहरूमा आफ्नो मात्र

भूमिका स्थापित गराइ रहन चाहने पुरुष वर्गको प्रवृत्ति देखिन्छ । महिलालाई आर्थिक रूपमा सबल हुन यो समाजले दिएकै छैन जसले गर्दा नारीहरू आर्थिक रूपमा सदैव पछाडी परेका छन् । नारी वर्गहरू शोषणको दोहोरो मारमा च्यापिएका छन् । एकातिर वर्गीय शोषण व्याप्त छ भने अर्कोतर्फ पितृसत्ताले थोपरेको आर्थिक शोषणको मार पनि उनीहरूमाथि छ, जसको कारण उनीहरू जीवनभर पराश्रित बनेर बाँचिरहन बाध्य छन्।

चम्पा सानैबाट चुलबुली स्वभावकी हुन्छे ऊ चलचित्रमा खेल्न चाहने र आर्थिक रूपमा सशक्त बन्न खोजेकी छे तर उसलाई दबाइएको छ । उसको विवाह जर्बजस्ती गरिन्छ जहाँ उसको आर्थिक अवस्थाको ख्याल गरिदैंन । श्रीमान् रोगी भएपछि ऊ एकदमै एक्ली हुन्छे । उससँग सिनेमा हेर्न माइतबाट प्रशस्त पैसा छ तर न श्रीमान्को न आफ्नो आर्थिक पक्ष बलियो नहुँदा उसलाई विभिन्न समस्याको सामना गर्न परेको छ । घुम्न जान, फिल्म हेर्न जान, मनोरञ्जन गर्न उसलाई आर्थिक रूपमा स्वतन्त्र हुँदैन त्यतिबेलाको समयमा माइतीले मात्र सहयोग गरेको अवस्था छ । घर परिवार र पतिबाट सहयोग नहुँदा ऊ कुन्ठित हुन पुगेकी छ, जसले गर्दा ऊ सबल बन्न सकेकी छैन । आर्थिक उपार्जन, शिक्षा आर्जन गर्ने उसका चाहाना कुन्ठित छन् । रामकान्तले आफ्नो जीवन बचाउँनको लागि चम्पाको वास्ता नगरी घर छोडेर हिँडेको छ । नेपाली समाजमा पुरुषले महिलालाई दबाएरै राखेको छ । पुरुषले नारीलाई आर्थिक रूपमा सक्षम हुन दिएको छैन । एउटी नारीलाई समयमा आर्थिक रूपमा सक्षम हुन दिदैंन यो समाजले अन्त्यमा उसलाई घर न घाटको बनाएर छोडेको छ, तसर्थ नारीलाई आर्थिक रूपमा सक्षम हुनुपर्दछ ।

समग्रमा उत्पादन र साधनहरूमाथि नारी वर्गको स्वामित्व नहुनु, पुरुष वर्गमा उनीहरूलाई आश्रित तुल्याइनु नै नारी शोषणको प्रमुख कारण हो । श्रमको रूपमा गणना नगरिने घरेलु काममा र अनुत्पादनमूलक क्षेत्रमा मात्र नारी वर्गलाई सीमित तुल्याइनुले उनीहरू पुरुषकी दासी र पराश्रित प्राणीको रूपमा रहन बाध्य भएका हुन् । घरपरिवारमा महिला र पुरुष बिचको हैसियत, उच्च र निम्नपदीय व्यवहार, आर्थिक कारोबार सम्पत्तिमा असमानता (पौड्याल, २०६७, पृ. १४१) नै नारी शोषणको प्रमुख आधार हो । देवकोटाको उपन्यासमा घरभित्रका कामबाट नारी वर्गलाई बाहिर निकालेर उत्पादनशील कार्यमा लगाउनु पर्दछ भन्ने चिन्तन देखाइएको छ ।

आर्थिक शोषण विरुद्धको चेतना नारी चेतनाको प्रमुख पक्ष हो । पुरुषहरूले नारीहरूलाई आर्थिक आधारमा नै शोषणमा पारेका हुन्, उत्पादनका साधनहरू आफ्नो हातमा लिएर पुँजीको सञ्चय गरी त्यसैको आधारमा नारीलाई आफ्नो नियन्त्रणमा लिएका हुन् भन्ने चेतना नारी वर्गमा जागृत भएको छ । पुँजीको प्राप्ति हुने श्रममा पुरुषहरू लाग्ने र घरेलु श्रममा महिलाहरूलाई सीमित पार्ने व्यवस्था नै नारी शोषण गर्ने प्रमुख माध्यम हो । यसतर्फ नारीहरू सचेत बनेका छन् र आँफूहरू घरभित्र मात्र सीमित हुनु हुँदैन भन्नेतर्फ सचेत बनेका छन् ।

## ३.५ निष्कर्ष

समाज र संस्कृतिका विभिन्न पक्षहरूमा परम्परागत मूल्य मान्यता संस्कार, नीति नियमहरूले नारी वर्गमाथि गरेका शोषण र उत्पीडनको विरुद्धमा नारी मनमा उत्पन्न चेतनाका विभिन्न स्वरूपहरू नारी चेतना अन्तर्गत पर्दछन् । यसका साथै नारी हुनुको गौरवबोध, नारीजन्य अनुभूति र अस्तित्वको चेतना पनि नारी सचेतनाका पक्षहरू हुन् । नारी भएकै कारणले पुरुषले प्राप्त गर्ने भन्दा भिन्न विशिष्ट अनुभूतिहरू (रजस्वलाको अनुभूति, गर्भधारणको अनुभूति, मातृत्वको अनुभूति) नारी वर्गले प्राप्त गर्दछन् । यसप्रकार नारीका विशिष्ट अनुभूति र गुणहरू, तिनीहरूले निर्वाह गर्ने भूमिका, नारी अस्मिताप्रतिको गौरव बोधका साथै सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक, शोषणका कारण नारी वर्गमा उत्पन्न हुने विद्रोहको चेतना र मुक्तिको आकाङ्क्षा जस्ता पक्षहरू नारी चेतना पक्षहरू हुन् ।

मानव सभ्यताको विकाससँगै सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि जस्ता राज्य संरचनाका सबै पक्षहरूमा आफ्नो एकल स्वामित्व स्थापित गरी नारी वर्गमाथि नियन्त्रण र शासन गर्दै आएको पुरुष वर्गले वर्तमानसम्म पनि सो नियन्त्रणलाई जारी नै राखेको छ । जीवनयापनको प्रमुख आधार आर्थिक क्षेत्रलाई आफ्नो हातमा लिएर नारीहरूलाई घरभित्र मात्र सीमित तुल्याई सोही आधारमा नै शोषणको आरम्भ गरेको पुरुष वर्गले आँफू अनुकूलका नियम, कानुन, मूल्य, मान्यता, धार्मिक रीतिरिवाज र परम्पराको निर्माण गऱ्यो र आफूलाई नारीहरूको देवता, पुज्य र सर्वश्रेष्ठ वर्गको रूपमा स्थापित गरायो । शक्ति सङ्घर्षमा नारीहरूलाई पछाडि पारिएपछि पराजित वर्गको रूपमा नारीहरू पराश्रित बन्न पुगे र पुरुषको इच्छा अनुरूप चल्न बाध्य भए । शक्तिशाली बनेको पुरुष वर्गले शासकको रूपमा नारी वर्गमाथि शासन गर्न सुरु गरेपछि शोषणमा परेका विभिन्न अवस्थाहरूको विरोधमा नारी वर्ग सचेत हुन थाले र उनीहरूले आफूमाथि भएको उत्पीडनका विरुद्धमा आवाज उठाउन थाले,

फलस्वरूप नारीवादी चिन्तनको विकास भयो । सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रका विभिन्न तहमा, विभिन्न स्वरूपमा नारी वर्गमाथि हुने सबै खालका शोषणको विरुद्धमा नारीवादी दर्शनले आवाज उठाउँछ ।

# चौथो परिच्छेद

# चम्पा उपन्यासमा प्रतिरोधी चेतना

## ४.१ विषयपरिचय

प्रस्तुत परिच्छेद लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासका पात्रहरूले गरेका प्रतिरोधको अध्ययनसँग सम्बन्धित छ । यस उपन्यासका पात्रहरू चम्पा, रामकान्त, र श्रीकान्त जस्ता पात्रहरूले नारी चेतनाका पक्षबाट व्यक्त गरेका विचारहरूको अध्ययन यस परिच्छेदमा गरिएको छ । यस उपन्यासमा नारीहरूले भोगेको विभेद, उत्पीडनका कारणबाट उनीहरूमा देखिएको प्रतिरोधी चेतनाको विश्लेषण गर्दै औपन्यासिकताको मूल्याङ्कन गर्नु नै यस परिच्छेदको मुख्य विषय रहेको छ ।

प्रस्तुत उपशीर्षक लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *चम्पा* उपन्यासमा नारी पात्रहरूले भोगेको हिंसा, विभेद र उत्पीडन विरुद्ध गरिएको प्रतिरोधसँग सम्बन्धित छ । उपन्यासमा प्रस्तुत भएका पीडित नारी पात्रहरूले आफूमाथि हुने हिंसाप्रति कस्तो सोच राखेका छन् ? तिनमा प्रतिरोध चेतना छ कि छैन ? अन्याय, अत्याचार विरुद्ध आवाज उठाउने पात्र छन् कि छैनन् ? छन् भने कस्ता छन् ? मौन प्रतिकार छ या वाचाल ? सशक्त प्रतिकार छ या कमजोर ? कसरी प्रतिरोध गरेका छन् ? त्यसको खोज यहाँ गरिएको छ । उनीहरूको प्रतिरोधले सत्ता र शक्तिलाई फरक पारेको छ छैन ? आफ्नो अस्तित्वको लागि लडेका छन् कि समाजको अस्तित्वको लागि लड्दा आफ्नो विद्रोही आवाजलाई स्वयम् बाहिर ल्याएका छन् ? कि बौद्धिक वर्गबाट बोल्न लगाइएको छ । यिनै कोणबाट देवकोटाको उपन्यासको विश्लेषण यहाँ गरिन्छ ।

## ४.२ चम्पाको प्रतिरोधी चेतना

स्वच्छन्दतावादी प्रवृत्तिका देवकोटामा प्रतिरोधी चेतना हुनु स्वभाविक हो । त्यसैले उनको प्रतिरोधी चेतना उपन्यासमा नारी पात्रको भूमिकाका माध्यमबाट अभिव्यक्त भएको देखिन्छ । उपन्यासमा चम्पा प्रमुख नारी पात्र हो । यस उपन्यासमा चम्पा नारीहरूको सङ्घर्ष र विवशताको प्रतीक हो । चम्पा एक सामाजिक चेत भएकी महिला हो, जसले समाजका परम्परागत मान्यताहरूको विरुद्धमा आफ्नो पहिचान र अधिकारको लागि आवाज उठाउने प्रयास गरेकी छ । उपन्यासभित्र चम्पा लगायत सुब्बेनी, चुनु, बुलु र रमादेवी चम्पाका

जेठानीहरू जस्ता पात्रहरू रहेका देखिन्छन् । यस उपन्यासमा नारी पात्रहरूले समाजसँग शक्तिशाली प्रतिरोध त गर्न सकेका छैनन् तर समाजका अवस्था र परिस्थितिअनुसार उनीहरूभित्र रहेको भोगाइको असन्तुष्टि उपन्यासमा केही रूपमा वर्णित छ । लेखक नै नारी चेतनाप्रति सचेत भएका हुनाले पनि त्यसबेलाको नेपाली समाजमा पनि केही सचेत पात्रको निर्माण गर्न खोजेका छन् । चम्पा उपन्यासमा भएका प्रतिरोधी चेतनालाई उजागर गर्न उपन्यासका नारीपात्रहरूले भनेका उद्दरणहरू र उनीहरूले भोगेका भोगाइहरूलाई लिएर उपन्यासको विश्लेषण गरिएको छ ।

उपन्यासकी प्रमुख पात्र चम्पा प्रतिरोधी चेतना भएकी नारी पात्र हो । ऊ परम्परावादि समाजकी छोरी भएर पनि उसमा उपन्यासको आरम्भमा नै प्रतिरोधी चेतना र अस्तित्वबोधी प्रवृति देखिएको छ । जीवनमा विभिन्न सपनाहरू बुनेकी चम्पा, स्वतन्त्र जीवन बाँच्न चाहने ऊ पितृसत्ताको कारणले जीवनमा धेरै चोट खान पुगेकी छ । ऊ शारीरिक रूपमा परिपक्क भइसकेकी हुँदिन । उसको लागि बिहा खेल रमाइलो क्रिडा थियो तर उसको बिहा जबर्जस्ती हुन लागेको हुन्छ । उसलाई परिवार र समाजले विवाहको लागि दबाब दिएको हुन्छ । बालविवाहको परम्पराअनुसार उसलाई माग्न आएको कुरा आँफूलाई असाध्यै माया गर्ने हजुरबुबा सुब्बा श्रीकान्तले सुनाउँदा बिहे गर्दिन भनेकी छ । हजुरबुबाको कुराले उसलाई एक किसिमको अनौठौ डर लागिरहेको हुन्छ । उसको मन तरफ्ति भएको हुन्छ त्यस अवस्थामा चम्पाले व्यक्त गरेको निम्नलिखित भनाइबाट प्रतिरोध व्यक्त हुन्छ ।

> माग्न आँ छन् तँलाई अधिकारीको घरबाट...। यस्तो मोरो अधिकारी ! बिहे नै गर्दैनौ ! ( पृ. ११) नाइँ बा ! मलाई अहिले बिहे गर्न केको चासो ? हामी गर्दैनौं रे, पढ्छौं रे नाच गान सिक्छौं रे । हामीलाई मन परे सिनेमामा शान्ता आप्टे, देविका रानीजस्ती बन्छौं रे कसैको कर लाग्छ ? वाह ! नाइँ बा ! म त बिहे नगर्ने । त्यो पोइ कस्तो छ कस्तो ! ( पृ. १९)

यस उपन्यासमा पितृसत्तात्मक परम्परावादी सोचका कारण कलिलो उमेरमै चम्पाको विवाह गर्न खोजिएको छ, तसर्थ शारीरिक, मानसिक रूपमा परिपक्क भइनसकेकी चम्पाले विद्रोह गर्ने पहिलो प्रयास गरेकी छ । उसको मनमा श्रीमानलाई लिएर विभिन्न विचारहरू आएको छ । "पोइले गहना, हीराको इस्टार, हजार रुपियाँको सारी, पाउडर, सुनको किलिप, काँटा अनि सित्तैमा ल्या होला त ? उसको पनि मतलब होला नि, किन्या होला कि के हँ ?

हामी दासी रे उँ...? हो ? हामी कमारी हो र ?" (९) चम्पाको प्रस्तुत अभिव्यक्तमा नारी अस्तित्व झल्किएको छ । विवाहका माध्यमबाट नारी दासी र पुरुष मालिक बन्ने, गरगहना, लुगाफाटा र पालनपोषणका नाममा श्रीमान्‌ले श्रीमतीमाथि गर्ने शोषण न्यायोचित होइन भन्ने लेखकीय विचार चम्पाका माध्यमबाट देवकोटाले व्यक्त गरेका छन् । सानै उमेरमा पनि चम्पाको विद्रोही चेतना उत्कृष्ट देखिन्छ । उमेर र अनुभवमा परिपक्क भइनसकेकी एक बालिकाले पितृसत्ताप्रति प्रतिरोध गरेकी छे ।

> पोइ भन्या के होला ? साँच्ची ? हाम्री मुमाको पोइ बुबा रे ! तँ यसको भनेर लाइदिया होला अब । एउटा कोठामा सुतेर एउटै थालमा भात खान लाइदिया होला अस्ति कान्छीको पोइले कसरी पिटेको बाबै ! खुकुरीको दापैदापले । छि: कस्तो चण्डाल मोरो ! म भए नबस्ने बा ! त्यस्ता मोराको घरमा । लोग्नेमान्छे किन त्यति बलियो भा होला ? उसको हत्केला हातको पन्जा नै कत्रो ? हकि ! एक चट्कन दियो भने रिसा बेलामा । ओहो नाइँ बा ! हामी त अहिले बिहा गर्दैनौं हामीलाई केको कर ? (पृ. १९)

समाजको परम्परित सोचअनुसार चम्पा र रामकान्तको बिहा भएको छ । परिवारका महिला सदस्यको दबाब पनि उनीहरूको विवाहको एउटा कारक बन्न पुगेको देखिन्छ । चम्पाले विवाह गर्दिन भनेर विरोध गर्दा पनि परिवार र समाजको दबावमा बाल विहे भएको छ । उमेर नमिल्ने, जोडी पनि नमिल्ने तथा चम्पाको व्यक्तित्व बाहिरको रामकान्तसँग विवाह भएपछि ऊ कहिल्यै खुसी हुन सकेकी छैन । उसका सासू र जेठानीहरू पनि असल हुँदैनन् । बिहा गरेको डेढ वर्ष हुनासाथ रामकान्त अधिकारलाई डाक्टरले कालको वारेन्ट दिन्छ । रामकान्तको खराब स्वास्थ्यस्थितिले आफ्नो इच्छाहरू पुरा हुन नसक्दा ऊ सधैं रुष्ट हुन्छे । परम्परावादी सोचका कारण परिवारका अन्य सदस्यहरूले रामकान्तको बिरामी हुनुको दोष पनि चम्पालाई लगाउँछन् । चम्पाले अनेक पारिवारिक पीडा सहिरहेकी हुन्छे । ऊ उमेरमा परिपक्क हुँदिन उसलाई सिँगार गर्न खुब मन पर्छ । उसको यस कार्यप्रति परम्परित समाजका सासू र जेठानीहरूको हेपाहा व्यवहारका विरुद्ध उसको अस्तित्वचेत भएको छ र त्यसका विरुद्ध विभिन्न कार्य गरेर प्रतिरोध गरेकी छ ।

> ठस्केझैं कसैलाई नहेरेझैं चम्पा सासूको कोठाभित्र पसि ! सासूको दर्शन गरेर एक कुनामा अलग चारकुने गाँस्न थालि । बराबर पात जोडसँग च्यात्तथि रिसले, पाखुरा

जर्किन्थे । चम्पाले दुई जेठानीहरूको मुखमा आगोले हेरी । भौँ गाँठी । आँखाले झपारेर जुरुक्क उठी । कठेनीहरूले सभ्य श्रृङ्गार देख्या भे पो त कहिल्यै । (पृ. ३९)

माथिको उद्धरणमा नयाँ र पुरानो पुस्ताको विचारमा द्वन्द्व देखिएको छ । सासुआमा र चम्पाको बीचमा उमेर, समय र परम्परावादी सोचका कारण उनीहरूको जीवन भोगाइका बीच मेल नहुँदा चम्पाले विभिन्न कार्यहरू गरेर प्रतिरोध गरेकी छ । विशेष गरी चम्पाले आफ्नो स्व-इच्छाले जीवन बाँच्न खोज्दा प्राप्त नभएको स्वतन्त्रताका विरुद्ध प्रतिरोध गरेकी हो । उसले आफ्नो गतिशीलतामा अंकुश लगाउन खोज्ने आमाप्रति वैचारिक प्रतिरोध गरेकी छ । आँफूजस्ता नेपाली महिलामाथि समाज र परिवारले दिन खोजेको सामाजिक र व्यक्तिगत उत्पीडन भोग्नुपर्दा चम्पाले आमाको विचार र उसले बाँचेको युगप्रति खुलेर विद्रोह गरेकी छ । समय परिवर्तनशील छ, भिन्न-भिन्न समयमा बाँचेका मानिसहरूको सोचाइ र व्यवहार पनि भिन्न नै रहन्छ । उसले आफ्नो र आमाको उमेर, समय, युग, मुल्य, मान्यता र व्यवहार मिल्दैन भन्दै समय र युग अनुसार स्वतन्त्र रूपमा हिँड्न खोज्दा विभिन्न सामाजिक रीतिरिवाज, परम्परावादी सोचका कारण रोक्नु उचित होइन भन्ने उसको व्यक्तिगत प्रतिरोधी चेतना यहाँ व्यक्त भएको छ । उपन्यासमा चम्पाले आमाप्रति गरेको व्यक्तिगत विद्रोहले सामाजिक संस्कार, पुरानो पुस्ताका अभिभावकका विचार र उनीहरूको पितृसत्तात्मक सोचप्रति महिलाले गरेको प्रत्यक्ष प्रतिरोधलाई देखाएको छ । समयअनुसार समाज, संस्कार र पारिवारिक व्यवहारमा परिवर्तन ल्याउनको लागि मानिसहरूले विद्रोह गर्न सक्छन् । विद्रोह विभिन्न किसिमका वैचारिक र व्यक्तिगत हुन सक्छन् भन्ने कुरा चम्पााले आमा र जेठानी दिदीहरूप्रति गरेको विद्रोहबाट स्पष्ट भएको छ ।

रामकान्त निको भएर आएपछि रोग पुनः बल्झने चेतावनी डाक्टरले दिएको कारण चम्पा र उसलाई केही समय छुट्टै बस्न लगाइन्छ । रमादेवीले एक-दुई वर्ष छुट्टै बस्नुपर्छ, सुवासिनी बार्नैपर्छ भनेर बारम्बार उनीहरूलाई भनीरहेकी हुन्छे । उनीहरू दुवैलाई अलग-अलग कोठामा राख्छन् । कलिली चम्पाले फलामे बोली भएका सासू, नन्द र जेठानीहरूको बुहार्तन सहँदै र लुकीछोपी रोगी लोग्नेको सेवा गर्दै आँफूलाई हुर्काउन थालेकी छ ।

विनासित्तिको बुहार्तन ! पहाडिया सासू त नपरोस् छिः कसैलाई । के जखडबन्धी । फलामे बोलीले बैसको आङ कस्ने साह्रै धोती चुन्न, दोलाइँ पट्टयाउन, कुचो लाउन, टेबिल सज्न, सम्याउन पनि कोठाभित्र नपस्नू रे ! पुग्ने कुरा हो ? हामीले के गर्दिएको छ र ?

छोरोलाई समाउन गाको छैन क्यारे उनको ? (पृ.४६) । सासुले उसलाई बेस्से भनेर गाली गर्दा उसले प्रतिरोध गरेकी छ–बेस्से भन्नु पर्दैन अर्कालाई ! हामीले को नाठा खेला छौ र ? (४७-४८)

माथिको उद्धरणमा चम्पाले श्रीमान्सँग आफ्नो अशक्त अवस्था र घरको व्यवहारिक विषयमा कुरा नमिल्दा सासूको व्यवहारप्रति प्रतिरोधी आवाज उठाएकी छ । कुनै पनि रूपमा आकर्षित गर्न नसकेको श्रीमान् रामकान्तको व्यक्तित्वप्रति घृणाभाव उत्पन्न भएको छ । चम्पाले गरेको वैचारिक विद्रोह महिलामाथि गरिएको लैङ्गिक विभेदको विरुद्धमा देखिन्छ । चम्पा एक महिला हो, समयसँगै उसमा मातृत्वको चाह भएको छ । उसलाई परम्परावादी सोचका कारण आफ्नो श्रीमान्को नजिक जान दिँदैन तर रामकान्त केही स्वस्थ भएको अवस्थामा उसले चम्पाप्रति अनुराग देखाउँदा चम्पाका मनमा यौनका अनेक रहरहरू बढेका छन् । उसले बारम्बार श्रीमान्को सानिध्य चाहेकी छ र त्यसको प्रतिकारमा बोलेकी छ, “अरु जोडाजोडी मिलेर टुँडिखेल डुल्न जान्छन्, आफ्नो त्यति पनि छैन कोठाभित्र पसि रे । किन नपस्नु त कोठामा ?” (पृ. ४६) । कोठामा श्रीमान्सँग बस्न बन्देज गरेकी सासूप्रति प्रतिरोध गर्दै मनमनै भुतभुताउँदै बगैँचातिर गएर प्रशस्त समय बिताउँन बाध्य भएकी छ । तत्कालीन समयमा सासू र समाजले गरेको दबाबका विरुद्ध आवाज उठाउने अवस्था थिएन तर चम्पाले प्रतिरोध गर्ने प्रयास गरेकी छ । उसले ती दमनहरूको विरोध विभिन्न तवरले गरेकी छे ।

नेपाली समाजमा बुहारी भएकै कारण आफ्ना इच्छा, हकलाई तिलाञ्जली दिनुपर्ने, परिवारका अन्य सदस्यहरूले पनि राम्रो व्यवहार नगर्ने, ऊ एक मानव हो भनी मानवीय व्यवहार नै नगर्ने हुँदा चम्पाले परिवारको हैकमवादी व्यवहारप्रति विद्रोह गरेकी छ। श्रीमान्सँग राम्रो सम्बन्ध नहुँदा ऊ त्यस परिस्थितिप्रति रुष्ट बनेकी छ । यसैको प्रतिकारस्वरूप उसले घरलाई जेल मानेकी छ । उसले गरेको विद्रोहले पितृसत्ताप्रतिको लैङ्गिक प्रतिरोधलाई स्पष्ट बनाएको छ । महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् । उनीहरूमा सहभाव र सहकार्य आवश्यक हुन्छ भन्ने सामाजिक मान्यताको विपरीत परिवार र श्रीमान्बाट लैङ्गिक विभेद भोगेकी चम्पाले उपन्यासमा प्रत्यक्ष प्रतिरोध गरेकी छ। चम्पा महिला भएकै कारण सधैँ घरमा नोकर्नी सरह काम गर्नु पर्ने, मातृत्वको चाह भएता पनि उसले त्यो चाह पुरा गर्न सकेकी छैन, तसर्थ पात च्यात्ने, सासूर जेठानीलाई अपमानपूर्ण बोलीले मुखमुखै लाग्ने र परिवारको चाहना विरुद्धको बढी शृङ्गार गर्ने आदि विद्रोही व्यवहार गरेकी छ । डाक्टरको चेतावनी र

रूपयौवनले भरिपूर्ण श्रीमती चम्पाको आकर्षणका द्वन्द्वमा परेको श्रीमान्‌ले अन्त्यमा सन्यासी भएर सदाका लागि घर छोडेर हिँडेपछि चम्पाका दिनहरू थप कष्टकर बनेका छन् । यहाँ पुरुष स्वार्थ प्रवृत्ति देखिएको छ । उसले चम्पा र परिवारको बारेमा केही नसोची घर छोडेर हिँड्छ जसले गर्दा चम्पाले परिवारका अन्य सदस्यहरूबाट अनेक दमन सहेकी छ । श्रीमान्‌ले आफ्नो स्वार्थ मात्रै हेरेर घर छोडेर हिँडेपछि चम्पा विच्छिप्त बन्न पुगेकी छे । यसले पितृसत्ताले कसरी महिलालाई थिचेको छ भन्ने यथार्थ पक्षको चित्रण गरेको छ ।

> ए कान्छि ! चम्पाले आधा सुनिन् । अझ सुन्दिन ! भर्खर गुनगुनाइरहेकी थिई ! आ चम्पाले आङ कर्काई र रातको एघार बजेको छ । ए चम्पा तेरो कान छैन ? अझ बोल्दिनस् अर्निनी ? चम्पा सासूको कोठामा फन्किँदै पसिन् रिसले । बुढियाको पिँडौँलामा घिउ घस्नु थियो । आज पिँडौँला चौपट्ट करकर खाइरहेछ । घिउ घसिदेन ए ! कस्तो घिउ घस्नुपर्‍यो-पहाडीको पिँडौला । (पृ. ६८)

पितृसत्ताले नारीमाथि दमन र विभेदकारी व्यवहार त देखाउँछ नै तर त्यस्तो शक्तिको विरुद्धमा महिलाहरूले विद्रोह गरिरहन्छन् भन्ने कुरा माथिको उद्धरणबाट स्पष्ट हुन सकिन्छ । चम्पाले परीवारबाट पाएको यातना, शोषण र अन्यायले मर्माहित बनेकी छ । उसले परम्परादी विचारको विरोध गरेकी छ । त्यस समयमा पनि सासूसँग जवाफ फर्काउने चेतनशील नारीको रूपमा देखिन्छे । चम्पा र सासुको बारम्बार झगडा परिरहने तर रोगी नै भएपनि ऊ रामकान्तको वरिपरि बस्न चाहेकी छ । चम्पाले घरमा रहँदा धेरै नै लैङ्गिक हिंसा भोगेकी छ । घरमा भोगेको यातनाबाट दुःखी बनेकी चम्पाले गरेको यस विद्रोहले लैङ्गिक हिंसा विरुद्ध महिलाले गरेको लैङ्गिक प्रतिरोधलाई थप स्पष्ट पारेको छ । उसले परिवार र श्रीमान् कसैको साथ पाउँदिन, रामकान्तसँगको बिछोड र परिवारको ताडनाले क्रोधित चम्पामा प्रतिरोधी सोच आएको छ, तसर्थ उसले अन्त्यमा सदैव महिला भएकै कारण पिल्सिएर बस्नु ठिक होइन, परिवारले म प्रति गर्ने व्यवहारको विरुद्ध प्रतिरोध गर्नुपर्छ । आफ्नो अस्तित्व खोज्नुपर्छ भन्ने चेतना आएर उसले घर छोडेर हिँडेकी छ । घर छाडेर जाने निर्णय उसको प्रतिरोधी चेतनाको उपज हो । उपन्यासको अन्यको निम्न अंशले यसको पुष्टि गरेको छ :

> जे भए पनि उनीहरू बरु माइतै बेस हुने थियो । दुई चार महिना त हेरुन् । नभए भान्से लाग्ने थिइन् दरबारमा, कतै । कतै भएन भने देखाजायगा । यत्रो संसारमा एक ठाउँ कसो न कसो नमिल्ला ? घमण्डी भ्रष्टसाधु, क्रोधिनी, दलित, ज्वलित चम्पाले त्यो

रातभर नसुतीकन पोकापन्तरा ठीक परिन् । भोलीपल्ट झिसमिस हुँदा कसैलाई थाहा नदिईकन नोकर्नी बसुन्धरीकी छोरो पानमतीसँग वाग्मतीपारि माइतीको बाटोमा रमाना भइन् । (पृ. ७१)

कुनै पनि अपराध नगर्दा श्रीमान्ले आँफूलाई त्याग गर्नु, सासू र जेठानीहरूले आफ्नो चरित्रमा शङ्का गर्नु, आफ्नो बाँच्ने कुनै पनि आधार त्यो घरमा नदेख्नु आदि कारणले दुःखी र क्रोधित भएकी चम्पाले घरमा आफ्नो जीवन सुरक्षित नदेखेर अन्य विकल्प खोज्न घर छोडेर हिँड्नु उसको प्रतिरोधी चेतना हो । माइतिमा केही समय बसेर भाउजू बुहारीको व्यवहार हेर्ने, त्यहाँ पनि राम्रो व्यवहार नपाए दरबारमा भान्से भएर वा अन्य काम गरेर भए पनि स्वतन्त्र रूपले जीवन जिउने चाहनाका साथ चम्पाले घर छोडेकी छ । उसको पछिको जीवनले कस्तो मोड लिन्छ भन्ने अनिश्चिततामा नै उपन्यासको अन्त्य भए पनि त्यो अन्त्यले नारीको स्वतन्त्र अस्तित्वतर्फ सङ्केत गरेको छ ।

पारिवारिक, सामाजिक चाहे राज्य पक्ष होस्, व्यवहारमा मनमुटाव र असहमति त भइरहेको पाइन्छ । त्यसलाई सबैले सधैँ सहेर बस्दैनन् । उपन्यासका पात्र जुन पीडीत छन् उनीहरूले कहीँ न कहीँ कुनै न कुनै रूपमा तीनका विरुद्ध प्रतिरोध देखाएका हुन्छन् । त्यो प्रतिरोध चेतना व्यक्तिका व्यवहार वा आवाजमा देखिन्छन् । चम्पा उपन्यासकी पात्र चम्पामा उसले व्यक्त गरेको आक्रोशबाट प्रतिरोधि चेतना देखिएको छ । परिवर्तनशील समाज र सामाजिक मान्यतामा नयाँ पुस्ता र पुराना पुस्ताको बिचमा असमानता र असमझदारी हुँदै ती विषयहरू प्रतिरोधको स्वरूपमा पनि देखिएका छन् । त्यस्तै प्रकारको पिढीगत द्वन्द्व उपन्यासमा चम्पा र उसकी आमाका बीचमा देखिन्छ । यो द्वन्द्वले एक पिढीसँग अर्को पिढीको बीचमा देखिने व्यक्तिगत, व्यवहारिक र वैचारिक बेमेलबाट प्रतिरोध निम्त्याएको छ । चम्माकी सासुले चम्पालाई हरेक कुरामा अंकुश लगाउन खोज्दा चम्पाबाट भएको यस विद्रोहले महिलामा देखिएको लैङ्गिक र वैचारिक प्रतिरोधलाई स्पष्ट पारेको छ ।

लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको चम्पा उपन्यासमा नारी पात्रहरूले भोग्नुपरेको उत्पीडन, लैङ्गिक विरोध र उनीहरूको संर्घषलाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ । विशेष गरेर चम्पाले विभेद, हिंसा र उत्पीडनको भोगाइको विरुद्धमा प्रतिरोध चेतना पनि बाहिर ल्याएकी छ । नारी भएकै कारण समाजमा सीमान्तकृत बन्न पुगेका नारीमाथि पुरुषसत्ताको आडमा पुरुषहरूले गर्ने विभिन्न किसिमका हिंसा र शोषण भोग्नुपर्ने वास्तविकलाई देवकोटाले

प्रस्तुत गरेका छन् । उपन्यासमा सामाजिक, आर्थिक र सांस्कृतिक शक्तिका आधारमा महिलाहरूमाथि गरिएको विभेद देखाइएको छ। चम्पाले घरमा परिवारबाट तुच्छ शब्दका साथै मानसिक हिंसा भोगेकी छ। उसले नारी अस्तित्व र नारी स्वतन्त्रताका लागि समाज, धर्म र पुरुषवर्गसँग प्रतिरोध गरेकी छ।

यस उपन्यासकी प्रमुख पात्र चम्पाको चरित्रले नारीहरूको आत्मसम्मान, स्वतन्त्रता र अधिकारको लागि लड्ने नारीहरूको संघर्ष र साहसलाई देखाएको छ । ऊ एक प्रतिरोधी चेतना भएकी नारी पात्र हो। उसले परम्परावादी, पितृसत्तात्मक सोचका कारण स्वतन्त्र जीवन जिउँन पाएकी छैन। उसलाई सानै उमेरमा विवाह गर्दिनाले उसले धेरै नै हिंसा भोगेकी छ। उपन्यास लेखनको आधार पितृसत्ता भएको कारण चम्पा उपन्यासमा नारी पात्रहरू बढि विभेदमा परेका छन्। नारीपात्रहरूद्वारा आएको प्रतिरोधी आवाजले कहीँ समाजको मूल धारलाई परिवर्तन गर्न खोजेको छ भने कहीँ मौन रूपमा मात्र देखिएको छ । कुनै पात्रहरूले स्वयम् प्रत्यक्ष प्रतिरोध गरेका छन् भने कोहीले अप्रत्यक्ष रूपमा प्रतिरोध गरेका छन्। उपन्यासकारले नारी र पुरुषबीचको समानताको आवश्यकता र महत्त्वलाई पनि देखाएको छ । चम्पाको संघर्षले समाजमा लैङ्गिक समानताको लागि प्रेरणा दिएको छ।

## ४.३ रामकान्तको प्रतिरोधी चेतना

यस उपन्यासको प्रमुख पुरुष पात्रका रूपमा रामकान्त रहेको छ। त्यतिखेरको समयमा पनि शिक्षित पात्रको रूपमा ऊ चित्रित रहेको छ । ऊ परिवारको साहिँलो छोरो हो । रमाकान्तको परिवारले रामकान्त छोरो भएको कारण उसलाई पुलपुलाएर राखे पनि उसलाई प्रकृतिले अलि कम निगाह गरेकी छन्। उसको मुख केही बाफे छ। ओखरको बोटबाट लडेर बाँया गालामा चार अङ्गुल खत परेको छ। मुखभरि मखिबुट्टे चायाँ, डन्डीफोर तथा चिरिएको चिउँडो, गाला लिपिक्क, हाड टङ्ग्रङ्ग, आँखा च्यासैं भए पनि उसले अघोर ठाँटिएर हिँड्नुपर्ने रुची राख्छ। शरीर जस्तो देखिए पनि विचारमा नारी चेतनाको पक्षमा केही सबल देखिएको छ। उसले सानी खालकी केटीसँग बिहे गर्ने सोच राख्छ किनकि ऊ आँफू पनि सानो कदकै हुन्छ। सानै होली भनेर सुन्दर देखेर र घरको कुरामा सहमत भएर उसले चम्पासँग बिहे गर्छ।

यस उपन्यासमा समाजका अनेक नियम, परम्परागत व्यवहार, पारिवारिक परिस्थिति, स्वास्थ्यवस्था आदिका कारण पूरा हुन नसकेको यौन चाहप्रति रामकान्तले विभिन्न कार्य गरी

प्रतिरोध गरेको छ । बिहे गरेको डेढ वर्ष हुनासाथ रामकान्त अधिकारीलाई डाक्टरले कालको वारेन्ट दिन्छ, टोखाबाट स्वास्थ्यमा सुधार भएर घर फर्किएपछि रामकान्तको अतृप्त यौनले टि.बी रोगको बन्देजलाई तोड्न खोजेको छ । ऊ श्रीमती चम्पाको सौन्दर्यमा मोहित भएको छ, तसर्थ बारम्बार चम्पाको नजिक जान खोजेको छ । उसले आफ्नो चाह पुरा गर्न नसक्दा विभिन्न माध्यमबाट प्रतिरोध गरेको छ । ऊ राति बाह्र बजे धारामा नुहाउन जाने, आफ्नो सम्पूर्ण किताबहरू च्यातेर आफ्नो ज्ञानप्रति निन्दा गरेको छ ।

रामकान्त श्रीमतीको सौन्दर्यमा मोहित भएको छ तर जबर्जस्ती गरेको छैन । आँफू समाजले चाहेजस्तो बन्न नसक्नाले र चम्पालाई माया दिन नसक्दा दुःखी बनेको छ। चम्पाप्रति उसमा उदार भाव रहेको छ। उसले चम्पालाई रिझाउन कोसिस गरेको छ। उसले चम्पा यो समाजको बन्धनबाट मुक्ति होस् भनेर उसलाई जीवन आफ्नो तरिकाले जिउन भनेको छ । मूलतः रामकान्त आफ्नै कारणले सन्तुष्ट छैन । टी.बी रोगका कारण ऊ उदासिन अवस्थामा पुगेको छ । आफ्नो जीवनमा प्रेम सुरु हुनुभन्दा पहिले मृत्यु आएकाले जीवनदेखि असन्तुष्ट छ । तसर्थ उसले श्रीमती चम्पाप्रति जबर्जस्ती नगरी चम्पा स्वतन्त्र होस् भनी अर्को विवाह गर्न भनी घरबाट बेपत्ता भएको छ । रामकान्तले परिवार, समाज र स्वयम्सँग प्रतिरोध गरेर घर छोडेर हिँडेको छ। नारी चेतनाका पक्षबाट रामकान्त केही सकारात्मक रहेको देखिन्छ। शिक्षा र चेतनाका कारणले उसमा नारीको हक र स्वतन्त्रताको बोध भएको छ ।

## ४.४ सुब्बा श्रीकान्तको प्रतिरोधी चेतना

उपन्यासकी प्रमुख पात्र चम्पाका हजुरबुबा सुब्बा श्रीकान्त हुन् । उनी मध्यमवर्गीय परिवारका हुन् । यस उपन्यासमा सुब्बा श्रीकान्त त्यतिबेलाको पितृसत्तात्मक समाजको प्रमुख पात्र हुन् । उनी सामन्त सामाजिक व्यवस्थाको पक्षपोषक जस्ता देखिन्छन् तर उनले चम्पाको विषयमा फरक विचार व्यक्त गरेका छन् । उनले आफ्नी नातिनीलाई स्नेह गरेर आफ्नी श्रीमतीसँग चम्पाको बिहे अहिले नगर्ने भन्ने विषयमा प्रतिरोध गरेका छन् । तत्कालीन समयमा पनि उनले नारीको पक्षमा आवाज उठाएका छन् । उनी शान्त र गम्भीर स्वभावका छन् । उनले चम्पाको विवाहको विषयलाई लिएर आफ्नी श्रीमतीसँग र समाजसँग प्रतिरोध गरेका छन् ।

यस्ती मिर्गकी छाउरी । बुढाले मनमनै भने, यसले पराइघरको बुहार्तन कसरी गर्छे ? उमेर नपुगी कत्रो बिहा गरिदिनको शौक ल । (पृ. १३) बुढाले तब धेरै कुरा सम्झाउँदै बताए कि चम्पा नातिनी यस साल विवाह गर्न सकिने उमेरमा पुगेकी थिइनन् । एकदुई वर्ष हडबडाउनको जरुरत थिएन । बुढाले भने,बिचरी कोपिलै छ । आँग फुकेकै छैन । पिटिक्क जान्न पराईघरमा ? (पृ. १६)

माथिको उद्दरणमा हजुरबुबा श्रीकान्तले परिवारसँग चम्पाको विवाह नगर्न आग्रह गरेका छन् । विवाह गर्न चम्पाको उमेर नभएको र ऊ शारीरिक, मानसिक रूपले पनि परिपक्क नरहेकी हुँदा परम्परावादी सोचको विरुद्ध आफ्नो विचार राखेका छन् । उनले जति नै चम्पाको विवाह रोक्ने प्रयास गरे पनि उनी आफ्नो कार्यमा सफल हुन सकेका छैनन् । उनले परिवारको निर्णयमा सहमति जनाएका छन्, तसर्थ चम्पाको विवाह भएको छ तर नातिनीको स्नेहपूर्वक भनेपनि उनमा नारी सचेतना देखिएको छ ।

## ४.५ समाख्याताको प्रतिरोधी चेतना

*चम्पा* उपन्यास लक्ष्मीप्रसाद देवकोटाद्धारा लिखित सामाजिक उपन्यास हो । उनले तत्कालीन पितृसत्तात्मक समयमा पनि उपन्यासको नाम *चम्पा* राखेका छन् र उपन्यासभरी नारीलाई नै केन्द्रमा राखी उनीहरूले भोगेका समस्याहरूको चित्रण गरेका हुनाले यो उपन्यास नारी समस्यामा केन्द्रित छ भनी स्पष्ट हुन्छ । देवकोटाले उपन्यासमा परम्परावादी पात्रहरूको प्रयोग गरेपनि उनीहरूमा केही न केही रूपमा नारीप्रति सकारात्मक चेत छ, भन्ने देखाएर समाख्याताका तर्फबाट पनि प्रतिरोध गरेको बुझिन्छ ।

उपन्यासमा जेठानीहरूमा पनि दमनात्मक व्यवहार चित्रण गरिएको छ । यहाँ नारीलाई नै नारीको विरोधी देखाइए पनि पितृसत्तात्मक समाजले उनीहरूलाई डोचाएको हुन्छ भन्ने विचार समाख्याताको रहेको छ । नेपाली समाजमा पितृसत्तात्मक सोचका कारण नारीहरू सामाजिक, सांस्कृतिक र आर्थिक रूपले पछि परेका हुन् भन्ने कुरा देवकोटाले बुझेको देखिन्छ । उनको *चम्पा* उपन्यास समाजमा विद्यमान कुप्रथालाई हटाउने एउटा सुधारवादी प्रवृत्तिको उपन्यास हो । देवकोटा नचाहिँदो सामाजिक संस्कार र परम्परित सामाजिक मान्यता र मूल्यको विरोधी हुन् । *चम्पा* उपन्यास तिनै विरोधी मानसिकताको एउटा विस्फोट हो भन्ने स्पष्ट हुन्छ ।

## ४.६ निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *चम्पा* उपन्यासमा नारी जीवनका आर्थिक, सामाजिक, सांस्कृतिक समस्याहरूलाई उजागर गरिएको छ र त्यसको विरुद्ध नारी र केही हदसम्म पुरुषको विद्रोही चेत चित्रण गरिएको छ । नारीहरू आर्थिक रूपमा त उत्पीडित छन् नै संस्कृति र समाजका विभिन्न क्षेत्रहरूमा उनीहरू चरम रूपमा शोषणमा पारिएका छन् । पुरुषले समग्र उत्पादनका साधनहरूलाई आफ्नो हातमा लिएर नारीलाई घरभित्र मात्र सीमित तुल्याएको छ । पितृसत्तात्मक समाजले आफ्नो चाहना, सुविधाअनुसार नारीहरूको उपयोग गरेको छ । पुरुषले आफ्नो अनुकूलका धर्म, संस्कार, मूल्य, मान्यता, परम्पराको निर्माण गरी जहाँतही नारीहरूलाई उत्पीडनमा नै पारेको छ भन्ने नेपाली समाजको वास्तविक यथार्थलाई देवकोटाको उपन्यास चम्पाले उद्‌बोधन गरेको छ ।

लक्ष्मीप्रसाद देवकोटाको यस उपन्यासमा यथास्थितिवादी नारीपात्रका साथै प्रतिरोधी नारीपात्रहरूको उपस्थिति रहेको छ । उनको उपन्यासभित्रको सामाजिक संरचना पितृसत्तात्मक रहेको हुँदा त्यसले निर्देशित गरेको विभेदकारी मूल्यका कारण अधिकाशं नारीपात्रहरू विभिन्न प्रकारका उत्पीडनमा रहेका देखिन्छन् र उनीहरू यथास्थितिवादी भएका हुनाले स्थापित मूल्यलाई आत्मसाथ गरिरहेका देखिन्छन् । नेपाली समाजका नारीहरू आर्थिक क्षेत्रमा आफ्नो स्वामित्व नभएर शोषणमा त पारिएका नै छन् अझै पितृसत्ताले लादेका बन्धन, नियम र परम्परा निभाउन बाध्य भएका छन् । यसो भएपनि सामाजिक-सांस्कृतिक सन्दर्भमा चम्पाले पितृसत्तात्मक सोचका विरुद्ध प्रतिरोध गरेकी छ । नेपाली समाजको तत्कालीन समय परिवेशमा देवकोटाले नारीलाई केन्द्रमा राखी लेखकीय प्रतिरोध पनि व्यक्त गरेका छन् ।

# पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

## ५.१ सारांश

लक्ष्मीप्रसाद देवकोटाको चम्पा उपन्यासमा नारी चेतना शीर्षकको प्रस्तुत शोधमा जम्मा पाँच परिच्छेद रहेका छन् । पहिलो परिच्छेद शोधपरिचय रहेको छ, जसअन्तर्गत विषयपरिचय, समस्याकथन, उदेश्य, पूर्वकार्यको समीक्षा, औचित्य, महत्त्व र उपयोगिता, सीमाङ्कन, शोधविधि तथा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । उपन्यासमा नारी चेतनालाई मूल प्राज्ञिक समस्या बनाइएको छ । यही समस्याको समाधान गर्न देवकोटाको उपन्यासमा सामाजिक, सांस्कृतिक, आर्थिक समस्या के कस्तो रहेको छ ? उपन्यासमा महिलाप्रति पितृसत्तात्मक धारणा र व्यवहार तथा महिलाचेतनामा पितृसत्ता के कसरी प्रस्तुत भएको छ र उपन्यासमा प्रतिरोधलाई कसरी अभिव्यक्त गरिएको छ ? भन्ने शोध प्रश्नहरू निर्माण गरिएको छ। यसरी शोध गर्दा यस भन्दा अगाडि प्रस्तुत विषयका बारेमा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गरी समीक्षा गरिएको छ । यिनै विषयहरूको अध्ययनबाट लक्ष्मीप्रसाद देवकोटाको उपन्यासमा नारी चेतनाका दृष्टिले अध्ययन र विश्लेषण हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ, त्यसैले प्रस्तुत विषयको अध्ययन गर्नु शोधको औचित्य र महत्त्व स्पष्ट भएको छ । देवकोटाको चम्पा उपन्यासको विभिन्न तवरले अध्ययन हुन सक्ने भएपनि यहाँ नारी चेतनाका विभिन्न पाटाहरू मध्ये सामाजिक, सांस्कृतिक र आर्थिक, पितृसत्तात्मक धारणा र व्यवहार, प्रतिरोधी चेतनामा मात्र केन्द्रित रही अध्ययन गरिएको छ, जुन शोधको सीमाका रूपमा रहेको छ। प्रस्तुत शोध पुस्तकालयीय सामग्री सङ्कलन कार्यबाट सामग्री सङ्कलन गरी नारीवादी सिद्धान्तबाट प्रस्तुत शोधको अध्ययन र विश्लेषण गरिएको छ । यसरी निर्माण गरिएको शोधपत्रको रूपरेखा समेत पहिलो परिच्छेदमै निर्धारण गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदमा नारी चेतनाको सैद्धान्तिक मान्यता र विश्लेषण ढाँचा रहेको छ। यस परिच्छेदभित्र नारी चेतनाको सैद्धान्तिक पृष्ठभूमि, नारी चेतनाको आधार, नारीवादी समालोचनाका पक्षहरू, पितृसत्ताको सैद्धान्तिक अवधारणा, प्रतिरोधी चेतनाको सैद्धान्तिक अवधारणा र विश्लेषण ढाँचाको चित्रण गरिएको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो परिच्छेद लक्ष्मीप्रसाद देवकोटाको उपन्यास *चम्पा* मा नारीले व्यहोर्नुपरेका सामाजिक, सांस्कृतिक र आर्थिक समस्यासँग सम्बन्धित रहेको छ । यस परिच्छेदको प्रारम्भमा परिचय र सामाजिक, सांस्कृतिक र आर्थिकको सैद्धान्तिक अवधारणा राखिएको छ । त्यसपछि देवकोटाको चम्पा उपन्यासमा सामाजिक, सांस्कृतिक र आर्थिक समस्यालाई प्रस्तुत गरिएको छ । सामाजिक, सांस्कृतिक र आर्थिक समस्याका आधारमा उपन्यासलाई विश्लेषण गर्दा पुरुषले नारीलाई र समाज र संस्कृतिले गर्दा परेको असरको विश्लेषण गरिएको छ । उपन्यासमा महिला र पुरुष पात्रहरूका चेतनामा रहेको पितृसत्तात्मक सोचलाई विश्लेषण गर्दा उनीहरूका विचार, धर्म, संस्कार, संस्कृति, शक्ति, सत्ता तथा सामाजिक मूल्य मान्यतालाई आधार मानिएको छ । परिच्छेदको अन्त्यमा चम्पा उपन्यासमा नारी र पुरुषहरूमा रहेको विचार र चेतनामा देखिएको सामाजिक, सांस्कृतिक र आर्थिक समस्यालाई समग्र अध्ययन र विश्लेषण गरेर निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको चौथो परिच्छेद लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यासमा प्रतिरोधी चेतनासँग सम्बन्धित छ । यहाँ सुरुमा विषयपरिचय र *चम्पा* उपन्यासमा प्रतिरोधी चेतनाको विश्लेषण गरिएको छ । त्यसपछि उपन्यासका केही पात्रहरूले के-कसरी प्रतिरोध गरेका छन् भन्ने विषयको चित्रण गरिएको छ । यस परिच्छेदमा प्रतिरोधी चेतना र व्यवहारको विश्लेषण गर्दै औपन्यासिकताको मूल्याङ्कन गरिएको छ । प्रतिरोधलाई विश्लेषण गर्ने क्रममा विशेषः लैङ्गिक कोणबाट र नारीवादी कोणबाट मात्रै विश्लेषण गरिएको छ । नारीहरूप्रति समाज र पितृसत्तात्मक सोच र पुरुषवर्गबाट गरिएको लैङ्गिक विभेद, हिंसा र उत्पीडनका विरुद्ध उनीहरूबाट बाहिर आएको प्रतिरोधि चेतनालाई विश्लेषण गरिएको छ । यस उपन्यासमा नारीहरूले गरेको प्रत्यक्ष, अप्रत्यक्ष, मौन तथा वाचाल प्रतिरोध, नारी अस्तित्व र पहिचानका लागि छ, छैन भन्ने विषयको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

परिच्छेदको अन्त्यमा *चम्पा* उपन्यासमा भएका नारीले भोगेको सामाजिक, सांस्कृतिक, लैङ्गिक विभेद, उत्पीडन तथा त्यसको विरुद्ध उनीहरूबाट आएको प्रतिरोधी चेतनालाई समग्र रूपमा अध्ययन र विश्लेषण गरेर निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी दुईओटा शोध समस्याको समाधानार्थ विभिन्न किसिमका शीर्षक तथा उपशीर्षकका माध्यमबाट समाधानमा पुगिएको छ । त्यसैगरी यस शोधपत्रको पाँचौं परिच्छेदमा शोधमा उल्लेख गरिएका सम्पूर्ण परिच्छेदको सांराश तथा निष्कर्ष उल्लेख गरिएको छ ।

## ५.२ निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । उनको लेखन मूलतः सामाजिक यथार्थका विषयमा भए पनि समाजका परम्परावादी अन्धमान्यता र समाज विकासका विरोधी व्यवहारका विरुद्ध चेतनशील आवाज निर्माण गर्ने उद्देश्यअनुसार लेखिएको छ । उनले उपन्यासमा त्यस्ता नारी पात्रको चित्रण पनि गरेका छन् । सामाजिक मूल्यमान्यता र व्यवहारले गर्दा अप्ठेरोमा परेका, परम्परागत पितृसत्तात्मक सोचका कारण अगाडि बढ्न नसकेका-नदिइएका, आर्थिक र वैयक्तिक समस्याहरूले उल्झनमा परेका पात्रहरूको यथार्थ चित्रण गर्ने कला देवकोटामा रहेको देखिन्छ । उपन्यासमा उनका पात्रहरू सामाजिक, सांस्कृतिक, आर्थिक, अन्धविश्वास र वैयक्तिक समस्याहरूका कारण विभिन्न समस्यामा परेका छन् ।

*चम्पा* उपन्यासमा सामाजिक समस्याका कारण नारीहरुको सामाजिक विवशता र उनीहरुले भोग्नुपरेको अन्यायको चित्रण गरिएको छ । तत्कालीन समयमा पितृसत्तात्मक सोच भएको समाज र अन्धविश्वासका कारण नारीहरुको स्थिति निकै दयनीय रहेको देखिन्छ । उपन्यासमा चम्पा एक अबोध बालिका जसलाई विवाहको बारे केही जानकारी हुँदैन तर समाजले जबरजस्ती बाह्र वर्षकी बच्चीको विवाह गर्न दबाब दिएको छ र सोहीअनुरुप आँफ्नो चाहना विपरितको घरपरिवारमा उसको विवाह भएको छ । चम्पाको आँफूले नचाहेको समयमा बिहे गरिदिनु, उसले मनपराएजस्तो केटो नहुनु, परिवार पनि उसको अनुकुल नहुनु, पारिवारिक कलहले चम्पाका मनमा अशान्ति बढ्नु, श्रीमान् श्रीमतीका बिचमा सुखद जीवनचर्या नहुनु आदि घटनाहरु सामाजिक समस्याका रूपमा आएका छन् । तत्कालीन राणाकालीन समाजमा नारीहरुको सीमित भूमिकाको विरुद्ध चम्पाले गरेको संघर्षले समाज पविर्तनको आवश्यकतालाई औंल्याएको छ ।

*चम्पा* उपन्यासमा नेपाली समाजको तत्कालीन परम्परागत संस्कृतिक र मूल्यमान्यताहरुको कारण नारीहरुले विभिन्न समस्या व्यहोर्नु परेको देखिन्छ । नारीहरु जन्मदेखि नै पुरुषको अधिनमा रहनुपर्छ, घरपरिवार चलाउने काम पुरुषको मात्र हो, नारीहरुले पुरुषको सधैं भगवान् सरह पूजा गर्नुपर्छ भन्ने सांस्कृतिक मान्यताका कारण नारीहरु अन्यायमा परेको कुरा उपन्यासमा रहेको छ । उपन्यासमा पुण्य कमाइन्छ भनी धर्म, संस्कृतिको नाममा चम्पाको सानैमा जबरजस्ती विवाह गरिदिएको छ । चम्पाको विवाह पश्चात रामकान्तको पाउको पानी

खान लगाइन्छ जसले गर्दा उसले बान्ता गरेकी छ । हिन्दु धर्मले पुरुषलाई ईश्वरको दर्जा दिएको छ भने नारीलाई पुरुषकी दासी निच प्राणीको रूपमा व्यवहार गरेको छ । तत्कालीन नेपाली समाजमा सामाजिक संस्कारले नारीहरुलाई केवल घरभित्र बस्न बाध्य बनाएको यथार्थ उपन्यासमा चित्रण गरिएको छ। धर्म, संस्कृतिक परम्परा र रीतिथितिले सधैँ नारीलाई शोषणमा पारेको देखिन्छ ।

*चम्पा* उपन्यासमा नारीको शोषण, दमनको मुख्य कारण आर्थिक समस्या हो भन्ने कुरा उपन्यासकी मुख्य नारी पात्र चम्पाका माध्यमबाट देखाइएको छ। चम्पा आर्थिक रूपमा सक्षम हुन खोजेकी छ तर पितृसत्तात्मक सोच भएको समाजले उसको इच्छा विपरीत विवाह गर्दिएको छ जसको कारण ऊ आर्थिक रूपमा सक्षम बन्न सकेकी छैन । उपन्यासमा रामकान्तलाई शिक्षा आर्जन गर्नको लागि छुट्टै राखिएको छ भने चम्पालाई घरभित्रको काममा मात्र सीमित गरिएको छ जसले गर्दा उसले विभिन्न समस्या भोग्नुपरेको छ । पितृसत्ताले नारीलाई केवल चुलोचौकोमा मात्र सीमित राखी शोषण गरिरहेको छ ।

*चम्पा* उपन्यासमा सामाजिक, सांस्कृतिक र आर्थिक समस्याका विरुद्ध विभिन्न माध्यमद्वारा प्रतिरोध गरिएको छ । उपन्यासको सुरुमै चम्पाले आफ्नो हजुरबुबा श्रीकान्तले विवाहको कुरा गर्दा अहिले कस्ले विवाह गर्छ म त गर्दिन भनेर प्रतिरोध गरेकी छ। सामाजिक दबाबका कारण चम्पा र रामकान्तको विवाह भएको छ तर चम्पा त्यो विवाहका कारण खुसी हुँदिन त्यसकारण उसले पात च्यात्ने, घरका सदस्यहरुसँग अपमान गर्ने, परिवारको इच्छा विपरीतका कार्य गर्ने, परिवारको चाहना विरुद्धको बढि श्रृङ्गार गर्ने आदि विभिन्न कार्य गरेर प्रतिरोधी व्यवहार गरेकी छ। उपन्यासमा सामाजिक, आर्थिक र सांस्कृतिक शक्तिका आधारमा महिलाहरूमाथि गरिएको विभेद देखाइएको छ। चम्पाले घरमा परिवारबाट तुच्छ शब्दका साथै मानसिक हिंसा भोगेकी छ तसर्थ उसले नारी अस्तित्व र नारी स्वतन्त्रताका लागि समाज, धर्म र पुरुषवर्गसँग प्रतिरोध गरेकी छ ।

नारीमाथि ऐतिहासिक सभ्यताको विकासक्रमसँगै गरिएको शोषण र दमनको विरुद्धमा र मुक्तिको आकाङ्क्षा सहित नारी चेतनाको विकास भएको हो । पितृसत्ताका कारण हजारौँ वर्षदेखि उत्पीडनमा परेका महिलालाई पुँजीवादी समाजले बजारको वस्तु सरह व्यवहार गरेको छ । पितृसत्तात्मक समाजले गरेको शोषण र विभेदले नारीमाथि भएका अनेक हिंसाहरू तथा नारीले आफ्नो अधिकारका लागि निर्माण गरेका विद्रोही आवाजहरू उपन्यासमा रहेको छ ।

समग्रमा लक्ष्मीप्रसाद देवकोटाले नारी समस्यामा आधारित रही नारी शोषणको प्रमुख आधार सामाजिक, सांस्कृतिक, आर्थिक संरचना र पितृसत्तात्मक व्यवस्थालाई मानेका छन् । यस उपन्यासले तत्कालीन समाजमा प्रचलित अन्धविश्वास, रुढी, सामन्ती हैकम र नारीमाथिको दमनलाई विरोध गरेको छ । समाजमा व्याप्त नारीमाथिको आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, राजनीतिक, शैक्षिक लगायत तमाम खालका उत्पीडनहरूको अन्त्य हुनु पर्छ र नारी स्वतन्त्र, आत्मनिर्भर र स्वाभिमानी वर्गको रूपमा स्थापित हुनु पर्छ भन्ने लेखकीय विचार यस उपन्यासमा रहेको देखिन्छ, यस उपन्यासमा नारीको कुनै अस्तित्व नस्विकार्ने, नारी इच्छा-आकांक्षा, भावना र चाहनाहरूप्रति कत्ति पनि संवेदनशील नबन्ने समाजको विरोध गरिएको छ । उपन्यासमा नारीलाई कुनै वस्तु वा माल जस्तै सम्झि जबरजस्ती बिहे गरेर पठाइदिने तत्कालीन समाज व्यवस्थाको विरोध गरिएको छ । यस उपन्यासकी प्रमुख पात्र चम्पा एक प्रतिरोधी चेत भएकी नारीपात्र हो । आधुनिक तरिकाले समाजमा बाँच्न चाहाने पुरातन सामाजिक मूल्य मान्यतालाई पूर्ण रूपमा अगाल्न नसक्ने चम्पाले उपन्यासमा लैङ्गिक विभेद र हिंसाको विरुद्ध आवाज उठाउने प्रयास गरेकी छ। लक्ष्मीप्रसाद देवकोटाले नायिका चम्पालाई घरबाट विद्रोह गरी निस्कन सक्ने नायिकाका रूपमा उभ्याएका छन् । उपन्यासको आरम्भमा देखिएकी सरल र अबोध किशोरी चम्पा बिहे भएर घर गएपछि श्रीमान् र परिवारको शोषणलाई बुझ्नेसँगै विस्तारै अस्तित्वबोधी पात्रका रूपमा विद्रोह गरी घरबाट निस्केकी छे । उपन्यास रचनाकालका दृष्टिले नेपाली नारीहरूमा विस्तारै अस्तित्वबोध हुन थालेको पक्ष यस उपन्यासमा प्रतिबिम्बित रहेको छ । देवकोटाका आख्यान सिर्जनातर्फ लक्ष्मीकथा संग्रहका अधिकांश कथामा पनि सामाजिक यथार्थ र विद्रोहीचेतको चित्रण रहेको पाइन्छ ।

लक्ष्मीपसाद देवकोटाले *चम्पा* उपन्यासमा यथास्थितिवादी नारीपात्रहरूको प्रयोग गरेर पितृसत्तात्मक मूल्यद्वारा निर्देशित समाजमा नारीहरूले झेल्ने विभिन्न प्रकारका उत्पीडनहरूको प्रस्तुती गरेका छन् । यसैबिचमा प्रतिरोधी र नारीचेत भएकी नारी पात्र उभ्याएर उनले स्थापित विभेदकारी मूल्यमान्यता बिच नारीले भोगेको उत्पीडनको विरुद्ध प्रतिरोध प्रस्तुत गरेका छन् । नारी र पुरुष एक रथका दुई पाङ्ग्रा हुन्, दुवै मानवीय प्राणी हुन् । एकबिना अर्कोको अस्तित्व छैन तसर्थ पुरुषले नारीलाई आँफू सरह जिउने अधिकार दिनुपर्छ भन्ने उदार नारीवादी चेतना यस उपन्यासमा अभिव्यञ्जित भएको छ । समाजमा नारीहरू उत्पीडनबाट मुक्त हुनुपर्दछ र यसका लागि नारी स्वयम् नै अग्रसर हुनुपर्छ भन्ने आशय यस उपन्यासमा अभिव्यक्त भएको छ । देवकोटाले समाजमा नारीहरूको स्थितिमा सुधार गर्नुपर्ने आवश्यकता र उनीहरूको

अधिकारको संरक्षणको महत्त्वलाई जोड दिएका छन् । उपन्यासले तत्कालीन समाजको यथार्थलाई उजागर गर्दै सुधारको आह्वान् गरेको छ । कुनै पनि समाज सभ्य बन्नको लागि त्यहाँ बसोबास गर्ने नारी र पुरुषबिच स्वतन्त्रता, समानता अनि सहअस्तित्व हुनुपर्छ भन्ने कुरा प्रस्तुत गर्दै यसका लागि नारीहरूले पितृसत्तात्मक परम्परावादी सोच, पुरातन मूल्य-मान्यता र व्यवहारहरूप्रति प्रतिरोध गर्नुपर्दछ भन्ने विचार देवकोटाले प्रस्तुत गरेको कुरा उनले यस उपन्यासमा उभ्याएकी प्रतिरोधी चेत भएकी मुख्य नारी पात्र चम्पाबाट स्पष्ट भएको छ, यो नै *चम्पा* उपन्यासमा रहेको नारी चेतना हो ।

# सन्दर्भ सामग्रीसूची


अर्याल, अम्बिका. (२०७६), 'समकालीन नेपाली कथामा नारी चेतना', (सम्पा.ज्ञानु अधिकारी) नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ ।

एटम, नेत्र. (२०६८), 'देवकोटाका आख्यानमा प्रयुक्त अन्तर्वस्तु र शिल्प', *जे.एम.सी. रिसर्च जर्नल,* ६. (पृ. ७४–९२) ।

खनाल, राजेन्द्र. (२०७५), *नेपाली उपन्यासमा लैङ्गिकता,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

गुरुङ, सुशान्त. (२०६९), 'भूमण्डलीकरण र सांस्कृतिक अध्ययन', *भृकुटी* (भाग १७), (पृ. १०३-११२) ।

गौतम, कृष्ण. (२०५०), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* दोस्रो संस्क.ललितपुर : साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर. (२०८१), *सांस्कृतिक अध्ययन,* काठमाडौँ : इन्डिको इन्क प्रा.लि. ।

चैतन्य, (२०७०), 'समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन', *भृकुटी* पूर्णाङ्क १९/३ (पृ. १४२-१६५) ।

ढकाल, डिल्लीराम. (२०६८), *चम्पा उपन्यासको शैली वैज्ञानिक अध्ययन,* स्नातकोत्तर क्याम्पस, विराटनगरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ढकाल, रजनी. (२०७७), 'चरणगत विकासमा नारीवादी चिन्तन', *भृकुटी समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह,* (पृ.३३४-३४२) ।

ढकाल, रजनी. (सन् २०२३), 'लक्ष्मीप्रसाद देवकोटाका आख्यानमा मनोविश्लेषण', *ए.एम.सी, जर्नल,* (पृ. १-१७)

ढकाल, रजनी. (२०८१), *लैङ्गिकता र नेपाली साहित्य,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

त्रिपाठी, सुधा. (२०६५), 'मार्क्सवादी नारीवाद पुरुषवादको जरा काट्ने हतियार हो', *प्रलेस पर्वत*-वर्ष १, कार्तिक), (पृ. १०-१३)।

त्रिपाठी, सुधा. (२०६८), *नेपाली उपन्यासमा नारीवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा. (२०६८), *पाश्चात्य नारीवाद र त्यसको स्वरूप,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

त्रिपाठी, सुधा. (२०६९), *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०७४), *चम्पा,* काठमाडौँ : मञ्जरी पब्लिकेशन ।

नेपाल, कृति (सन् २०२१ जुन १७), 'चम्पा उपन्यासको पुस्तक समीक्षा', *डियरवाक. इडियू. एन.पी*।

पन्त प्रतीक्षा, साधना. (२०७५), *नारीवादी सैद्धान्तिक मान्यता र नाट्य-समालोचना,* पर्वत साहित्य सङ्गम, पर्वत ।

पाण्डे, ज्ञानू. (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानू. (२०७६), *प्रज्ञा समकालीन नेपाली कथाविमर्श,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त. (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र. (२०६६), 'देवकोटाको चम्पा उपन्यासः कृतिपरक अध्ययन', *भृकुटी* ५.(पृ. २४३-२५४) ।

पौड्याल, षडानन्द.(२०७७), *नेपाली आख्यानमा शरीर राजनीति,* काठमाडौँ : प्रज्ञा-प्रतिष्ठान कमलादी ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (तेस्रो संस्क.) ललितपुर : साझा प्रकाशन ।

बुभा, सिमोन द (२०५९), अनु, रमेश सुनुवार, *दोस्रो दर्जा,* काठमाडौँ : प्रगति प्रकाशन ।

भट्टराई, रमेशप्रसाद. (२०७७), *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडिपुराण प्रकाशन ।

भद्रा, चन्द्रा. (२०७०), *लैङ्गिक अध्ययन.* सम्पा. दोस्रो संस्क.काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

शर्मा, बिन्दु. (२०७५), *नेपाली समालोचनाका नवीन आयाम,* काठमाडौँ : तन्नेरी प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०७६), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, कृष्णप्रसाद (२०५९), *अनुवादकको तर्फबाट परिचयात्मक टिप्पणी, अतीत वर्तमान र भविष्यमा नेपाली महिला,* काठमाडौं : पैरवी प्रकाशन ।

सुवेदी, अभि. (२०६८), *सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र. (२०६८), *नेपाली समालोचना : परम्परा र प्रवृति,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।